नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

प.सं. २०७८/०७९ (योजना तथा अनुगमन) चलानी नं. ९४०

मितिः२०७८/०९/२५

बिषयः योजना तर्जुमा दिग्दर्शन पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तह, सबै

प्रस्तुत बिषयमा राष्ट्रिय योजना आयोगबाट स्वीकृत *"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८"* आवश्यक जानकारी एवम् कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रबिधि शाखा, मन्त्रालयको website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

# स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन



# स्थानीय तहको
# योजना तर्जुमा दिग्दर्शन


नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन

२०७८

प्रतिलिपि अधिकार © राष्ट्रिय योजना आयोग

प्रकाशक:
नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं, नेपाल
टेलिफोन नं: +९९७-१-४२११००४, ४२१११३२
www.npc.gov.np

डा. विश्वनाथ पौडेल
उपाध्यक्ष

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

# भूमिका

नेपालको संविधानले आत्मसात गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को सोचलाई साकार पार्न, पन्ध्रौँ योजनाले लिएको लक्ष्य प्राप्त गर्न र सार्वजनिक वित्त व्यवस्थापन प्रभावकारी बनाउनका लागि तीनै तहका सरकारले आवधिक योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु जरुरी छ। प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले आम्दानीका श्रोतहरूको महत्तम उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने, प्रभावकारी खर्च गर्न सक्ने क्षमता बढोत्तरी गर्ने र वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्ने जस्ता काममा सहयोग पुऱ्याउँदछ। संविधानले व्यवस्था गरेको सरकारका तीनै तहको एकल तथा साझा अधिकार सूचीहरूको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उद्देश्यहरू पूरा हुन सक्दछन्। यसका लागि संघ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्य हुनु आवश्यक छ।

वित्तीय व्यवस्थापनको प्रमुख औजारको रुपमा आएको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले तीनै तहको सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन वर्षको बजेटको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न अनिवार्य गरेको छ। साथै, विगतमा राष्ट्रियस्तरमा मात्र तर्जुमा हुने गरेको आवधिक योजना र मध्यमकालीन खर्च संरचना, प्रदेश तथा स्थानीय तहमा पनि अनिवार्य तयार गर्नुपर्ने भएको छ, जुन व्यवस्था प्रदेश र स्थानीय तहको लागि एउटा नयाँ अभ्यास पनि हो। आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा वार्षिक कार्यक्रमले राष्ट्रिय, प्रादेशिक तथा स्थानीय प्राथमिकता, श्रोत साधनको उपलब्धता र तिनको महत्तम परिचालन तथा रणनीतिक हस्तक्षेपका लागि सरकारलाई मार्गनिर्देश गर्दछन्। हामीले प्रतिवद्धता व्यक्त गरेअनुरूप सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गरिसक्नु पर्नेछ। संघीय सरकारको एकल प्रयासले मात्र दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि तीनवटै तहका सरकार यस दिशामा क्रियाशील हुनु जरुरी छ। यसमा पनि स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएको र सेवा प्रवाह तथा स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका र अभिभारा रहेको छ। यसका साथै दिगो विकास लक्ष्य प्राप्तिका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सबै सरोकारवालाहरू बीचमा अर्थपूर्ण सहकार्य, समन्वय र साझेदारी हुनु जरुरी छ। स्थानीय तहको दिगो विकासमैत्री महत्वपूर्ण दस्तावेजहरू तर्जुमा गर्न यो **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८"** को प्रकाशनले सहयोग पुग्ने विश्वास मैले लिएको छु।

योजनाबद्ध विकासको झण्डै ६ दशक बढीको लामो अभ्यासका क्रममा राष्ट्रिय योजना आयोगले **"नेपालको दीर्घकालीन सोच, २१००"** को आधारमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) तर्जुमा

गरेको छ। यो दिग्दर्शन स्थानीय तहमा तर्जुमा हुने आवधिक विकास योजनालाई पनि दीर्घकालीन सोच सहितको आधार तथा बृहत् खाका प्रदान गर्ने दस्तावेजका रूपमा रहेको छ। तसर्थ, राष्ट्रिय, प्रादेशिक र स्थानीय तहका योजनाहरूबीच सामञ्जस्य कायम गर्न र दिगो विकास लक्ष्यलाई स्थानीय तहमा बन्ने योजनाहरूमा आन्तरिकीकरण गर्न समेत यो दिग्दर्शन महत्वपूर्ण दस्तावेज बन्नेछ भन्ने विश्वास मैले लिएको छु। यसले आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम र स्थानीय तहको पार्श्वचित्र तयारीमा पनि सम्बन्धित स्थानीय तहलाई मार्गदर्शन प्रदान गर्नेछ। यस दिग्दर्शनमा प्रस्ताव गरिएका विषयवस्तु र ढाँचाहरूले सबै स्थानीय तहका दस्तावेजमा एकरूपता ल्याई तुलनायोग्य बनाउन महत्वपूर्ण योगदान दिनेछन् भन्ने अपेक्षा मैले लिएको छु।

अन्त्यमा, यो दिग्दर्शन परिमार्जन प्रक्रियामा संलग्न हुनुहुने नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग तथा दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनामा संलग्न सबै पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छु।



**डा. विश्वनाथ पौडेल**
उपाध्यक्ष

उमा शंकर प्रसाद, पिएच.डी.
सदस्य

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

## मन्तव्य

राष्ट्रिय योजना आयोगले **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८"** पुस्तिका परिमार्जित रूपमा प्रकाशन गरेकोमा मलाई खुशी लागेको छ। एक्काईसौं शताब्दीमा पनि विश्वका धेरैजसो मुलुकहरूमा कायमै रहेको गरिबी, अभाव र आर्थिक-सामाजिक विषमता जस्ता समस्याहरू मानव सभ्यताका लागि चुनौतीपूर्ण बनेका छन्। त्यसमा पनि हाम्रो जस्तो अति कम विकसित मुलुकहरूमा विद्यमान यी समस्याहरू समाधान गर्दै सुशासन र विकासको माध्यमद्वारा सामाजिक न्याय र समानतामा आधारित सुख समृद्धि हासिल गर्नु तथा पर्यावरणीय सुरक्षा र नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन हुने सुनिश्चितता गर्नु आजको प्रमुख आवश्यकता हो।

यस सन्दर्भमा वि. सं. २१०० सालसम्ममा उच्च आय भएको मुलुकमा पुऱ्याउने हाम्रो दीर्घकालीन लक्ष्य हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजना कार्यान्वयनको चरणमा रहेको छ। यस योजनामा समृद्धि र सुखका लक्ष्य र गन्तव्य निर्धारण गरी गरिबी निवारण, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता लगायतका सामाजिक, भौतिक पूर्वाधार तथा ऊर्जा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्ने लक्ष्य समेत लिइएको छ। साथै मुलुकबाट निरपेक्ष गरिबी अन्त्य गर्ने दीर्घकालीन सङ्कल्पसहित पन्ध्रौं योजना अवधि भित्रै गरिबीको रेखामुनी रहेको जनसंख्याको हिस्सालाई एकल अङ्क (single digit) भित्र सीमित गर्ने लक्ष्य पनि राखिएको छ।

माथि उल्लिखित राष्ट्रिय लक्ष्यका अतिरिक्त वि. सं. २०८७ सालसम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार तयार गर्ने लक्ष्य पूरा गर्न स्थानीय, प्रदेश र संघीय सरकारले समन्वयात्मक र प्रमुख भूमिका निर्वाह गर्नुपर्दछ। यसका लागि प्रदेश र स्थानीय तहले आ-आफ्नो आवधिक र वार्षिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। प्रदेश र स्थानीय तहमा बन्ने हरेक योजनाहरूमा दिगो विकास लक्ष्यहरू प्राप्त गर्न योगदान पुग्ने गरी आन्तरिकीकरण गर्नुपर्दछ। यसो गरे मात्र नेपालले तय गरेका राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सकिन्छ भन्ने मलाई लाग्दछ। यो दिग्दर्शनमा उल्लेख गरिएका विषयवस्तुले यसतर्फ दिशानिर्देश गर्नेछ भन्ने मलाई लागेको छ।

नेपालको संविधानले संघीय शासन व्यवस्थालाई आत्मसात गर्दै स्थानीय सरकारलाई विकास र समृद्धिको प्रमुख बाहकको भूमिका प्रदान गरेको सन्दर्भमा यस दिग्दर्शनले नेपालमा रहेका सम्पूर्ण स्थानीय तहका सरकारलाई योजना तर्जुमा गर्दा एकरूपता कायम गर्न सहयोग पुऱ्याउने छ। राष्ट्रिय योजना आयोगको अगुवाइमा बनेको यो दिग्दर्शनले स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिवेदन तयार गर्ने लगायतका सवालमा महत्वपूर्ण योगदान पुऱ्याउने छ। अन्तमा, यस दिग्दर्शनको माध्यमबाट संघीय तथा प्रादेशिक योजना तर्जुमा गर्न समेत योगदान पुग्ने छ भन्ने विश्वास मैले लिएको छु।

**डा. उमा शंकर प्रसाद**
सदस्य

केवल प्रसाद भण्डारी
सचिव

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

## मन्तव्य

नेपालको संविधानले तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकार सूचीको व्यवस्था गरी सहकारिता, समन्वय र सहअस्तित्वमा आधारित संघीय शासन व्यवस्था अवलम्बन गरेको छ। त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ। सरकारले सामाजिक संरक्षणका माध्यमबाट सामाजिक एवम् आर्थिक रूपले पछाडि परेका समुदाय र क्षेत्रलाई समग्र विकास प्रयासमा सहभागी गराउँदै विकासको प्रतिफलको समन्यायिक वितरण गर्दै जाने नीति लिएको छ। यसका लागि सुशासन कायम गर्दै तीव्र आर्थिक वृद्धि, उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने र आय असमानताको न्यूनीकरण गरी नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउनु आवश्यक छ।

पन्ध्रौँ योजना तर्जुमा गर्दा पनि संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्वान्त र नीतिलगायतका अन्य व्यवस्था, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय परिदृश्य तथा सरकारका प्रतिवद्वतालाई ध्यान दिइएको छ। यस अनुरूप नेपालले वि.सं. २०८७ साल भित्र दिगो विकासका लक्ष्य हासिल गर्ने र उच्च मध्यम आयस्तर भएको मुलुकमा नेपाललाई स्तरोन्नति गर्ने लक्ष्य समेत लिइएको छ। साथै समृद्ध नेपाल, सुखी नेपाली को साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न आगामी २५ वर्षको लागि दीर्घकालीन सोच, २१०० को प्रारूप सहितको परिदृश्य तयार गरिएको छ। वि.सं. २१०० सालमा प्रतिव्यक्ति राष्ट्रिय आय न्यूनतम १२ हजार १०० अमेरिकी डलर पुर्‍याउने लक्ष्य हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौँ योजनालाई लिइएको छ।

तसर्थ, माथि उल्लिखित लक्ष्य हासिल गर्न तीनै तहका सरकारले आफ्ना आवधिक योजना तर्जुमा गरी त्यसलाई प्रभावकारी तवरले कार्यान्वयन गर्नुका साथै तीनै तहको एकल तथा साझा अधिकार अनुरूप संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रमबीच सामञ्जस्य हुनु आवश्यक छ।

आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा वार्षिक कार्यक्रमले राष्ट्रिय, प्रदेश तथा स्थानीय तहको प्राथमिकता, श्रोत साधनको उपलब्धता र तिनको महत्तम परिचालन तथा रणनीतिक हस्तक्षेपका लागि सरकारलाई मार्गनिर्देशनको काम गर्दछ। तसर्थ, चालु पन्ध्रौँ योजनासँग तादात्म्य कायम गर्दै राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहका योजनाहरूबीच समन्वय कायम गरी स्थानीय योजना तर्जुमा गर्न मार्गनिर्देश गर्ने कुरामा यो दिग्दर्शनले महत्वपूर्ण दस्तावेजका रूपमा काम गर्नेछ भन्ने मेरो विश्वास छ। सरकारको एकल प्रयासले मात्रै दिगो विकास लक्ष्य प्राप्त गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैर सरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदारलगायत विकासका सबै सरोकारवालाहरू बीच बृहत् साझेदारी हुनु जरुरी छ। यी विषयलाई हृदयङ्गम गरी दिगो विकास लक्ष्यलाई स्थानीय

तहमा बन्ने योजनाहरूमा आन्तरिकीकरण गर्न यो **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८"** को प्रकाशनले महत्वपूर्ण सहयोग पुग्ने विश्वास छ।

अन्त्यमा, यो महत्वपूर्ण दिग्दर्शन तयारीको प्रक्रियामा योगदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, सरकारका अन्य विभिन्न मन्त्रालयहरू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, राष्ट्रिय योजना आयोग तथा दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनामा संलग्न सबै पदाधिकारीहरूलाई आयोगको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**केवल प्रसाद भण्डारी**
सचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-
चलानी नं :-

## मन्तव्य

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने सोच नेपालको संविधानले लिएको छ। संविधानले परिकल्पना गरे अनुरूप तीनै तहका सरकारबीचको आपसी समन्वय र सहकार्यबाट नै जनताले आकाङ्क्षा गरे बमोजिम समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ। यसका लागि राज्यका तीनै तहले नेपालको संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्र भित्र रही समन्वयात्मक रूपमा योजना तर्जुमा र कार्यान्वयन गर्ने परिपाटी आवश्यक हुन्छ। यसो हुन सकेमा मात्र राज्यले निर्दिष्ट गरेको समयावधिभित्रै दिगो विकास लक्ष्य हासिल गर्ने, नेपाललाई विकासशील देशमा स्तरोन्नति गर्दै मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउने र **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय सोच पूरा गर्न सम्भव छ।

नेपालमा सहभागितामूलक योजना तर्जुमा गर्ने अभ्यास लामो समयदेखि हुँदै आएको भए तापनि मुलुक सङ्घीय शासन प्रणालीमा रूपान्तरण भएसँगै सरकारसम्म सर्वसाधारण नागरिकको पहुँचमा थप सहजता आएको छ। यसबाट एकातिर शासन प्रणालीमा जनताको प्रत्यक्ष तथा सक्रिय सहभागितामा बढोत्तरी भएको छ भने अर्कोतर्फ सीमित स्रोत साधनबाट चुलिंदो जनअपेक्षा पूरा गर्नुपर्ने चुनौती पनि थपिएको छ। जनताको सबैभन्दा नजिकको सरकार भएको नाताले स्थानीय तहको लागि यस्तो चुनौती अझै बढ्न गएको छ। यस्तो चुनौतीको सामना गर्दै उपलब्ध स्रोत साधनको महत्तम उपयोगका लागि स्थानीय तहको योजना पद्धतिलाई अझबढी सहभागितामूलक, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक छ।

योजना तर्जुमाका आधारभूत मान्यता तथा समयक्रममा विकास भएका यससम्बन्धी नवीन तथा प्रयोगसिद्ध औजारलाई स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकृयामा अवलम्बन गर्न सघाउ पुऱ्याउने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगतदेखिनै आवश्यक सहजीकरण गर्दै आएको छ। साथै राष्ट्रिय योजना आयोगले स्थानीय तहको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम र आयोजना बैङ्क तर्जुमासँग सम्वन्धित विषय समावेश गरी "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५" जारी गरेको थियो। यसै सन्दर्भमा सङ्घीय शासन व्यवस्थाको छोटो समयको अभ्यासबाट स्थानीय तहको योजना पद्धतिमा देखिएका व्यवहारिक कठिनाइ र हासिल भएका सिकाइका आधारमा उक्त दिग्दर्शनलाई समय सापेक्ष रूपमा परिमार्जन गर्न आवश्यक देखिएकोले राष्ट्रिय योजना आयोगको नेतृत्वमा **"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८"** तयार गरिएको छ। प्रस्तुत दिग्दर्शनमा स्थानीय तहको आवधिक योजनालाई स्थानगत विशेषतामा आधारित गर्ने प्रयास गरिएको छ भने मध्यमकालीन खर्च संरचनालाई स्थानीय तहको लागि व्यवहारिक हुनेगरी परिमार्जित गरिएको छ।

यस दिग्दर्शनको कार्यान्वयनबाट स्थानीय तहको योजना प्रणाली वस्तुगत तथा वैज्ञानिक हुनुका अतिरिक्त तीन वटै तहका योजनाहरु बीचको अन्तरसम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने छ। यसका साथै दिग्दर्शनले स्थानीय तहबाट तर्जुमा हुने योजनाहरुमा स्तर, विधि, प्रकृया र ढाँचागत एकरूपता कायम गर्न एवम् लगानीलाई प्रतिफलयुक्त बनाउन थप सहयोग पुऱ्याउने अपेक्षा गरेको छु।

अन्त्यमा, प्रस्तुत दिग्दर्शन तयारी कार्यमा संलग्न रहनुहुने विषयविज्ञ, पदाधिकारी र कर्मचारी एवम् सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन्छु।

धन्यवाद।



**एकनारायण अर्याल**
सचिव

# कृतज्ञता ज्ञापन

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवादउन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ। संविधान कार्यान्वयनको क्रममा संघ, प्रदेश र स्थानीय तह क्रियाशील भई आर्थिक, भौतिक तथा सामाजिक विकासतर्फ अगाडि बढेका छन्। यस दिग्दर्शनमा स्थानीय तहको योजना तर्जुमासम्बन्धी संवैधानिक, कानूनी र नीतिगत व्यवस्थालाई एकै ठाउँमा ल्याउने प्रयास गरिएको छ। साथै स्थानीय तहमा आवधिक योजना, मध्यमकालीन खर्च संरचना, बजेट तथा वार्षिक कार्यक्रम र आयोजना बैङ्क तयार गर्ने प्रक्रिया तथा ढाँचा सरल ढङ्गले प्रस्तुत गरिएको छ। यसका अतिरिक्त उल्लिखित योजनाहरू तर्जुमा गर्दा दिगो विकासका परिमाणात्मक लक्ष्य प्राप्त गर्ने गरी सो अनुरूप तर्जुमा गर्न दिशानिर्देश समेत गरिएको छ।

यस दिग्दर्शनलाई यो रूपमा ल्याउन राष्ट्रिय योजना आयोगका पदाधिकारी तथा कर्मचारीहरूको महत्वपूर्ण योगदान रहेको छ। राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेल, माननीय सदस्यहरू डा. दिलबहादुर गुरुङ्ग, डा. राम कुमार फुयाल, डा. उमा शंकर प्रसाद, प्रा. डा. सुरेन्द्र लाभ कर्ण, डा. पुष्परमण वाग्ले, सलोनी प्रधान सिंह र आयोगका सदस्य सचिव केवल प्रसाद भण्डारीबाट महत्वपूर्ण सुझाव र निर्देशन प्राप्त भएका छन्। साथै राष्ट्रिय योजना आयोगका निवर्तमान माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेल र आयोगका पूर्व माननीय सदस्य मीन बहादुर शाहीको पनि उल्लेख्य भूमिका रहेको छ।

राष्ट्रिय योजना आयोगले वि. सं. २०७५ मा तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ (नमूना) को समग्र अध्ययन गरी परिमार्जित यो दस्तावेज यस रूपमा तयार गर्न राष्ट्रिय योजना आयोगका सहसचिव डा. किरण रूपाखेतीको नेतृत्वदायी भूमिका रहेको छ। त्यसैगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव एकनारायण अर्याल, सह सचिवद्वय विष्णुदत्त गौतम र डा. गोपी खनालको महत्वपूर्ण योगदान रहेको छ। यस्तै राष्ट्रिय योजना आयोगका सहसचिवहरू खोमराज कोइराला, बिजुकुमार श्रेष्ठ, डा. बासुदेव शर्मा, सुशील ढकाल र बैकुण्ठनिधि शर्माको महत्वपूर्ण पृष्ठपोषण रहेको छ भने आयोगका कार्यक्रम निर्देशकहरू डा. नारायणराज पौडेल, डा. चक्रपाणि आचार्य, लक्ष्मी घिमिरे, यदुनाथ आचार्य, डा. दिवाकर लुइटेल, शिवरञ्जन पौड्याल र योजना अधिकृत सुरज घिमिरेको पनि महत्वपूर्ण योगदान रहेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिवद्वय महेन्द्र सापकोटा र डिलाराम पन्थी; शाखा अधिकृत गोविन्द के.सी.र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका उपसचिव लक्ष्मी प्रसाद रेग्मीको योगदानको पनि राष्ट्रिय योजना आयोग प्रशंसा गर्न चाहन्छ। दिग्दर्शन तयार गर्ने सन्दर्भमा सहयोग गर्नुहुने राष्ट्रिय योजना आयोग तथा अन्य मन्त्रालयका पदाधिकारीहरूलाई पनि आयोग धन्यवाद दिन चाहन्छ। दिग्दर्शनलाई यो रूपमा ल्याउन परामर्शदाताको भूमिका निर्वाह गर्नुहुने प्रेम दवाडी पनि धन्यवादका पात्र हुनुहुन्छ।

दिग्दर्शनलाई यस रूपमा ल्याउन प्राविधिक सल्लाह प्रदान गर्नु हुने दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक पुष्पलाल शाक्य र समग्र दिग्दर्शन परिमार्जनको सहजीकरण, समन्वय र पृष्ठपोषणको लागि परियोजनाका नीति विशेषज्ञ केशवदत्त दवाडीको महत्वपूर्ण योगदानको लागि आयोग हार्दिक धन्यवाद दिन चाहन्छ। परियोजनाका नीति विशेषज्ञहरू पदम भुसाल र डा. मेनुका कार्की पनि धन्यवादका पात्र हुनुहुन्छ।

अन्तमा, यो दिग्दर्शन परिमार्जन गरी यस रूपमा ल्याउन दिगो विकास लक्ष्य कार्यान्वयन सहजीकरण परियोजनामार्फत आर्थिक सहयोग उपलब्ध गराउने नेपालस्थित युरोपियन युनियन र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलाई पनि आयोग हार्दिक धन्यवाद दिन चाहन्छ।

**राष्ट्रिय योजना आयोग**
आश्विन, २०७८

# विषय–सूची


भूमिका ........ ग
मन्तव्य ........ ङ
मन्तव्य ........ छ
मन्तव्य ........ झ
कृतज्ञता ज्ञापन ........ ट
सङ्क्षिप्त रूप सूची ........ द

**परिच्छेद एक : परिचय ........ १-१६**
१.१ पृष्ठभूमि ........ १
१.२ उद्देश्य ........ १
१.३ योजनाको अवधारणा ........ २
१.४ योजनाको आवश्यकता र औचित्य ........ ४
१.५ योजनाको प्रकार ........ ५
१.६ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक, नीतिगत र कानूनी व्यवस्था ........ ७
१.६.१ नेपालको संविधान ........ ७
१.६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ ८
१.६.३ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ........ ८
१.६.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ........ ८
१.६.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ ........ ८
१.६.६ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७ ........ ९
१.६.७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ........ ९
१.६.८ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति ........ १०
१.६.९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ........ १०
१.६.१० प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ ........ १०
१.७ योजना तर्जुमा गर्दा लिनुपर्ने आधार ........ ११
१.७.१ दीर्घकालीन सोच, पन्ध्रौं योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति ........ ११
१.७.२ राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच ........ १२
१.७.३ दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (Roadmap) : २०१६-२०३० ........ १२
१.७.४ राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू ........ १२
१.७.५ राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन ........ १२

१.७.६ समपूरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धी कार्यविधि ....................१३
१.७.७ प्रादेशिक योजना ....................................................................१३
१.७.८ स्थानीय तहको प्रमुख समस्या र सम्भावना ..........................................१३
१.७.९ स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र.....................१३
१.८ स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध ............................१४
१.९ दिगो विकास लक्ष्य र विकास योजनाबीचको तादात्म्यता......................................१५

**परिच्छेद दुई : स्थानीय आवधिक योजना ........................................................ १७–४४**

२.१ पृष्ठभूमि..................................................................................१७
२.२ आवधिक योजनाको उद्देश्य ......................................................................१७
२.३ आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय .............................................१८
२.४ संस्थागत संयन्त्र .........................................................................१८
२.४.१ आवधिक योजना तर्जुमा निर्देशक समिति..............................................१९
२.४.२ विषय क्षेत्रगत समिति.....................................................................१९
२.४.३ संयोजन तथा सहजीकरण समिति ....................................................२०
२.५ आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी........................................ २१
२.६ आवधिक योजना तर्जुमा प्रक्रिया............................................................ २२
२.६.१ अभिमुखीकरण तथा तयारी कार्यशाला................................................. २२
२.६.२ विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा................................ २२
२.६.३ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी एवम् अद्यावधीकरण........... २२
२.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण............................२४
२.६.५ परिमाणात्मक लक्ष्य निर्धारण ..........................................................२८
२.६.६ संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट .............................. ३०
२.६.७ मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण ...................................३३
२.६.८ विषय क्षेत्रगत योजना तर्जुमा..............................................................३३
२.६.९ आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी .................................... ३७
२.६.१० मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदान ...................... ३८
२.६.११ योजना स्वीकृति तथा कार्यान्वयन ..................................................... ३९
२.६.१२ अनुगमन तथा मूल्याङ्कन................................................................ ३९
२.७ स्थानीय आवधिक योजना तर्जुमा संलग्न विषय विज्ञ समूहको विवरण..................... ४३
२.८ विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना...................................................... ४४

**परिच्छेद ३ : मध्यमकालीन खर्च संरचना ........................................................ ४५-५६**

३.१ पृष्ठभूमि...................................................................................४५
३.२ अवधारणा र उद्देश्य ..........................................................................४५
३.२.१ अवधारणा ..................................................................................४५
३.२.२ उद्देश्य......................................................................................४६

३.२.३ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्बन्ध ..................... ४६
३.३ कानूनी तथा संस्थागत व्यवस्था ..................... ४७
३.३.१ कानूनी व्यवस्था ..................... ४७
३.३.२ संस्थागत व्यवस्था ..................... ४८
३.४ कार्यतालिका तथा जिम्मेवारी निर्धारण ..................... ४९
३.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ..................... ५०
३.५.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा ..................... ५०
३.५.२ त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन ..................... ५१
३.५.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट ..................... ५१
३.५.४ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण ..................... ५१
३.५.५ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी ..................... ५४
३.५.६ विषयगत योजना तर्जुमा समितिहरूमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल ..................... ५५
३.५.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी ..................... ५६
३.५.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति ..................... ५६

**परिच्छेद ४ : वार्षिक बजेट तथा कार्यक्रम ..................... ५७–८२**
४.१ पृष्ठभूमि ..................... ५७
४.२ आवश्यकता तथा औचित्य ..................... ५७
४.३ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको उद्देश्य ..................... ५८
४.४ नीतिगत तथा कानूनी व्यवस्था ..................... ५८
४.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय ..................... ५९
४.६ संस्थागत व्यवस्था ..................... ५९
४.६.१ स्थानीय राजस्व परामर्श समिति ..................... ५९
४.६.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति ..................... ६०
४.६.३ वडा समिति ..................... ६१
४.६.४ विषयगत समिति ..................... ६२
४.६.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति ..................... ६३
४.७ स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण तथा कार्य ..................... ६३
४.८ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया ..................... ६५
चरण १ : बजेटको पूर्व तयारी ..................... ६५
चरण २ : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण ..................... ६८
चरण ३ : बस्ती तहमा योजना छनौट ..................... ७१
चरण ४ : वडास्तरमा प्राथमिकता निर्धारण तथा छनौट ..................... ७२
चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा ..................... ७३
चरण ६ : कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति ..................... ७५
चरण ७ : स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति ..................... ७६

४.९ वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा कार्यान्वयन प्रक्रिया........................ ७६
४.१० वार्षिक विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन........................................ ७७
४.११ प्रतिवेदन सम्बन्धी व्यवस्था तथा प्रणाली........................................................ ७९
४.१२ वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण...................८०

**परिच्छेद ५ : आयोजना बैङ्क ..................................................................८३-९१**

५.१ पृष्ठभूमि ........................................................................................ ८३
५.२ आवश्यकता र औचित्य.......................................................................... ८४
५.३ उद्देश्य ..........................................................................................८५
५.४ आयोजना बैङ्क तयारी प्रक्रिया ..................................................................८५

**क. नयाँ आयोजनाको हकमा.....................................................................८५**

५.४.१ आयोजनाको पहिचान गरी संक्षिप्त सूची तयार गर्ने .................................८५
५.४.२ पूर्व सम्भाव्यता वा डेस्क अध्ययन गर्ने................................................... ८६
५.४.३ आयोजना अवधारणा पत्र तयारी तथा स्वीकृत गर्ने .................................. ८६
५.४.४ सम्भाव्यता अध्ययन वा विस्तृत प्रतिवेदन तयार गरी स्वीकृत गर्ने.................८७
५.४.५ आयोजना प्रस्ताव तयार तथा स्वीकृत गर्ने .............................................८७
५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वयनको लागि स्वीकृत गर्ने........... ८८
५.४.७ आयोजना बैङ्कमा सूचीकृत आयोजनाको वर्गीकरण र श्रेणी विभाजन गर्ने ........८९
५.४.८ मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गर्ने ................................ ९१

**ख. चालु आयोजनाको हकमा ................................................................... ९१**

५.४.९ आयोजनाको विवरण सङ्कलन गर्ने........................................................ ९१
५.४.१० आयोजनाको पुनर्मूल्याङ्कन र पुन:प्राथमिकता निर्धारण गर्ने......................... ९१

**अनुसूची ९३-२१९**

अनुसूची - १: दिगो विकास लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू र नतिजा मापनका परिमाणात्मक सूचक........................................... ९३
अनुसूची - २: गाउँ/नगरपालिकाको वस्तुस्थिति विवरण (Profile) को विषयवस्तु तथा ढाँचा................................................................. १०६
अनुसूची - ३: आवधिक योजनामा प्रस्तुत गर्ने प्रमुख कार्यक्रम तथा आयोजनाको खाका ................................................................... ११४
अनुसूची - ४: स्थानीय आवधिक योजनामा समावेश गर्नुपर्ने आयोजना तथा कार्यक्रम सूचीको उदाहरण ......................................................................११६
अनुसूची - ५: नतिजा खाका (नमूना)................................................................ ११८
अनुसूची - ६: आवधिक योजना दस्तावेजको विषयवस्तु तथा ढाँचा ............................११९
अनुसूची - ७: मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तुलनात्मक कार्यतालिका ................................................१२५

अनुसूची - ८: आगामी तीन आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन नमूना खाका ..... १२६
अनुसूची - ९: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरणको ढाँचा ..... १३१
अनुसूची - १०: कार्यक्रम/आयोजना वा उपक्षेत्रको त्रीवर्षीय खर्च अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण र साङ्केतीकरण ..... १३२
अनुसूची - ११: कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण तथा साङ्केतीकरणको आधार तथा प्रक्रिया ..... १३३
अनुसूची- १२: विषय क्षेत्र/उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको ढाँचा ..... १४६
अनुसूची - १३: विषय क्षेत्रगत मध्यमकालीन नतिजाको सूचक र लक्ष्यको ढाँचा ..... १४७
अनुसूची - १४: स्थानीय समष्टिगत मध्यमकालीन आर्थिक खाका ..... १४८
अनुसूची - १५: समष्टिगत मध्यमकालीन नतिजा खाका ..... १४९
अनुसूची - १६: समष्टिगत मध्यमकालीन बजेट खाका ..... १५०
अनुसूची - १७: कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण तथा बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ..... १५२
अनुसूची - १८: मध्यमकालीन खर्च संरचना दस्तावेजको विषयवस्तु तथा ढाँचा ..... १५६
अनुसूची - १९: राजस्व परामर्श समितिको प्रतिवेदनको ढाँचा ..... १६०
अनुसूची - २०: आय व्ययको अनुमान तथा प्रक्षेपणको ढाँचा ..... १६१
अनुसूची - २१: स्थानीय सरकार नीति तथा कार्यक्रमको खाका (नमूना) ..... १७५
अनुसूची - २२: बजेट सीमा निर्धारणको ढाँचा ..... १७७
अनुसूची - २३: बस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम ..... १७९
अनुसूची - २४: वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम ..... १८०
अनुसूची - २५: गाउँ/नगरपालिका स्तरीय विषय क्षेत्रगत आयोजना तथा कार्यक्रम सूची तयारी ढाँचा ..... १८१
अनुसूची - २६: वार्षिक विकास कार्यक्रमको ढाँचा ..... १८२
अनुसूची - २७: आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा ..... १८३
अनुसूची - २८: वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाको ढाँचा ..... १९९
अनुसूची - २९: वार्षिक विकास कार्यक्रम स्वीकृति तथा कार्यान्वयन कार्ययोजनाको ढाँचा ... २०२
अनुसूची - ३०: खरिद योजनाको ढाँचा ..... २०५
अनुसूची - ३१: अनुगमन तथा मूल्याङ्कन योजनाको ढाँचा ..... २०८
अनुसूची - ३२: त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा ..... २१०
अनुसूची - ३३: नयाँ आयोजनाको अवधारणा पत्रको ढाँचा ..... २११
अनुसूची - ३४: आयोजना प्रस्ताव (Project Proposal) को ढाँचा ..... २१४
अनुसूची - ३५: चालु आयोजनाको विवरण सङ्कलन फाराम ..... २१५

**सन्दर्भ सामग्री ..... २२०-२२१**

# सङ्क्षिप्त रुप सूची

## (क) नेपाली

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| क्र.सं. | : | क्रमसंख्या |
| गा.पा./न.पा. | : | गाउँपालिका/नगरपालिका |
| अं/गै.स.स. | : | अन्तर्राष्ट्रिय/गैर-सरकारी संस्था |
| जि.स.स. | : | जिल्ला समन्वय समिति |
| दि.वि.ल. | : | दिगो विकास लक्ष्य |
| प्र.प्र.अ. | : | प्रमुख प्रशासकीय अधिकृत |
| मे.वा. | : | मेगावाट |
| मे.ट. | : | मेट्रिक टन |
| रु. | : | रूपैयाँ |
| व.कि.मि. | : | वर्ग कि.मि. |
| व.नं. | : | वडा नम्बर |
| स्था.वि.व्य.स. | : | स्थानीय विपद् व्यवस्थापन समिति |

## (ख) अंग्रेजी

| | | |
|---|---|---|
| BES | : | Brief Environmental Study |
| DPR | : | Detailed Project Report |
| EIA | : | Environmental Impact Assessment |
| IEE | : | Initial Environmental Examination |
| LGBTQIA | : | Lesbian, Gay, Bisexual, Transgender, Queer, Intersex, Asexual |
| PRA | : | Project Readiness Assessment |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |

परिच्छेद

१

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानूनबमोजिम गर्ने व्यवस्था गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थासमेत संविधानले गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले समेत स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने र आय-व्ययको प्रक्षेपण गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय तहले राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, आवधिक योजना र क्षेत्रगत प्राथमिकता अनुकूल स्थानीय दीर्घकालीन सोच तथा प्राथमिकताको आधारमा स्थानीय आवधिक योजना तर्जुमा गर्नुपर्दछ। आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न मध्यमकालीन खर्च संरचनाले प्राथमिकताका क्षेत्रमा स्रोत साधनको प्रभावकारी विनियोजन, परिचालन र वित्तीय अनुशासन कायम गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्दछ।

स्थानीय तहले तर्जुमा गर्ने योजनाहरू बीच अन्तरसम्बन्ध कायम गर्न, योजना तर्जुमा प्रक्रियामा एकरूपता कायम गर्न र स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्न नेपाल सरकारले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ जारी गरेको थियो। उल्लिखित दिग्दर्शन कार्यान्वयनको क्रममा प्राप्त भएका अनुभव तथा यस अवधिमा परिवर्तन भएका नीतिगत र कानूनी व्यवस्था समेतको आधारमा स्थानीय तहको योजना तर्जुमा प्रक्रियालाई थप व्यवस्थित र समसामयिक बनाउने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तयार गरी जारी गरिएको छ। यस दिग्दर्शनले स्थानीय तहको योजना तर्जुमाको ढाँचा तथा प्रक्रियामा स्तरीयता र एकरूपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.२ उद्देश्य

स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा स्तरीयता, एकरुपता र सहजता कायम गर्नु यस दिग्दर्शनको प्रमुख उद्देश्य रहेको छ। यसका निर्दिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :-

- योजनाको अवधारणा, योजना तर्जुमाका आधार र योजना तर्जुमा प्रक्रियाहरू स्पष्ट गर्नु;
- दिगो विकास लक्ष्य, राष्ट्रिय योजना, प्रदेश योजना र स्थानीय आवधिक योजना एवम् वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध र तादात्म्यता कायम गर्न सहयोग गर्नु;
- स्थानीय तहको आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि उपयुक्त विधि, प्रक्रिया र ढाँचा उपलब्ध गराउनु;
- स्थानीय तहको योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित र नतिजामूखी बनाउन सहयोग गर्नु;
- योजनाबद्ध र नतिजामा आधारित समावेशी स्थानीय विकासका लागि स्थानीय तहलाई मागदर्शन गर्नु।

## १.३ योजनाको अवधारणा

योजना तर्जुमा विकास नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने प्रक्रिया हो। योजना तर्जुमा प्रक्रियाको निष्कर्षको रूपमा तयार हुने विकासको मार्गचित्र योजना हो। योजना एक चक्रको रूपमा निरन्तर चलिरहने प्रक्रिया हो। यस अन्तर्गत आवश्यकताको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरीवेक्षण, समीक्षा, मूल्याङ्कन तथा सिकाइका चरणहरू रहेका हुन्छन्। योजना चक्रलाई देहायको चित्रबाट स्पष्ट गरिएको छ :

चित्र १ : योजनाको चक्र




भविष्यमा हासिल गर्ने लक्ष्य तथा उद्देश्य वा अपेक्षित नतिजालाई परिभाषित गरी त्यसका लागि लिइने रणनीति, नीति, कार्यक्रम, प्राथमिकता र श्रोत साधनको समष्टिगत स्वरूप नै योजना हो। योजनाले विगतका अनुभवबाट प्राप्त ज्ञान र सूचनाको उपयोग गरी भविष्यको स्थिति र परिवेशको आकलन गर्दै इच्छित परिवर्तनको मार्गचित्र तयार गर्दछ। व्यवहारिक र नजितामूलक योजना तयार गर्न सान्दर्भिक सूचना, सरोकारवालासँग परामर्श, वस्तुस्थितिको विश्लेषण, कार्यान्वयन योजना, अनुगमन तथा मूल्याङ्कन योजना र पुनरावलोकन जस्ता विषयहरू समेट्नु पर्दछ। सङ्क्षेपमा अहिले हामी कस्तो अवस्थामा छौं र भविष्यको निश्चित अवधि भित्र कस्तो अवस्था सिर्जना गर्न चाहन्छौ भन्ने योजनाले देखाउँछ। योजनाको अवधारणालाई तलको चित्रले थप स्पष्ट गर्दछ:

चित्र २ : योजनाको अवधारणा




विकासको समष्टिगत मार्गचित्र, कार्यक्रम तथा आयोजना एवम् परियोजना समेतलाई चलनचल्तीमा योजना भन्ने गरिन्छ तर योजनाको अर्थ भने व्यापक हुन्छ। योजना, कार्यक्रम, आयोजना र क्रियाकलाप एक आपसमा अन्तरसम्बन्धित तर भिन्न हुन्छन्। यस सम्बन्धी अन्तरसम्बन्ध तथा भिन्नता देहायअनुसार रहेको छ :

- **योजनाः** विकास प्रक्रियालाई मार्गदर्शन गर्ने सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम, आयोजना र क्रियाकलापको समष्टिगत स्वरूप;
- **कार्यक्रमः** कुनै योजना अन्तर्गतका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित आयोजना, कार्यपद्धति र सेवाहरूको एकीकृत समूह;
- **आयोजनाः** तोकिएको बजेट र समय सीमाभित्र तोकिए बमोजिमको उद्देश्य प्राप्त गर्न निर्दिष्ट गरिएको अन्तर सम्बन्धित र समन्वयात्मक कार्यहरूको समूह;
- **क्रियाकलापः** आयोजना वा कार्यक्रमको प्रतिफल प्राप्त गर्न निर्धारण गरिएका अन्तरसम्बन्धित र समन्वयात्मक छुट्टाछुट्टै कार्यहरू ।

योजना, कार्यक्रम, आयोजना र क्रियाकलापबीचको अन्तरसम्बन्धलाई निम्न चित्रबाट थप स्पष्ट गर्न सकिन्छः

चित्र ३ : योजना, कार्यक्रम, आयोजना र क्रियाकलाप बीचको भिन्नता र अन्तरसम्बन्ध




## १.४ योजनाको आवश्यकता र औचित्य

विकास योजनाले उपलब्ध श्रोत साधनलाई परिचालन गरी निश्चित अवधिभित्र निर्धारित लक्ष्य, उद्देश्य र प्रतिफल हासिल गर्ने मार्गचित्र प्रस्तुत गर्दछ। योजनाको आवश्यकतालाई देहायका बुँदाहरूबाट पुष्टि गर्न सकिन्छ:

- सीमित स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्न;
- सामाजिक तथा आर्थिक विकासमा तीव्रता ल्याउन;
- विगतको उपलब्धि र गति समीक्षा गर्दै आगामी दिनको नतिजा आकलन गर्न;
- नतिजामुखी विकास पद्धतिको अवलम्वन र प्रवर्द्धन गर्न;
- विकास प्रक्रियामा सरोकारवाला विशेष गरी जोखिममा रहेका वर्गको संलग्नता र जवाफदेही वृद्धि गर्न;
- समाजलाई विकास र समृद्धितर्फ अग्रसर गराउन;
- विपद् जोखिम संवेदनशीलता तथा उत्थानशीलतालाई विकास प्रक्रियाको मूलप्रवाहमा ल्याउन;
- नागरिकहरूको विश्वास अभिवृद्धि गर्न;
- स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन;
- लैङ्गिक उत्तरदायी बजेटको माध्यमबाट सामाजिक रुपान्तरण ल्याउन ।

## १.५ योजनाको प्रकार

योजनाको परिधि (Perimeter), विषयवस्तु तथा प्रवृत्तिको आधारमा योजना विभिन्न प्रकारका हुन्छन्। भौगोलिक (Geographical) र स्थानगत (Spatial) दृष्टिले तर्जुमा गरिने योजनाहरू देहायअनुसार रहेका छन् :

### क. राष्ट्रिय आवधिक योजना (National Periodic Plan)

नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी देशको समग्र आर्थिक सामाजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्नुपर्दछ। राष्ट्रियस्तरका आर्थिक र सामाजिक नीति, ठूला आयोजना, राष्ट्रिय आयोजना, अन्तर प्रदेश जोड्ने आयोजना इत्यादि विषय समेटेर नेपाल सरकारले राष्ट्रिय आवधिक योजना तर्जुमा गर्दछ। यस योजनालाई आधार मानेर प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो आवधिक योजना तयार गर्नुपर्दछ। नेपालमा वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकास शुरु गरिएको हो। त्यसपछि तर्जुमा भएका पहिलोदेखि हालको पन्ध्रौं योजनासम्मका सबै राष्ट्रिय आवधिक योजना हुन्।

### ख. प्रादेशिक आवधिक योजना (Provincial Periodic Plan)

नेपालको संविधान बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आ-आफ्नो प्रदेशको आर्थिक एवम् सामाजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्नुपर्दछ। खासगरी प्रदेश स्तरका आर्थिक-सामाजिक नीति, प्रदेशस्तरीय आयोजना, आफ्नो प्रदेशभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहलाई समेट्ने विकास आयोजना इत्यादि विषय समेटेर प्रदेश सरकारले प्रादेशिक आवधिक योजना तर्जुमा गर्दछ। यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारको राष्ट्रिय योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ। संघीय शासन प्रणाली स्थापना पश्चात् सात वटै प्रदेशका सरकारले पहिलो प्रादेशिक योजना तर्जुमा गरी हाल कार्यान्वयन गरिरहेका छन्।

### ग. स्थानीय तहको आवधिक योजना (Local Level Periodic Plan)

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विषय र क्षेत्र समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकास गर्न आवधिक योजना तर्जुमा गर्नुपर्दछ। स्थानीय तहको विशिष्टता, सम्भावना, अवसर र आवश्यकता पहिचान गरी दीर्घकालीन सोचसहित आर्थिक सामाजिक विकास र वातावरणीय सन्तुलन कायम गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गनुपर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहका आवधिक योजनाहरू एक आपसमा अन्तरसम्बन्धित हुन्छन्। त्यसकारण स्थानीय तहले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारको आवधिक योजनासँग पनि तादात्म्यता कायम गर्नुपर्दछ।

तहगत सरकारहरूले तर्जुमा गर्ने आवधिक योजनाबीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ :

चित्र ४ : सङ्घ प्रदेश र स्थानीय तहको आवधिक योजना बीचको अन्तरसम्बन्ध




त्यस्तै, समय अवधिका दृष्टिकोणले विकास योजना मुख्यतः तीन प्रकारका हुन्छन् । ती योजनाहरू देहायबमोजिम रहेका छन्:

### क. दीर्घकालीन योजना/सोच (Long Term Plan/Vision)

स्थानीय तहको दीर्घकालीन उद्देश्य प्राप्त गर्नको लागि दीर्घकालीन सोच सहित दीर्घकालीन योजना तयार गर्ने गरिन्छ। यस्तो योजनाको अवधि सामान्यतः १५ देखि २५ वर्षसम्मको हुन्छ। अर्थात् आगामी १५ वा २५ वर्षभित्र योजना कार्यान्वयन गरेपछि विकासको अवस्था कस्तो हुने, जनताको आयस्तर, जीवनस्तर र उनीहरूले प्राप्त गर्ने सेवा सुविधाको अवस्था के कस्तो हुने, ती पक्षहरूको आकलन गरिन्छ। सो अनुसार लक्ष्य निर्धारण गरी आवश्यक स्रोत साधनको व्यवस्था सहित यस्तो योजना तर्जुमा गरिन्छ। नेपाल सरकारले दीर्घकालीन योजनाको रूपमा दीर्घकालीन सोच २१०० तर्जुमा गरी पन्ध्रौं राष्ट्रिय योजनासँगै कार्यान्वयन गरिरहेको छ। योजनामा दीर्घकालीन सोच, राष्ट्रिय लक्ष्य, रणनीति, प्रमुख सम्वाहक, सहयोगी क्षेत्र, दीर्घकालीन सोचको परिदृश्य तथा परिमाणात्मक लक्ष्य र विषयगत सोच जस्ता विषयवस्तुहरू समावेश गरिएका छन्।

### ख. मध्यमकालीन योजना (Medium Term Plan)

मध्यमकालीन योजना सामान्यतः ३ देखि ७ वर्ष अवधिभित्र लक्ष्य प्राप्त गर्ने गरी तर्जुमा गरिन्छ। यो योजना दीर्घकालीन योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्त गर्न सकिने गरी सो योजनाको अवधारणा र लक्ष्य अनुरुप तर्जुमा गर्नुपर्ने हुन्छ। मध्यम अवधिमा उपलब्ध हुन सक्ने स्रोत साधनको अनुमान गरी आर्थिक-सामाजिक विकास र वातावरण सन्तुलनको लक्ष्य एवम् उद्देश्य हासिल गर्न मध्यमकालीन योजनाको रूपमा पाँच (५) वर्षका लागि आवधिक योजना तयार गरिन्छ।

### ग. अल्पकालीन योजना/वार्षिक योजना (Annual Plan)

वार्षिक योजना एक वर्षको अवधिका लागि तर्जुमा गरी कार्यान्वयन गरिन्छ। यो योजना मध्यमकालीन योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू हासिल गर्न तर्जुमा गरिन्छ। खासगरी एक वर्षको अवधिमा उपलब्ध हुनसक्ने स्रोत साधनको अनुमान गरी यस्तो योजना तर्जुमा गर्ने प्रचलन छ। वार्षिक योजना मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता राखी सँगसँगै तर्जुमा गर्ने गरिन्छ।

दीर्घकालीन र मध्यमकालीन योजनाको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ। तसर्थ दीर्घकालीन, मध्यमकालीन र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना कार्यान्वयनमा वार्षिक योजना महत्वपूर्ण हुन्छ। यसै कारणले स्थानीय तहले आफ्नो कार्यान्वयन क्षमता र स्रोत साधनको यथार्थपरक आकलन गर्नुका साथै प्राथमिकता निर्धारण गरी वार्षिक योजना तर्जुमा गर्नुपर्दछ। वार्षिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमका रूपमा तर्जुमा गरिन्छ। स्थानीय सरकारले तर्जुमा गर्नुपर्ने योजनाहरू बारे देहायको चित्रबाट प्रष्ट हुन सकिन्छ:

चित्र ५ : स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू




## १.६ स्थानीय तहको योजना तर्जुमा सम्बन्धी संवैधानिक, नीतिगत र कानूनी व्यवस्था

नेपालको संविधान, सङ्घीय, प्रादेशिक तथा स्थानीय नीति तथा कानूनहरू स्थानीय तहको योजना तर्जुमाका प्रमुख आधारहरू हुन्। स्थानीय तहको योजनासँग सम्बन्धित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाको संक्षिप्त विवरण देहायअनुसार रहेको छ:

### १.६.१ नेपालको संविधान

नेपालको संविधानको धारा ५९ मा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा योजना तयार गर्ने व्यवस्था रहेको छ। संविधानको अनुसूची ८ र ९ ले निर्धारण गरेको अधिकार क्षेत्र सहित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा समेटिएका विषयहरू स्थानीय तहको योजना तर्जुमाका आधारहरू हुन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने संवैधानिक अपेक्षा बमोजिम समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने संविधानमा उल्लिखित राज्यको

आर्थिक उद्देश्यले समेत स्थानीय आवधिक योजना तर्जुमालाई दिशानिर्देश गर्दछ। तसर्थ स्थानीय तहले विकास योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित मौलिक हक, नीति र निर्देशक सिद्धान्त र संविधानको अनुसूचीमा रहेको व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

### १.६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, स्थानीय आर्थिक विकास, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

### १.६.३ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, खर्चको आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ। यसका साथै सङ्घ र प्रदेशले स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा समानीकरण अनुदान, सङ्घ, प्रदेश वा स्थानीय तहको कुनै योजना कार्यान्वयन गर्न सशर्त अनुदान, स्थानीय तहको पूर्वाधार विकास सम्बन्धी आयोजना कार्यान्वयन गर्न स्थानीय तहसँग लागत साझेदारीका लागि समपूरक अनुदान र कुनै उद्देश्य प्राप्त गर्न खास आयोजना तथा कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान लगायत अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था यस ऐनले गरेको छ। ऐनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने व्यवस्था पनि गरेको छ। तर प्रदेश सरकार र स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ।

### १.६.४ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा व्यवस्था भएबमोजिम प्राकृतिक स्रोतको परिचालनका आधार, राजस्व बाँडफाँटका आधार, अन्तर सरकारी वित्तीय हस्तान्तरणका आधार लगायतका प्रावधान अनुरूप आयोगले समय-समयमा गरेका सिफारिसलाई ध्यानमा राखी स्रोत साधनको अनुमान र प्रक्षेपण गर्नुपर्दछ। अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक अनुदान र विशेष अनुदान र स्थानीय तहको कर तथा गैर करबाट प्राप्त हुने आय स्थानीय तहको योजना तर्जुमाको प्रमुख वित्तीय स्रोतको रूपमा रहेको छ।

### १.६.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी तीन आर्थिक

वर्षको लागि सङ्घ, प्रदेश र स्थानीय तहको समेत कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कुल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले तीन आर्थिक वर्षको स्रोत अनुमान गरी मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक देखिन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्दा आर्थिक अनुशासन, कार्यान्वयन क्षमता, विनियोजन कुशलता र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। साथै यस नियमावलीले राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहमा आयोजना बैङ्कको स्थापना गर्न तथा आयोजनाको पहिचान मूल्याङ्कन, छनौट र प्राथमिकीकरण गर्न आवश्यक सहजीकरण गरी दिन सक्ने व्यवस्था गरी स्थानीय तहमा आयोजना बैङ्कको आवश्यकतालाई समेत औंल्याएको छ।

### १.६.६ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को परिच्छेद ३ को दफा १३ मा राष्ट्रियस्तर वा महत्वका आयोजना, एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता र ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने व्यवस्था रहेको छ। प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने तथा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने व्यवस्था छ। साथै स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने तथा स्थानीय तहको अधिकार सूची र कार्य जिम्मेवारीमा पर्ने विषयमा नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने व्यवस्था रहेको छ।

ऐनको दफा ८ मा स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुई भन्दा बढी स्थानीय तहले कानून बनाइ संयुक्त रूपमा कार्यान्वयन वा सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ। ऐनको दफा २२ मा सङ्घ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन विषयगत समितिको व्यवस्था गरिएको छ। विषयगत समिति नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्री र अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष सदस्य रहने छन्। विषय क्षेत्रसँग सम्बन्धित नीति, कानून तथा योजना तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने र क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरूपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरूको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने जिम्मेवारी समितिको रहेको छ।

### १.६.७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको दफा १७ मा राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय र प्रदेश कार्यकारी समिति र स्वीकृत क्षेत्रगत नीति, योजना र कार्यक्रम

अनुरूप स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले अध्यक्ष वा प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ। समितिले भौतिक संरचना निर्माण गर्दा राष्ट्रिय भवनसंहिता लगायत स्वीकृत निर्देशिका र मापदण्ड पालना गराउने, बजेट विनियोजन गर्न लगाउने, सरकारी, गैरसरकारी, निजी, सामुदायिक संस्थाको समन्वय र संलग्नतामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने, विपद्सँग सम्बन्धित तथ्याङ्क विवरण तयार गर्ने र स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने लगायतका कार्यहरू गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ ।

### १.६.८ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति

स्थानीय तहले योजना तर्जुमा गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरूलाई समेत ध्यान दिनु आवश्यक हुन्छ। यस अन्तर्गत राष्ट्रिय भूउपयोग नीति २०७२, विकास सहायता नीति २०७६, शिक्षा तथा स्वास्थ्य, शहरी विकास, कृषि, सिंचाई, वन तथा वातावरणसँग सम्बन्धित नीतिहरू आदि प्रमुख रूपमा रहेका छन्।

### १.६.९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले १० विषयगत क्षेत्रगत अन्तर्गत १०० वटा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था दर्शाउने सूचकहरू निर्धारण गरेको छ। आवधिक योजना तर्जुमा गर्दा यी सूचकहरू कार्यान्वयन हुने सुनिश्चिता गर्नुपर्दछ।

### १.६.१० प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७

नेपालको संविधानले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगर्ने प्रतिवद्धतासहित नागरिकलाई समानताको हकको प्रत्याभूति गरेको छ। यसैगरी नेपाल महिला, बालबालिका, अपाङ्गता भएको व्यक्तिको अधिकार लगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले लैङ्गिक समानता, महिला सशक्तिकरण र सामाजिक समावेशीकरणलाई कानूनी रूपमा स्वीकार गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत व्यक्त गरेको छ। नेपाल सरकारका सबै विषयगत मन्त्रालयहरूले आर्थिक वर्ष २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन् र प्रत्येक मन्त्रालयले वार्षिक कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणाली समावेश गरी तदनुरुप प्रतिवेदन समेत गर्ने गरेका छन्। नेपालको संविधान जारी भए पश्चात् सङ्घीय शासन प्रणाली अनुसार स्थापित प्रदेश तथा स्थानीय तहहरूले संविधान तथा प्रचलित कानून बमोजिम वि.सं. २०७५ सालदेखि आफ्ना योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै आएका छन्।

नेपालको पन्ध्रौ योजना (२०७६/७७ - २०८०/८१) ले राज्यका तीनै तहका सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति तय गरेको छ। नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गर्ने व्यवस्था गरेको छ। यसलाई कार्यान्वयनमा सहजीकरण गर्न नेपाल सरकार, अर्थ मन्त्रालयले प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका तयार गरी जारी गरेको छ। यो निर्देशिकाले प्रदेश तथा

स्थानीय तहमा विनियोजन गरिएका कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको महिला सशक्तिकरण र लैङ्गिक समानतामा गर्ने योगदानको आधारमा वर्गीकरण गरी साङ्केतीकरण गर्नुपर्ने व्यवस्था गरेको छ।

लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिले बजेट तयारीका समयमा विकसित गरिएका नीति तथा खर्च प्रस्तावबाट लाभग्राहीमा परेको प्रभाव मूल्याङ्कन गर्ने आधार प्रदान गर्दछ। साथै यसले महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई प्रवर्द्धन गर्ने क्रियाकलापहरू समावेश गर्नुका साथै वर्गीकरण गरिएका क्रियाकलापहरूका लागि भएको विनियोजनका आधारहरूमा खर्चको अभिलेख राख्ने उद्देश्य राखेको छ। निर्देशिकामा वार्षिक बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा अपनाउनु पर्ने प्रावधानहरू समावेश गरेको छ। यसलाई समेत मार्गदर्शन गर्ने आवधिक योजना र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा समेत कार्यक्रमको वर्गीकरण र साङ्केतीकरण गरी महिला सशक्तिकरण र लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न सहयोग गर्नेछ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी योजना तथा बजेट प्रणाली अबलम्बन गर्नुपर्नेछ।

## १.७ योजना तर्जुमा गर्दा लिनुपर्ने आधार

योजना तर्जुमाको प्रमुख उद्देश्य आर्थिक सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउनु हो। साथै विपद् तथा जलवायु जोखिमले विकास प्रयास र नतिजालाई प्रत्यक्ष असर गर्ने भएकोले योजनाले जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्ने उद्देश्य समेत हासिल गर्नुपर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहले योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन र नियमको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई समेत ध्यान दिनु आवश्यक हुन्छ। तसर्थ, स्थानीय योजना तर्जुमा गर्दा माथि १.६ मा उल्लिखित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाका साथै तल उल्लिखित आधारहरूलाई ध्यान दिनुपर्दछ:

### १.७.१ दीर्घकालीन सोच, पन्ध्रौं योजना र विकासशील देशमा स्तरोन्नतिको रणनीति

पन्ध्रौं योजनामा नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति लगायतका व्यवस्था, दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई ध्यान दिइएको छ। नेपाल सरकारको "समृद्ध नेपालः सुखी नेपाली" को परिकल्पना पूरा गर्न आगामी २५ वर्षको लागि "दीर्घकालीन सोच २१००" को प्रारूप सहितको परिदृश्य तयार गरिएको छ। उपरोक्त सोच हासिल गर्ने आधार योजनाको रूपमा तथा प्रदेश र स्थानीय तहका दीर्घकालीन र आवधिक योजनालाई समेत मार्गदर्शन गर्ने गरी पन्ध्रौं योजना कार्यान्वयनमा रहेको छ। तसर्थ स्थानीय तहको योजना तर्जुमा गर्दा नेपाल सरकारले तय गरेको दीर्घकालीन सोचको परिदृश्य तथा पन्ध्रौं योजनाको लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता र भौतिक लक्ष्यसँग तादात्म्यता कायम गर्नुपर्दछ।

अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न विकासका सबै आयाममा कसैलाई पनि पछि नछोड्ने प्रतिबद्धता बमोजिम दिगो विकास लक्ष्यलाई सङ्घ, प्रदेश र स्थानीय तहको विकास योजनामा आन्तरिकीकरण गर्न आवश्यक छ। पन्ध्रौं योजना र सोको आधारमा तर्जुमा भएको वार्षिक बजेट तथा कार्यक्रम मार्फत राष्ट्रिय तहमा दिगो विकास लक्ष्यहरू आन्तरिकीकरण

गरिएका छन् भने प्रदेश र स्थानीय तहमा पनि स्थानीयकरणको कार्य प्रारम्भ भएको छ। वि.सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दै वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुऱ्याउन स्थानीय तहमा गर्नुपर्ने कार्यहरूलाई ध्यान दिई स्थानीय तहको योजना तर्जुमा गर्नु आवश्यक छ। स्थानीय तहले योजना तर्जुमा गर्दा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नतिका तीन आधारहरू क्रमशः प्रति व्यक्ति कुल राष्ट्रिय आय (Gross National Income-GNI), मानवीय साधन सूचकाङ्क (Human Assests Index-HAI) र आर्थिक सङ्कटासन्नटा सूचकाङ्क (Economic Vulnerbility Index-EVI) हासिल पूरा गर्नुपर्ने मापदण्ड र  नेपाल सरकारले लिने रणनीति तथा तर्जुमा गर्ने कार्यक्रमलाई सहयोग पुग्ने गरी गर्नुपर्दछ।

### १.७.२ राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच

स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकारले तर्जुमा गरेको दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिनुपर्दछ। यसैगरी सम्बन्धित प्रदेश सरकारको दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मान्नु पर्दछ। समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ, जब स्थानीय तहले तदनुरूप आफ्ना योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दछन्।

### १.७.३ दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (Roadmap) : २०१६-२०३०

नेपाल सरकारले संयुक्त राष्ट्रसंघमा सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ। दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र विश्वव्यापी सहित नेपालले तय गरेका जम्मा ४७९ सूचकहरू छन्। दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव छैन। यसमा प्रदेशका साथै स्थानीय तहको पनि सहयोगी भूमिका हुनुपर्छ। तसर्थ, स्थानीय तहले आफ्नो योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुग्ने गरी गर्नुपर्दछ। दिगो विकासका लक्ष्य र विकास योजना बीचको तादात्म्यता सम्बन्धी विषय दफा १.९ मा उल्लेख गरिएको छ।

### १.७.४ राष्ट्रिय अभियान तथा अन्य अन्तर सम्बन्धित विषयहरू

स्थानीय योजना तर्जुमा गर्दा राष्ट्रिय अभियानहरू, नेपाल पक्ष भई हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय अभिसन्धी, सम्झौता र प्रतिबद्धतासँग सम्बन्धित विषयहरूलाई पनि ध्यान दिनु आवश्यक छ। यसैगरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक योजना (२०१८-२०३०) र जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना २०१८ लगायत विकास प्रक्रिया र उपलब्धिमा प्रत्यक्ष असर पार्ने नीतिगत तथा कानूनी व्यवस्थाहरूलाई पनि विशेष रूपले ख्याल गर्नुपर्दछ।

### १.७.५ राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन

स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको सम्बन्धमा समय समयमा पठाउने मार्गनिर्देशन समेतलाई ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्दछ। यसरी योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारका नीति, योजना र वार्षिक बजेटसँग स्थानीय योजनाको सामञ्जस्यता कायम गर्नुपर्दछ।

### १.७.६ समपूरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धी कार्यविधि

स्थानीय तहले समपूरक तथा विशेष अनुदान र सहलगानी सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन गरिने आयोजना तथा कार्यक्रम पहिचान गरी राष्ट्रिय आयोजना बैङ्कमा समावेश गर्नुपर्ने कानूनी व्यवस्था छ। तसर्थ स्थानीय तहले आवधिक योजना, मध्यमकालीन खर्च संरचना तर्जुमा तथा स्थानीय आयोजना बैङ्क तयार गर्दा सहलगानी र समपूरक तथा विशेष अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रम समावेश गरी तर्जुमा गर्नुपर्दछ।

### १.७.७ प्रादेशिक योजना

सङ्घ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रमको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहका सरकारले तर्जुमा गर्ने नीति, योजना र कार्यक्रममा सामञ्जस्यता हुन आवश्यक हुन्छ। सङ्घीय योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रदेश एवम् स्थानीय योजना र प्रदेश योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न स्थानीय योजनाले सघाउ पुऱ्याउनु पर्ने हुन्छ। अर्थात् सङ्घीय तथा प्रदेश योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न स्थानीय योजनाले सघाउ पुऱ्याउनु पर्ने हुन्छ । सङ्घीयता कार्यान्वयन पश्चात् सातै प्रदेशमा आवधिक योजना तर्जुमा भई सो अनुसार मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन भइरहेका छन्। स्थानीय तहले योजना तर्जुमा गर्दा प्रादेशिक नीति, योजना र कार्यक्रमसँग तादात्म्यता राखेर गर्नुपर्दछ।

### १.७.८ स्थानीय तहको प्रमुख समस्या र सम्भावना

स्थानीय तहले योजना तर्जुमा गर्दा स्थानीय तहको प्रमुख समस्याहरू के के छन् पहिचान तथा विश्लेषण गरी ती समस्या समाधान गर्ने उपायहरू केलाउनु पर्दछ। यसैगरी स्थानीय तहको विकासका लागि के कस्ता सम्भावना छन्, उपलब्ध हुनसक्ने स्रोतसाधन के के हुन् र तिनको उपयोग कसरी गर्न सकिन्छ त्यसको समेत विश्लेषण गर्नुपर्दछ। नेपाल सरकार र प्रदेश सरकारले पुऱ्याउनु पर्ने सहयोग के के हुन्, सो समेत पहिचान गरी योजना तर्जुमा गर्नुपर्दछ। विगतका योजनाको वस्तुस्थितिको पनि विश्लेषण र समीक्षा गरी त्यसको आधारमा योजना तर्जुमा गर्नुपर्दछ। वस्तुस्थिति विश्लेषण गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहको लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन मूलप्रवाहीकरण निर्देशिकामा उल्लिखित सङ्कटासन्नटा क्षमता विश्लेषण (Vulnerability Capacity Assessment/VCA) विधिको उपयोग गरी विपद् तथा जलवायु जोखिम विश्लेषण गर्ने विषय समेत समावेश गर्नुपर्दछ।

### १.७.९ स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरूको घोषणापत्र

स्थानीय तहमा योजना तर्जुमा गर्दा स्थानीय सरकारमा सहभागी राजनीतिक दलले स्थानीय निर्वाचनको क्रममा सार्वजनिक गरेको घोषणापत्र वा प्रतिबद्धतालाई ख्याल गरी पूरा हुन सक्ने कार्यक्रम वा आयोजनाहरूलाई समेत ध्यानमा राखी योजना तर्जुमा गर्नुपर्दछ । यसबाट स्थानीय तहको विकास कार्यमा सहमतिको वातावरण स्थापना भई विकासमैत्री वातावरण सिर्जना गर्न सहयोग पुग्दछ।

## १.८ स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध

स्थानीय तहले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजना, आयोजना बैंङ्क, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकारका योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण र बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्दछ। स्थानीय तहले तर्जुमा गर्नुपर्ने योजनाहरू बीचको अन्तरसम्बन्ध देहायको चित्रबाट स्पष्ट गरिएको छ।

चित्र ६ : विभिन्न योजनाहरू बीचको अन्तरसम्बन्ध



## १.९ दिगो विकास लक्ष्य र विकास योजनाबीचको तादात्म्यता

दिगो विकासका लक्ष्य प्राप्ति तीनै तहका सरकारको योजनाको साझा प्राथमिकता तथा जिम्मेवारीको विषय हो । दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न तीनै तहका सरकारले तयार गर्ने विकास योजनामा पारस्परिकता, समपूरकता र परिपूरकताको सम्बन्ध स्थापित गर्नुपर्दछ । दिगो विकास लक्ष्य विकास योजना तर्जुमाको आधार हो भने विकास योजना दिगो विकास लक्ष्य प्राप्तिको निर्णायक सेतु हो । विकास योजना तर्जुमाका प्रक्रियामा दिगो विकासका लक्ष्य कार्यान्वयनको राष्ट्रिय रणनीतिलाई अधिकार क्षेत्रले समेटेको हदसम्म समाहित गरी तादात्म्यता कायम गर्नुपर्दछ। स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समाहित गरी दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सकिन्छ। दिगो विकास लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा सेण्डाई फ्रेमवर्क (२०१८-२०३०), पेरिस सम्झौता २०१६ र नेपाल सरकारको नीति तथा रणनीतिमा समावेश भएका विषय समेतलाई ध्यान दिनु जरुरी छ। स्थानीय तहको अधिकार क्षेत्रभित्रका प्रत्येक लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्न सक्ने कार्य तथा अधिकार क्षेत्रमा भएका प्रगति तथा उपलब्धिको मापन गर्न आवश्यक छ। दिगो विकासका १७ वटा लक्ष्यहरू देहायअनुसार चित्रमा प्रस्तुत गरिएको छ :

चित्र ७ : दिगो विकासका १७ लक्ष्यहरू



सरकारका सबै तहको क्रियाशिलताबाट मात्रै दिगो विकास लक्ष्यको सफल कार्यान्वयन र लक्ष्य प्राप्ति हुन सक्दछ। दिगो विकास लक्ष्य हासिल गर्न सम्पूर्ण निकाय र पक्षहरूको महत्वपूर्ण जिम्मेवारी हुन्छ, सकारको एकल प्रयासले मात्र सम्भव छैन। यसका लागि तीनै तहका सरकारको अतिरिक्त निजी तथा गैरसरकारी क्षेत्र, सहकारी, नागरिक समाज र समुदाय लगायत सम्पूर्ण विकास साझेदारहरू बीचमा सार्थक साझेदारी हुन जरुरी छ।

नेपालको संविधान तथा कानून बमोजिम उपलब्ध स्थानीय तहको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको छ। सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू स्थानीय तहको कार्यक्षेत्र अन्तर्गत पर्दछन्। दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले विकास व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणहरूमा नतिजामा आधारित योजना तर्जुमा, बजेट व्यवस्था र कार्यान्वयनका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ। यसका लागि देहायमा विषयहरूमा ध्यान दिनुपर्दछः

(क) स्थानीय योजना तर्जुमा प्रक्रियामा दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने र यसरी योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यको स्थानीय तहसँग सम्बन्धित स्वास्थ्य शिक्षा, खानेपानी, ऊर्जा र पूर्वाधार, विपद् तथा जलवायुको जोखिम न्यूनीकरण लगायतका विषयहरू समावेश गर्ने;

(क) दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले नतिजामूलक योजना तर्जुमा गर्ने;

(ख) स्थानीय आवधिक योजनासँग तालमेल हुने गरी विस्तृत र नतिजामूलक ढाँचामा वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने;

(ग) वार्षिक योजना तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी तयार गर्ने;

(घ) योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन लगायत योजना व्यवस्थापन प्रक्रियाको हरेक चरणमा समावेशी, पारदर्शी र जवाफदेही प्रणालीको सुनिश्चितता गर्ने;

(ङ) सहकारिता, समन्वय र सहअस्तित्वको अवधारणा अनुरूप नेपाल सरकार, प्रदेश सरकार लगायत निजीक्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी र समुदायसँग सहकार्य गरी स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने अवस्थाको सुनिश्चितता गर्ने।

दिगो विकास लक्ष्य प्राप्तिका लागि स्थानीय तहले योजनामा समावेश गर्नुपर्ने विषयहरू र सोको मापनका लागि परिमाणात्मक सूचकहरूको उदाहरण सम्बन्धी विस्तृत विवरण **अनुसूची - १** मा उल्लेख गरिएको छ।

परिच्छेद
२

# स्थानीय आवधिक योजना

## २.१ पृष्ठभूमि

योजनावद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले स्थानीय तहको विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्दछ । स्थानीय आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेशबीचमा अन्तरसम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्दछ। यस्तो योजना स्थानीय तहको विकास र समृद्धिको रूपरेखा मात्र नभएर उक्त क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृतिबीचको तालमेलको रूपरेखा पनि हो। राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा स्थानीय विकासका सरोकारवालाहरूको साझा प्रतिवद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्वपूर्ण हुन्छ।

स्थानीय आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ। त्यस्तै श्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाकासमेत तयार गर्दछ। मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। स्थानीय आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी गर्नुपर्दछ। स्थानीय आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्यमान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गरेर तयार गर्नुपर्दछ।

## २.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ। आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु;
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु;
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु;
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु;
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

## २.३ आवधिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय

गाउँपालिका तथा नगरपालिकाले स्थानीय आवधिक योजना तर्जुमा गर्दा देहायका विषयहरूलाई ध्यान दिनुपर्नेछ :

(क) नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार सूची;

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्था र प्राथमिकतामा राख्नुपर्ने विषयहरू;

(ग) राजस्व बाँडफाँट तथा रोयल्टी, अन्तर सरकारी वित्तीय हस्तान्तरण, वैदेशिक सहायता तथा आन्तरिक ऋणसम्बन्धी प्रावधानहरू;

(घ) सङ्घीय आवधिक योजना, विषयगत रणनीतिक योजना तथा नीति र रणनीतिहरूका साथै प्रादेशिक योजनाहरूको लक्ष्य, उद्देश्य र प्राथमिकता र अन्य महत्वपूर्ण पक्षहरू;

(ङ) अन्तर तह सहकार्य र समन्वय साथै छिमेकी स्थानीय तहका आवधिक योजनाको सामञ्जस्यता;

(च) सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण र समावेशी विकास, संरक्षण, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाइ अभियान जस्ता अभियानमूलक विकास उपलब्धिसँग अन्तरसम्बन्धित विषयहरू;

(छ) स्थानीय विशिष्टता बमोजिम दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरू हासिल गर्न समावेश गर्नुपर्ने विषयहरू;

(ज) लैङ्गिक समानता तथा समावेशी विकासका लागि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, पछाडि परेका तथा सीमान्तकृत वर्ग, समुदाय (LGBTQIA समेत) लाई प्रत्यक्ष लाभ पुग्ने कार्यसँग सम्बन्धित विषयहरू,

(झ) तथ्यमा आधारित योजना तर्जुमा प्रक्रिया तथा अपेक्षित नतिजा;

(ञ) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्दिष्ट गरेका क्षेत्रहरू;

(ट) स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ ले निर्दिष्ट गरेका सूचकहरू;

(ठ) माथि उल्लिखित विषयहरूको अलवा स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा विश्लेषण तथा ध्यान दिनुपर्ने अन्य कानूनी तथा नीतिगत दस्तावेजहरू देहायअनुसार रहेका छन् :

- भूउपयोग नीति, २०७६;
- विषयगत ऐन तथा नीतिहरू;
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि-सम्झौताहरू;
- राष्ट्रिय योजना आयोगबाट जारी गरिएका राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिकाहरू;
- राष्ट्रिय, प्रादेशिक आवधिक योजना, विषयगत क्षेत्र रणनीतिक र गुरुयोजनाहरू;
- विगतमा तर्जुमा भएका स्थानीय आवधिक, विषय क्षेत्रगत रणनीति तथा गुरुयोजनाहरू;
- गाउँ/नगरपालिकाको वस्तुस्थिति विवरण (Profile) आदि ।

## २.४ संस्थागत संयन्त्र

आवधिक योजना तर्जुमाका लागि स्थानीय तहले देहायबमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नुपर्नेछः-

### २.४.१ आवधिक योजना तर्जुमा निर्देशक समिति

आवधिक योजना तर्जुमाको समग्र प्रक्रियालाई निर्देशन र समन्वय गर्न देहायबमोजिको एक निर्देशक समितिको गठन गर्नुपर्नेछ :

| | |
|---|---|
| अध्यक्ष वा प्रमुख | - संयोजक |
| उपाध्यक्ष वा उपप्रमुख | - उप-संयोजक |
| विषयगत समितिका संयोजकहरू | - सदस्य |
| कार्यपालिकाका सबै सदस्यहरू | - सदस्य |
| विषयगत महाशाखा/शाखा प्रमुखहरू | - सदस्य |
| संयोजकले तोकेको कम्तिमा १ जना महिलासमेत निजी क्षेत्र, गैसस तथा स्थानीय विषय विज्ञ ३ जना | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

आवधिक योजना तर्जुमा सम्वन्धमा निर्देशक समितिको कार्य/जिम्मेवारी देहायअनुसार हुनेछः

(क) नेपाल सरकारबाट उपलब्ध गाउँ/नगर वस्तुस्थिति विवरण तयारी र योजना तर्जुमा दिग्दर्शन बमोजिमको प्रोफाइल तयारी तथा आवधिक योजना तर्जुमाको ढाँचा र औजार स्वीकृत गर्ने;

(ख) वस्तुस्थिति विवरण तयारी र आवधिक योजना तर्जुमा सम्बन्धी आवश्यक निर्णयहरू गर्ने;

(ग) आवधिक योजना तर्जुमाका लागि विषयगत समितिलाई पूर्णता दिने, परिमार्जन गर्ने, आवश्यकता अनुसार बैठक आयोजना तथा परामर्श गर्ने;

(घ) प्राविधिक टोली, कर्मचारी र स्थानीय सरोकारवालासँग राय परामर्श गर्ने;

(ङ) कार्यशाला गोष्ठीहरूमा समावेशी सहभागिता हुने कुरा सुनिश्चित गर्ने;

(च) वस्तुस्थिति विवरण तथा आवधिक योजना तर्जुमा प्रक्रियामा मार्गदर्शन प्रदान गर्ने;

(छ) कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा/शाखा/उपशाखा, एकाइ, केन्द्र तथा वडा कार्यालयबाट तथ्याङ्क तथा विवरण सङ्कलनको व्यवस्था मिलाउने;

(ज) गाउँपालिकासँग सम्बन्धित अध्ययन, सर्वेक्षण, योजना तथा बजेट सम्बन्धी दस्तावेज, पुस्तिका अध्ययन र विश्लेषणको व्यवस्था गर्ने,

(झ) आवधिक योजना निर्माणको कार्यशर्तमा सैद्धान्तिक सहमति र योजना निर्माणमा संलग्न प्राविधिक टिमको संरचना स्वीकृति गर्ने।

### २.४.२ विषय क्षेत्रगत समिति

आवधिक योजना तर्जुमा गर्नको लागि देहायबमोजिम विषय क्षेत्रहरू पहिचान गरी विषयगत समिति गठन गर्नुपर्नेछ :-

- आर्थिक विकास;
- सामाजिक विकास;
- पूर्वाधार विकास;
- वातावरण तथा विपद् व्यवस्थापन; र
- सुशासन तथा संस्थागत विकास।

वार्षिक योजना, बजेट तथा कार्यक्रम तर्जुमाको निमित्त गठित विषयगत समितिहरूले नै आवधिक योजना तर्जुमा कार्यका लागि विषयगत समितिको रूपमा कार्य गर्नुपर्नेछ। विषयगत समितिको संरचना देहाय बमोजिम हुनेछ:

| | |
|---|---|
| कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य | - संयोजक |
| कार्यपालिकाले तोकेको गाउँ/नगर सभाका महिला, दलित वा अल्पसङ्ख्यक सदस्यसमेत ३ जना | - सदस्य |
| सम्बन्धित क्षेत्रको विषयगत महाशाखा/शाखा प्रमुख | - सदस्य |
| कार्यपालिकाले तोकेको सम्बन्धित विषय क्षेत्रको महाशाखा/शाखा प्रमुख | - सदस्य सचिव |

नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित क्षेत्रका कार्यालय तथा निकाय, स्थानीय स्रोत व्यक्ति, विषयविज्ञ, निजीक्षेत्र, गैरसरकारी संस्था तथा स्थानीय सङ्घ/संस्था, सञ्जाल र लक्षित वर्गका प्रतिनिधिहरूलाई आमन्त्रित सदस्यको रूपमा विषयगत समितिमा आमन्त्रण गर्न सकिनेछ।

आवधिक योजना तर्जुमा प्रक्रियामा विषयगत समितिको जिम्मेवारी देहायअनुसार हुनेछ :

(क) विषय क्षेत्रगत आधाररेखा सूचना तयार गर्ने;
(ख) विषय क्षेत्र वस्तुस्थिति विश्लेषण गरी विवरण तयार गर्ने;
(ग) वडास्तर, लक्षित समूह तथा स्थानीय विज्ञसँग परामर्श गर्ने;
(घ) कार्यशाला गोष्ठीमा विषय क्षेत्रगत समूह छलफल गर्ने;
(ङ) विषय क्षेत्रगत रूपमा प्रमुख आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने;
(च) विषय क्षेत्रगत रणनीति तथा कार्यनीतिको मस्यौदा तयार गर्ने;
(छ) विषय क्षेत्रगत अपेक्षित उपलब्धि तथा नतिजा खाका तयार गर्ने;
(ज) भौतिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोत अनुमान तथा प्रक्षेपण गर्ने;
(झ) योजना दस्तावेज तयारीमा प्राविधिक सहयोग टोलीलाई सहयोग गर्ने।

### २.४.३ संयोजन तथा सहजीकरण समिति

आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न निर्देशक समितिले तोकेको समितिको सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार आवधिक योजना तर्जुमा संयोजन तथा सहजीकरण समिति गठन गर्न सकिनेछ। समितिको कार्य/जिम्मेवारी देहायअनुसार हुनेछ :-

(क) विद्युतीय प्रणाली तथा अन्य माध्यमबाट सूचना सङ्कलन तथा विश्लेषण गरी वस्तुस्थिति विवरण तयार तथा अद्यावधिक गर्ने;
(ख) विषय क्षेत्रगत रूपमा तथ्याङ्क विश्लेषण गरी आधाररेखा (Baseline) सूचना तयार गर्ने;
(ग) आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठी आयोजना, सञ्चालन र सहजीकरण गर्ने;
(घ) कार्यशाला गोष्ठी, छलफल तथा परामर्श गोष्ठीको निष्कर्ष तथा उपलब्धिको अभिलेखीकरण गर्ने;
(ङ) विषयगत महाशाखा/शाखाका कर्मचारी वा परामर्शलाई आवधिक योजना दस्तावेज लेखनको व्यवस्था गर्ने;
(च) आवधिक योजना दस्तावेज तयार गर्न सहयोग र सहजीकरण गर्ने।

## २.५ आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी

आवधिक योजना विभिन्न प्रक्रिया पूरा गरी चरणबद्ध रूपमा तर्जुमा गर्नुपर्दछ। आवधिक योजना तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरणमा पन्ध्र कार्यहरू पूरा गरी तर्जुमा गर्नुपर्दछ। यसका लागि आवश्यकताअनुसार राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग र सङ्घ तथा प्रदेश सरकारको सहयोग लिन सकिनेछ। आवधिक योजना तर्जुमा चरण तथा प्रक्रिया र सोको कार्यतालिका देहायअनुसार रहेका छन् :

| चरण | गर्नुपर्ने कार्यहरू | प्रमुख जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| तयारी चरण | अभिमुखीकरण तथा तयारी कार्यशाला | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति | पहिलो महिना पहिलो हप्ता |
| | विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा | कार्यपालिका, विषयगत समिति, महाशाखा/शाखा | पहिलो महिना भित्र |
| विश्लेषण चरण | तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण | निर्देशक समिति, विषयगत समिति, महाशाखा/शाखा | दोश्रो महिना |
| | आधार नक्शा (Basemap) तयारी | विषयगत महाशाखा/शाखा | दोश्रो महिना |
| | वस्तुस्थिति विश्लेषण | विषयगत समिति, महाशाखा/शाखा | दोश्रो महिना |
| | वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण | विषयगत महाशाखा/शाखा | तेश्रो महिना भित्र |
| योजना तर्जुमा चरण | सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति | चौथो महिना पहिलो हप्ता |
| | परिमाणात्मक लक्ष्य निर्धारण | कार्यपालिका, निर्देशक समिति र विषयगत समिति | चौथो महिना पहिलो हप्ता |
| | स्रोत अनुमान, प्रक्षेपण तथाक्षेत्रगत बाँडफाँट | निर्देशक समिति | चौथो महिना दोश्रो हप्ता |
| | विषय क्षेत्रगत योजना तर्जुमा | निर्देशक समिति र विषयगत समिति, महाशाखा/शाखा | चौथो महिना तेश्रो र चौथो हप्ता |
| | आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी | महाशाखा/शाखा तथा परामर्शदाता | पाँचौ महिना दोस्रो हप्ता |
| | मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन र अन्तिम स्वरूप प्रदान | निर्देशक समिति र विषयगत समिति, महाशाखा/शाखा | पाँचौ महिना तेश्रो हप्ता |
| स्वीकृति चरण | योजना स्वीकृति | कार्यपालिका | पाँचौ महिना चौथो हप्ता |
| | योजना दस्तावेज छपाइ र प्रकाशन | महाशाखा/शाखा तथा परामर्शदाता | छैटौं महिना |
| | योजना कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन | विषयगत समिति, महाशाखा/शाखा र अनुगमन समिति | निरन्तर, आवधिक र अन्त्यपछि |

## २.६ आवधिक योजना तर्जुमा प्रक्रिया

### २.६.१ अभिमुखीकरण तथा तयारी कार्यशाला

आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय विकासका सरोकारवालामाझ समान बुझाइ कायम गर्न एक दिवसीय अभिमुखीकरण तथा तयारी कार्यशाला आयोजना गर्नुपर्दछ। कार्यशालामा गाउँ/नगर कार्यपालिकाका पदाधिकारी, कार्यालयका कर्मचारी, विषयगत महाशाखा/शाखाका प्रमुख, लक्षित वर्ग सञ्जालका प्रतिनिधि, व्यवसायिक संघ/संस्थाका प्रतिनिधि, सहकारी, नागरिक समाज, स्थानीय प्रबुद्ध व्यक्ति, राजनीतिक दलका स्थानीय प्रमुख/प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधि लगायतका गाउँ/नगर विकासका सरोकारवालाहरूको सक्रिय सहभागिता हुनुपर्दछ। कार्यशालाले योजना तर्जुमा ढाँचा, प्रक्रिया तथा जिम्मेवारी सम्बन्धी स्पष्टता र आवधिक योजना तर्जुमाको कार्ययोजना स्वीकृत गर्नुपर्दछ।

### २.६.२ विकासको विद्यमान स्थिति तथा उपलब्धिको समीक्षा

विकास उपलब्धिको प्रगति विवरण, उपलब्ध सूचना तथा सहभागितामूलक छलफलका आधारमा गत आवधिक योजनाको कार्यान्वयनबाट हासिल भएका उपलब्धिलाई विषय क्षेत्रगत रूपमा संक्षिप्त रूपमा समीक्षा गर्नुपर्दछ। यसरी समीक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रूपमा उपलब्ध सूचनाका आधारमा पुष्टि हुने गरी प्रस्तुत गर्नुपर्दछ। समीक्षा गर्दा गत योजनाको अवधिमा भएका प्रमुख उपलब्धिहरूलाई उल्लेख गर्नुपर्ने हुन्छ । विगतमा आवधिक योजना तर्जुमा नभएको अवस्थामा स्थानीय तह गठन पश्चात् भएका प्रमुख उपलब्धिहरूको समीक्षा समावेश गर्नु उपयुक्त हुन्छ।

### २.६.३ वस्तुस्थिति विश्लेषण, वस्तुस्थिति विवरण तयारी एवम् अद्यावधीकरण

#### क. तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण

गाउँ/नगरपालिकाको भौगोलिक अवस्था र विषयगत अवस्था झल्कने वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण कार्यका लागि गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७५ अनुसारको ढाँचामा स्थानीय विशिष्टता तथा आवश्यकता अनुरूप प्राथमिक तथा द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। जसअनुसार प्राथमिक श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि घरपरिवार सर्भेक्षण, सहभागितामूलक छलफल, नक्साङ्कन तथा जानकार व्यक्ति अन्तर्वार्ता आदि विधिको उपयोग गर्नुपर्दछ। द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि संस्थागत सर्भेक्षण तथा दस्तावेज अध्ययन जस्ता विधिको अवलम्बन गर्न सकिन्छ। तथ्याङ्क सङ्कलन गर्दा विपद्बाट हुन सक्ने क्षति, जलवायु परिवर्तनको असर, ऐतिहासिक तथ्य तथा विवरण र क्षमता लगायत विपद् तथा जलवायु जोखिमसँग सम्बन्धित विषयहरू समेत समावेश गर्नुपर्दछ। तथ्याङ्क सङ्कलन सम्बन्धी औजारमा लैङ्गिक तथा सामाजिक रूपले खण्डीकृत तथ्याङ्क उपलब्ध हुने सूचक समावेश भएको सुनिश्चित गर्नुपर्दछ।

सङ्कलित तथ्याङ्कलाई आवश्यकता अनुसार प्रशोधन गरी व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्दछ। गुणात्मक तथ्याङ्कलाई विवरणात्मक तथा तार्किक रूपमा र परिमाणात्मक तथ्याङ्कलाई गणितीय तथा तथ्याङ्कशास्त्रीय विधिको उपयोग गरी विश्लेषण सहित प्रस्तुत गर्नु उपयुक्त हुन्छ। यसका लागि सूचना प्रविधि र तथ्याङ्क व्यवस्थापन प्रणालीमा आधारित स्थानीय सरकार प्रोफाइल सूचना व्यवस्थापन प्रणाली (Local Government Profile Information Managemnt System) तयार गरी सो बमोजिम सूचना व्यवस्थापन

गर्नु उपयुक्त हुन्छ। सम्भव भएसम्म उपलब्ध तथ्याङ्कलाई दुई समयावधिको, प्रदेश र राष्ट्रिय तथ्याङ्कसँग तुलना गर्नुपर्दछ। स्थानीय सरकार प्रोफाइल सूचना व्यवस्थापन प्रणालीमा लैङ्गिक तथा सामाजिक रूपले खण्डीकृत सूचना समावेश भएको सुनिश्चित गर्नुपर्दछ।

नेपाल सरकारबाट स्वीकृत भएको र सो उपलब्ध नभएको अवस्थामा गाउँ/नगरपालिकाले कम खर्चिलो, सरल तथा सहज, विषय क्षेत्रगत रूपमा समाहित र बढी दृश्यात्मक रूपमा सूचना प्रस्तुत गर्ने र तथ्याङ्क व्यवस्थापन प्रणालीमा आधारित सूचना व्यवस्थापन प्रणाली तयार गरी विद्युतीय वस्तुस्थिति विवरण (Digital Profile) तयार गर्नुपर्दछ । विद्युतीय वस्तुस्थिति विवरण (Digital Profile) मा दिगो विकास लक्ष्यका साथै राष्ट्रिय र प्रदेशको एकीकृत विवरण तयारीमा सघाउ पुऱ्याउने सूचना तथा विवरणलाई सङ्कलन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्दछ । स्थानीय सरकारको तथ्याङ्क प्रणाली राष्ट्रिय तथ्याङ्क प्रणाली (National Data Profle) सँग आवद्ध हुने गरी तयार गर्नुपर्दछ। यस प्रकार तयार भएको विषयगत क्षेत्रको सूचनालाई योजनाको आधाररेखा सूचनाको रूपमा प्रयोग गर्नुपर्दछ।

### ख. आधार नक्सा (Basemap) तयारी

योजना तर्जुमा तथा कार्यान्वयनको मूल आधार भनेको जमिन हो । तसर्थ जमिनमा भूधरातलीय स्वरूप, भू-उपयोग र भूस्वरूपमा परिवर्तनको अवस्था, जोखिम तथा संवेदनशील भूक्षेत्रहरू, आर्थिक तथा सामाजिक र संरचनाको अवस्थिति, पूर्वाधार संरचनाको अवस्थिति, बस्ती विकास, प्राकृतिक श्रोत साधनको उपलब्धता र उपयोगको अवस्था, जोखिमयुक्त पूर्वाधार र वस्तीहरू लगायतका विषयहरूको विद्यमान अवस्थालाई नक्शामा चित्रण गर्न सकिन्छ । यसरी जमिनको अवस्था नक्शामा चित्रण गर्ने कार्यको नतिजा नै आधार नक्शा हो । यही आधार नक्शाको आधारमा गाउँ/नगरको अवस्था पहिचान गरी कुन भौगोलिक तथा विषयगत क्षेत्रमा के कति परिमाणमा आयोजना तथा कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्ने भन्ने कुराको यकिन गर्न सम्भव हुन्छ। भौतिक संरचना निर्माण हुने वा कुनै पनि आयोजना वा परियोजना कार्यान्वयन गरिने स्थान निर्धारण गर्ने आधार नै आधार नक्शा भएकाले स्थानीय तहको दीर्घकालीन, मध्यमकालीन र वार्षिक योजना तर्जुमा गर्दा वा यी योजना अन्तर्गत आयोजना तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व आधार नक्शा तयार गर्नुपर्दछ। यस्तो नक्शा बनाउँदा बहुप्रकोप जोखिम विश्लेषण समेत गर्नु उपयुक्त हुन्छ।

टोपोग्राफिकल नक्शा तथा गुगल नक्सा प्रयोग गरी सहभागितामूलक नक्साङ्कन प्रक्रियाअनुसार सार्वजनिक तथा सामुदायिक स्रोत, पूर्वाधार, सम्पत्ति जस्तैः वनजङ्गल, नदीनाला, पोखरी, बजार क्षेत्र, सडक बाटो तथा पुल, सार्वजनिक स्थल, भूउपयोग, औद्योगिक तथा जोखिम संवेदनशील क्षेत्रको अवस्थिति, पहिचान र विवरण सङ्कलन गर्नुपर्दछ। सहभागितामूलक नक्साङ्कन प्रक्रियाबाट सङ्कलित सूचना तथा विवरणको आधारमा भौगोलिक सूचना प्रणालीमा आधारित नक्सा तयार गरी सोको आधारमा वस्तुस्थिति विश्लेषण, आयोजना तथा कार्यक्रम स्थानगत अवस्थिति निर्धारण र स्थानगत नक्साङ्कन गर्नुपर्दछ।

### ग. वस्तुस्थिति विश्लेषण

वस्तुस्थिति विवरण तथा सहभागितामूलक छलफलका माध्यमबाट विषयगत रूपमा विद्यमान सम्भावना तथा अवसर र समस्या तथा चुनौतीको विश्लेषण गरी प्रस्तुत गर्नुपर्दछ। यसरी वस्तुस्थिति विश्लेषण गर्दा विषयगत क्षेत्रभित्रका उपक्षेत्रको अवस्था स्पष्ट हुने कुरालाई ध्यान दिनुपर्दछ। वस्तुस्थिति विवरणले

दर्शाएको अवस्थालाई सहभागितामूलक छलफल गरी विश्लेषणको निष्कर्षमा पुग्नुपर्दछ। स्थितिपत्रमा प्रस्तुत आधाररेखा सूचना र सहभागितामूलक कार्यशालाको छलफलको निष्कर्षको आधारमा विषय क्षेत्र तथा उपक्षेत्रगत रूपमा विद्यमान अवस्था, सम्भावना, समस्या तथा चुनौती एवम् चाल्नुपर्ने कदमको विवरण तयार गर्नुपर्दछ। यसका लागि देहायअनुसारको ढाँचा प्रयोग गर्न सकिनेछ :-

| स्थानीय सरकारका अधिकारका विषय क्षेत्र/उपक्षेत्रहरू | विद्यमान अवस्था र सम्भावना (हामीसँग के छ?) | समस्या र चुनौती (हामीसँग के छैन?) | सम्भावना उपयोगको रणनीति (अब के गर्ने?) |
|---|---|---|---|
| **आर्थिक विकास** (कृषि र खाद्य सुरक्षा, सिंचाई, पशु विकास, पर्यटन, उद्योग, सहकारी तथा वित्तीय सेवा) | | | |
| **सामाजिक विकास** (शिक्षा, स्वास्थ्य, समाजिक समावेशीकरण, संरक्षण, खानेपानी सरसफाइ, युवा तथा खेलकुद, कला, भाषा र सँस्कृति) | | | |
| **पूर्वाधार विकास** (आवास, भवन, सडक तथा पुल, यातायात, विद्युत्, ऊर्जा, सञ्चार) | | | |
| **वातावरण तथा विपद् व्यवस्थापन** (वन, भूसंरक्षण, जलवायु परिवर्तन अनुकूलन, वातावरण, फोहोरमैला तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन) | | | |
| **सुशासन तथा संस्थागत विकास** (नीति, कानून, कार्यविधि, मापदण्ड, तथा सुशासन, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन) | | | |

### घ. वस्तुस्थिति विवरण तयारी तथा अद्यावधीकरण

घरपरिवार, संस्थागत सूचना, सहभागितामूलक नक्शाङ्कन विधिबाट सङ्कलित सूचना, आधार नक्शा र वस्तुस्थिति विश्लेषणबाट प्राप्त सूचना तथा विवरणको आधारमा विषय क्षेत्रगत रूपमा गाउँ/नगरपालिकाको यथार्थ अवस्था झल्किने गरी वस्तुस्थिति विश्लेषण सहितको वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिकरण गर्नुपर्दछ। वस्तुस्थिति विवरणले आवधिक योजना तयारीको लागि आवश्यक पर्ने आधाररेखा सूचनालाई समेटेको हुनुपर्दछ। वस्तुस्थिति विवरण तयार गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ अनुसार तयार गर्नुपर्दछ। वस्तुस्थिति विवरणलाई आवधिक योजना दस्तावेजमा नराखी छुट्टै दस्तावेजको रूपमा तयार गर्नुपर्दछ। उक्त कार्यविधिअनुसारको वस्तुस्थिति विवरणको ढाँचा **अनुसूची - २** मा प्रस्तुत गरिएको छ।

## २.६.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता निर्धारण

### क. सोच

दीर्घकालीन सोच भनेको दूरदृष्टि हो। यो भविष्य वा दीर्घकालमा हासिल गर्न चाहेको विकासको आदर्श अवस्थाको परिकल्पना हो। आवधिक तथा रणनीतिक योजना तर्जुमाको सन्दर्भमा दीर्घकालीन सोच

सामान्यतः २०-३० वर्षको लागि सोचेर तय गरिन्छ। यो विकास सम्भावना, विशेषता र स्थानीय बासिन्दाको चाहना र अपेक्षा दर्शाउने खालको हुनुपर्दछ। स्थानीय सरकारको दीर्घकालीन सोच तय गर्दा राष्ट्रिय र प्रदेशको सोच, स्थानीय तहको सम्भावना, विशेषता र प्राथमिकतालाई मध्यनजर गरी तयार गर्नुपर्दछ। यसले विकासको गन्तव्य पहिचान तथा तय गर्दछ। यसलाई स्पष्ट, आकर्षक र संक्षेपमा तयार गर्नु उपयुक्त हुन्छ। सोचलाई पूर्ण वाक्यमा टुङ्गिने गरी तयार गर्नुहुँदैन। सोचलाई मुख्यतः विकास प्रयासहरूबाट प्राप्त हुने साध्यको रूपमा तय गरिनुपर्दछ। साध्यसँगै साधनलाई समावेश गर्न सकिन्छ। यसरी सोच तयार गर्दा पहिलो वाक्यांशमा साध्य र दोश्रो वाक्यांशमा साधन समावेश गर्नु उपयुक्त हुन्छ। सोचलाई सम्भव भएसम्म १० शब्दमा सीमित गर्नु उपयुक्त हुनेछ।

**स्थानीय सरकारको दीर्घकालीन सोचका केही उदाहरण**

"समृद्ध गाउँ/नगर, सुखी गाउँ/नगरबासी"
"सबल आर्थिक केन्द्र, समुन्नत बुटवल"
"समृद्ध धुर्कोट : हाम्रो शान"
"विविधतायुक्त गाउँ शहर : समृद्ध मेरो व्यास नगर"
"सुन्दर समृद्ध साँफेवगर : बनाऔं देशकै नमूना नगर"
"मध्यपहाडी व्यापारिक पर्यटकीय शहर : सुन्दर उत्थानशील, समुन्नत र समृद्ध हाम्रो लिगलिग पालुङटार"

स्थानीय आवधिक योजनाको सोच तयार गर्दा स्थानीय दीर्घकालीन सोच वा दीर्घकालीन योजना तयार भएको भए सोको मार्गचित्र वा परिदृश्यको आधारमा तयार गर्नुपर्दछ। स्थानीय तहको दीर्घकालीन योजनामा दीर्घकालीन सोच, दीर्घकालीन स्थानीय लक्ष्य, रणनीति, प्रमुख सम्बाहक, सहयोगी क्षेत्र, दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू र विषय क्षेत्रगत सोच तर्जुमा गर्नुपर्दछ। मष्तिस्कमन्थन, परामर्श र सोच निर्धारण कार्यशाला गोष्ठीको प्रक्रियाबाट दीर्घकालीन सोच/योजना तयार गर्नुपर्दछ। यस प्रक्रियाबाट दीर्घकालीन योजना तयार गर्दा गाउँ/नगरपालिकाको विकास उपलब्धिको अवस्था, संभावना, गाउँ/नगरबासीले चाहेको अवस्थाको विश्लेषण गरी दीर्घकालीन सोच, लक्ष्य, रणनीति, निर्देशक सिद्धान्त, विकासको गन्तव्य पहिचान तथा तय गर्नुपर्दछ। यसलाई स्पष्ट, आकर्षक र छोटो रूपमा तयार गर्नु उपयुक्त हुन्छ। यसमा विकासको निर्देशक सिद्धान्त, परिवर्तनका संवाहक, सहयोगी क्षेत्र र परिमाणात्मक लक्ष्य निर्धारण गरिन्छ।

दीर्घकालीन योजना तयार नभएको अवस्थामा स्थानीय तहको संभावना, अवसर र अग्रणी क्षेत्रको विश्लेषण गरी सहभागितामूलक अभ्यासद्वारा दीर्घकालीन सोच तयार गर्नुपर्दछ। सोच तयार गर्दा प्रमुख सरोकारवालाको सहभागितामा खेल वा ध्यानको अभ्यास गरी सहभागिहरूले ध्यानको सिलसिलामा सोचेको वा परिकल्पना गरेको भविष्यको परिदृश्यलाई कागतमा उतार्ने र तत्पश्चात् स-साना तथा वृहत् समूहमा छलफल गरी सोचको प्रस्ताव तयार गर्नुपर्दछ। सोच तयार गर्दा नेपाल सरकार, प्रदेश सरकार र उदाहरणको लागि अन्य स्थानीय तहको सोचलाई आधारको रूपमा लिन सकिन्छ। यस प्रकार प्रस्तावित सोचलाई योजना तर्जुमाको विभिन्न चरणमा पुनः छलफल गरी अन्तिम रूप प्रदान गर्नुपर्दछ।

### ख. लक्ष्य

लक्ष्य भनेको योजना अवधिमा योजनाको कार्यान्वयनबाट प्राप्त हुन सक्ने भनी निर्धारण गरिएको अपेक्षित नतिजा हो। यो परिमाणात्मक र गुणात्मक रूपमा कार्यान्वयन र मापन योग्य हुनुपर्दछ। योजना अवधिमा दीर्घकालीन सोचलाई मूर्त रूप दिन निर्धारण गरिएको गन्तब्यलाई लक्ष्यका रूपमा लिइन्छ।

**स्थानीय योजनाको लक्ष्यका केही उदाहरण**

"समृद्ध गाउँ/नगरको आधार तयार गर्ने"
"व्यावसायिक, दर्शनीय र समृद्ध गाउँ/नगरको आधार तयार गर्ने"
"सांस्कृतिक, हरित, सुन्दर र समृद्ध शहरको रूपमा स्थापना गर्ने"
"गाउँ/नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार गर्ने"

लक्ष्यलाई दीर्घकालीन सोच उन्मुख हुने गरी तयार गर्नुपर्दछ। स्थानीय योजनाको लक्ष्यले स्थानीय तहको विकासको सम्भावना र अवसरको अधिकतम उपयोगलाई सङ्केत गरेको हुनुपर्दछ। लक्ष्यलाई इच्छित अन्तिम नतिजा समेटिने गरी सकेसम्म एक वाक्यमा लेख्नु उपयुक्त हुन्छ। लक्ष्य स्पष्ट र मापन योग्य हुनुपर्दछ। लक्ष्य भनेर पहिल्याई उल्लेख गरिएका वाक्यहरु जहिले पनि "ने" मा टुङ्ग्याउनु पर्दछ।

राष्ट्रिय योजनाको लक्ष्य, प्रदेश योजनाको लक्ष्य, स्थानीय तहको सोचलाई आधार लिई र अन्य स्थानीय तहको लक्ष्यलाई सन्दर्भ स्रोतको रूपमा उपयोग गरी स्थानीय आवधिक योजनाको लक्ष्य तयार गर्नुपर्दछ। योजनाको लक्ष्य तयार गर्दा स्थानीय तहको विशेषता र सम्भावनाको उपयोग र सोच उन्मुख हुने गरी योजनाको कार्यान्वयनबाट प्राप्त हुने अन्तिम तहको नतिजाको रूपमा तयार गर्नुपर्दछ। विभिन्न उदाहरण र विकल्पहरू प्रस्तुत गर्दै सानो समूहमा तयार गरी बृहत् समूहबाट अन्तिम स्वरूप प्रदान गर्नुपर्दछ। लक्ष्यको उदाहरण संलग्न बाकसमा प्रस्तुत गरिएको छ। परिमाणात्मक लक्ष्य र गन्तव्यमा समावेश सूचकलाई समेत आधार लिई योजनाको लक्ष्य तयार गर्नुपर्दछ।

### ग. उद्देश्य

योजनाको उद्देश्यले योजनाको कार्यान्वयनबाट के हासिल हुन्छ भन्ने कुरा जनाउने गर्दछ। उद्देश्य लक्ष्य प्राप्तिलाई टेवा पुऱ्याउने र योजना अवधिमा हासिल हुने किसिमको हुनुपर्दछ। उद्देश्यले योजनाको कार्यान्वयन पछि हासिल हुने अवस्थालाई स्पष्ट गर्दछ। उद्देश्य एकभन्दा बढी हुन सक्दछन्। आवधिक योजनाको लक्ष्यका आधारमा विषय क्षेत्रगत रूपमा उद्देश्य तयार गर्नु पर्दछ। उद्देश्य तयार गर्दा देहायका कुराहरूलाई ध्यान दिनु पर्दछ :

- उद्देश्यले लक्ष्य प्राप्ति सम्बन्धी मध्यमकालीन नतिजा समेटेको हुनुपर्दछ;
- उद्देश्य लक्ष्यभन्दा बाहिर जानु हुँदैन;
- उद्देश्य लक्ष्य प्राप्तिलाई टेवा पुऱ्याउने खालको हुनुपर्दछ; र
- उद्देश्य गुणात्मक र परिमाणात्मक रूपमा मापन गर्न सम्भव हुने किसिमको हुनुपर्दछ।

योजनाको कार्यान्वयनबाट हासिल हुने अवस्था वा असरको रूपमा उद्देश्य तयार गर्नुपर्दछ। उद्देश्य तयार गर्दा दिगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य, प्रदेश लक्ष्य, स्थानीय योजनाको लक्ष्य, विषय क्षेत्रगत नीति, लक्ष्य र प्राथमिकताको आधारमा कार्यशालामा समूहगत तथा बृहत् समूह छलफल गरी तयार गर्नुपर्दछ। राष्ट्रिय योजना, प्रदेश योजना र अन्य स्थानीय तहको योजनाको उद्देश्यलाई उदाहरणको रूपमा लिई सहभागितामूलक रूपमा योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त तत्कालीन उपलब्धिको उपयोगबाट प्राप्त हुने नतिजाको आधारमा उद्देश्य तयार गर्नुपर्दछ।

### स्थानीय योजनाको उद्देश्यका केही उदाहरण

१. उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु;
२. स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशील, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्नु;
३. बसोबास, बजार, शहरी सुविधा र अन्तर आवद्धतालाई सहज, सुरक्षित र व्यवस्थित बनाउनु;
४. हरियाली, जैविक विविधता, जमिन र जलश्रोतको समुचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद् उत्थानशीलता सुनिश्चित गर्नु;
५. सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहीको स्तरमा गुणात्मक वृद्धि गर्नु ।

## घ. रणनीति

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाउनु पर्ने उपाय/तरिका/शैली रणनीति हो। योजनाको लक्ष्य तथा उद्देश्य कसरी हासिल गर्ने हो भन्ने कुरा रणनीतिमा उल्लेख गरिन्छ। योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्ने माध्यम भएकोले रणनीतिले योजनाको लक्ष्य तथा उद्देश्य कसरी प्राप्त हुन्छ भन्ने कुराको उत्तर दिन सक्नु पर्दछ। योजनाको उद्देश्यहरू कसरी र कुन माध्यमबाट हासिल गर्न सकिन्छ भन्ने कुरालाई तार्किक रूपमा स्पष्ट गर्न रणनीति तयार गरिन्छ। रणनीतिलाई उद्देश्य हासिल गर्ने उपायको रूपमा तयार गर्नुपर्दछ। आवधिक योजनाको रणनीति निर्धारण गर्दा विकासका प्राथमिकताका क्षेत्रलाई समेट्ने गरी तयार गर्नुपर्दछ।

रणनीति सामान्यतया लक्ष्य र प्राथमिकताहरू तय गर्ने, लक्ष्य प्राप्त गर्ने कार्यहरू निर्धारण गर्ने र क्रियाकलाप कार्यान्वयन गर्न आवश्यक साधनहरू परिचालन गर्ने विधि हो। रणनीतिले कसरी निर्धारित लक्ष्यहरू कुन कुन साधनहरू र कसरी प्रयोग गर्दा लक्ष्यहरू प्राप्त गर्न सकिन्छ भन्ने बाटो तय गर्दछ।

### स्थानीय योजनाको रणनीति (उदाहरणको लागि)

१. तुलनात्मक लाभका कृषि, पर्यटन, उद्योग तथा व्यापार प्रवर्द्धन गर्ने;
२. कृषि, पशुपक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगीकरण गर्ने;
३. प्रारम्भिक बालविकास, गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सुदृढ सरसफाइ तथा खानेपानी सुविधा, सामाजिक सुरक्षामा सहज पहुँच र उपभोग सुनिश्चित गर्ने;
४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ ऊर्जा तथा सञ्चारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने;
५. विकास प्रक्रिया तथा नतिजालाई वातावरणमैत्री, उत्थानशील र दिगो बनाउने; र
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई अभिवृद्धि गर्ने ।

### ङ. कार्यनीति

रणनीतिलाई कसरी कार्यान्वयन गर्ने सोको कार्ययोजना नै कार्यनीति हो । अर्थात् कार्यनीति रणनीति कार्यान्वयनको कार्ययोजना हो । कार्यनीतिले उद्देश्य प्राप्तिको लागि सञ्चालन गर्ने क्रियाकलापलाई निर्देशित गर्दछ । कार्यनीति रणनीतिको सहायक हिस्सा (Subset) पनि हो । अर्थात् कार्यनीति निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि सञ्चालन गरिने कार्यहरूको समूह (Set of Action) हो । आवधिक योजना तर्जुमाको सन्दर्भमा योजनाको गन्तव्यको रूपमा लक्ष्य, सोको आधारमा उद्देश्य तय गरिन्छ। लक्ष्य तथा उद्देश्य हासिल गर्न अवलम्बन गर्ने उपायको रूपमा रणनीति तय गरिन्छ। रणनीतिलाई कार्यान्वयन गर्ने तथा कार्यक्रमलाई निर्देशन गर्ने साधनको रूपमा कार्यनीति तर्जुमा गरिन्छ।

## २.६.५ परिमाणात्मक लक्ष्य निर्धारण

राष्ट्रिय तथा प्रादेशिक लक्ष्यको आधार लिई स्थानीय तहको दीर्घकालीन सोच अनुकूल स्थानीय विकासको गन्तव्यको रूपमा योजनाको परिमाणात्मक लक्ष्य निर्धारण गर्नुपर्दछ । परिमाणात्मक लक्ष्य आवधिक योजनाको लक्ष्य तथा उद्देश्य मापनको सूचकको रूपमा तयार गर्नुपर्दछ। परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गर्नुपर्दछ। स्थानीय तहको आवधिक योजनाका परिमाणात्मक लक्ष्य निर्धारण सम्बन्धी उदाहरण तल प्रस्तुत गरिएको छ :

| क्र.सं. | सुचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | स्थानीय तह | नेपाल | प्रदेश | स्थानीय तह |
| **क.** | **समष्टिगत गन्तव्य तथा सुचक** | | | | | | | |
| १. | मानव विकास सुचकाङ्क | इन्डेक्स | | | | | | |
| २. | औसत आयु | वर्ष | | | | | | |
| ३. | गार्हस्थ्य प्रतिव्यक्ति आम्दानी | युएस डलर | | | | | | |
| ४. | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | प्रतिशत | | | | | | |
| ५. | वेरोजगारी दर | प्रतिशत | | | | | | |
| ६. | निरपेक्ष गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिशत | | | | | | |
| ७. | आर्थिक रूपले सक्रिय जनसङ्ख्या | प्रतिशत | | | | | | |
| ८. | विपद्बाट हुने वार्षिक क्षति रकम | रु.हजारमा | | | | | | |
| **ख** | **विषय क्षेत्रगत गन्तव्य र सुचक** | | | | | | | |
| १. | खाद्यान्न बाली उत्पादन (हजारमा) | मे.टन | | | | | | |
| २. | काठको उत्पादन (लाखमा) | घ.मि. | | | | | | |

| क्र.सं. | सुचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | स्थानीय तह | नेपाल | प्रदेश | स्थानीय तह |
| ३. | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | | | | | | |
| ४. | निर्यात आयात अनुपात | अनुपात | | | | | | |
| ५. | पर्यटक आगमन (हजारमा) | संख्या | | | | | | |
| ६. | पर्यटन क्षेत्रमा रोजगारी (हजारमा) | संख्या | | | | | | |
| ७. | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | | |
| ८. | विद्युत् उत्पादन क्षमता | मे.वा. | | | | | | |
| ९. | सिञ्चित क्षेत्रफल (हजारमा) | हेक्टर | | | | | | |
| १०. | सडक निर्माण लम्बाई (पक्की/ग्राभेल/धुले) | कि.मी. | | | | | | |
| ११. | इन्टरनेट प्रयोगकर्ता जनसङ्ख्या | प्रतिशत | | | | | | |
| १२. | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | | | | | | |
| १३. | विद्यालय (सामुदायिक र संस्थागत) | संख्या | | | | | | |
| १४. | खुद भर्ना दर | प्रतिशत | | | | | | |
| १५. | क) आधारभुत तह (कक्षा १-८) | प्रतिशत | | | | | | |
| | ख) माध्यमिक तह कक्षा (९-१२) | प्रतिशत | | | | | | |
| १६. | प्राविधिक र व्यावसायिक शिक्षामा तालिम प्राप्त जनसङ्ख्या | जना | | | | | | |
| १७. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | | | | | | |
| १८. | बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | | | | | | |
| १९. | तौल कम भएका बालबालिका (५ वर्ष मुनी) | प्रतिशत | | | | | | |
| २०. | आधारभुतस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या | प्रतिशत | | | | | | |
| २१. | सरसफाइ सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | | | | | | |
| २२. | वैक तथा वित्तीय संस्थाको शाखा | सङ्ख्या | | | | | | |
| २३. | जमिनमा महिलाको स्वामित्व हुने परिवार | प्रतिशत | | | | | | |

| क्र.सं. | सुचक/लक्ष्य | एकाइ | आधार वर्षसम्मको अवस्था | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश | स्थानीय तह | नेपाल | प्रदेश | स्थानीय तह |
| २४. | विपद्बाट मृत्यु हुने वार्षिक जनसंख्या | जना | | | | | | |
| २५. | विपद्बाट प्रभावित हुने परिवार संख्या (वार्षिक) | संख्या | | | | | | |
| २६. | प्रकोपबाट कृषि क्षेत्रमा भएको आर्थिक क्षति (वार्षिक) | रु.हजारमा | | | | | | |
| २७. | प्रकोपबाट खानेपानी संरचनामा भएको क्षति (वार्षिक) | वटा | | | | | | |
| २८. | प्रकोपबाट पुर्वाधारमा भएको क्षति (वार्षिक) | वटा | | | | | | |
| २९. | ........................ ........................ | ........ | | | | | | |

स्रोतः .................... गाउँ/नगरपालिकाको समीक्षा प्रतिवेदन तथा वस्तुस्थिति विवरण ......

## २.६.६ संभाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँट

योजना तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्वपूर्ण पक्ष हो। वित्तीय स्रोतको सुनिश्चितता नभई तर्जुमा गरिएको योजनाको कार्यान्वयन प्रभावकारी हुन र सोबाट अपेक्षित उपलब्धि हासिल हुन सक्दैन। तसर्थ योजना तर्जुमा गर्दा वित्तीय स्रोत साधनको यथार्थपरक विश्लेषण हुनुपर्दछ। आवधिक योजना अवधिमा उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतको आकलन तथा विश्लेषण गर्दा आन्तरिक र बाह्य श्रोतबाट प्राप्त हुन सक्ने आयका अतिरिक्त निजी, गैरसरकारी, सहकारी र समुदाय लगायत सबै सरोकारवालाबाट लगानी हुन सक्ने स्रोतहरू समेतको आकलन गरी योजनामा उपलब्ध हुन सक्ने कुल स्रोतको प्रक्षेपण गर्नुपर्दछ।

स्थानीय तहको वित्तीय अधिकार र उपलब्ध हुने स्रोतको बारेमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकार वित्त व्यवस्थापन ऐनले स्पष्ट गरेको छ। योजना अवधिको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोत साधनको विश्लेषण गर्दा संविधानतः स्थानीय तहको राजस्व अधिकारका क्षेत्रबाट परिचालन हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, जनसहभागिता र अन्य स्रोतहरूबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान तथा प्रक्षेपण गर्नुपर्दछ। सम्भाव्य स्रोतको अनुमान तथा प्रक्षेपण गर्ने कार्य वार्षिक योजना तथा बजेट तर्जुमाको लागि गठित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सहयोगमा निर्देशक समितिले गर्नु उपयुक्त हुनेछ। आवधिक योजनाको लागि उपलब्ध हुने संभाव्य स्रोतको प्रक्षेपण गर्दा देहायको आधारमा गर्नुपर्दछ :

(क) स्थानीय तहको राजस्व अधिकारको आधारमा योजनाको अवधिको लागि उपलब्ध हुन सक्ने सम्भाव्य स्रोतहरूको अनुमान तथा प्रक्षेपण गर्नुपर्दछ। स्थानीय तहमा उपलब्ध हुने सम्भाव्य स्रोतहरूमा स्थानीय तहको राजस्व अधिकार क्षेत्रका कर र गैर करका स्रोतबाट सङ्कलन हुने आन्तरिक आय, राजस्व र रोयल्टी

बाँडफाँटबाट प्राप्त हुने रकम, साझा अधिकार क्षेत्रका प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, जनसहभागिता र अन्य अनुदान आदि पर्दछन्।

(ख) गाउँ/नगरपालिकाको राजस्वको संभाव्यता अध्ययनका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिएको अवस्थामा सोअनुसार आन्तरिक आयको प्रक्षेपण गर्नुपर्दछ। यस्तो अध्ययन तथा योजना तर्जुमा नभएको अवस्थामा स्थानीय तहको राजस्व अधिकार क्षेत्र अन्तर्गतका प्रत्येक स्रोतको आधार पहिचान गरी तथ्याङ्कीय आधार, गत विगत वर्षहरूको आयको वृद्धि दरको प्रवृत्ति, सम्झौताको आधार र एकमुष्ट विधि लगायतका आधारमा योजनामा लगानी हुने सम्भाव्य स्रोतहरूको अनुमान तथा प्रक्षेपण गर्नुपर्दछ। आन्तरिक आयको प्रक्षेपण गर्दा राजस्व परामर्श समितिबाट अध्ययन तथा परामर्श गरी तयार गरेको प्रतिवेदनलाई आधार लिनुपर्दछ।

(ग) राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त हुने स्रोतको अनुमान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकारको अर्थ मन्त्रालय र प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने बजेट सीमा तथा गत विगत वर्षहरूको प्रवृत्ति विश्लेषणका आधारमा प्रक्षेपण गर्नुपर्दछ। नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान तथा विशेष अनुदानको हकमा राष्ट्रिय योजना आयोग र प्रदेश सरकारको सम्बन्धित निकायले तोके बमोजिमका क्षेत्र, आयोजना तथा कार्यक्रम, रकमको सीमा र पूरा गर्नुपर्ने शर्तको आधारमा अनुमान तथा प्रक्षेपण गर्नुपर्दछ।

(घ) ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी बापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिता रकमको प्रवृत्ति र गाउँ/नगरपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गर्नुपर्दछ।

(ङ) योजना अवधिमा विकास साझेदार, गैर सरकारी संस्था तथा अन्य स्थानीय सङ्घ/संस्थाहरूबाट परिचालन गर्न सकिने स्रोत र निजी क्षेत्रबाट हुने लगानी समेत सम्बन्धित निकाय वा पक्षहरूसँग समन्वय र परामर्श गरी प्रक्षेपण गर्नुपर्दछ।

योजनाको लागि उपलब्ध हुन सक्ने स्रोत साधनको प्रक्षेपणको आधारमा क्षेत्रगत लक्ष्य, उद्देश्य, कार्यक्रम तथा प्राथमिकता अनुरूप स्रोतको बाँडफाँट गर्नुपर्दछ। योजनाको लागि उपलब्ध हुन सक्ने स्रोत साधनको प्रक्षेपण गर्न देहायअनुसारको ढाँचा उपयोग गर्न सकिनेछ।

| बजेटका स्रोतहरू | गत वर्षको यथार्थ (रु.) | चालु आ.व. को अनुमान (रु.) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | ५ वर्षको जम्मा |
| **१. आन्तरिक आय** | | | | | | | | |
| क. कर राजस्व | | | | | | | | |
| ख. गैर कर राजस्व | | | | | | | | |
| **२. राजस्व बाँडफाँट** | | | | | | | | |
| क. नेपाल सरकार | | | | | | | | |
| ख. प्रदेश सरकार | | | | | | | | |

| बजेटका स्रोतहरू | गत वर्षको यथार्थ (रु.) | चालु आ.व. को अनुमान (रु.) | आगामी ५ वर्षको स्रोतअनुसार प्रक्षेपण रकम (रु.) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो आ.व. | दोश्रो आ.व. | तेश्रो आ.व. | चौथो आ.व. | पाँचौ आ.व. | ५ वर्षको जम्मा |
| **३. रोयल्टी बाँडफाँट** | | | | | | | | |
| क. वन रोयल्टी | | | | | | | | |
| ख. खानी रोयल्टी | | | | | | | | |
| ग. विद्युत् रोयल्टी | | | | | | | | |
| घ. पर्वतारोहण रोयल्टी | | | | | | | | |
| ङ पानी तथा अन्य रोयल्टी | | | | | | | | |
| **४. नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | | | | | | | | |
| क. वित्तीय समानीकरण अनुदान | | | | | | | | |
| ख. सशर्त अनुदान | | | | | | | | |
| ग. समपुरक अनुदान | | | | | | | | |
| घ. विशेष अनुदान | | | | | | | | |
| **५. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | | | | | | | | |
| क. वित्तीय समानीकरण अनुदान | | | | | | | | |
| ख. सशर्त अनुदान | | | | | | | | |
| ग. समपुरक अनुदान | | | | | | | | |
| घ. विशेष अनुदान | | | | | | | | |
| **६. अन्य अनुदान (सामाजिक सुरक्षा ....)** | | | | | | | | |
| **७. जनसहभागिता** | | | | | | | | |
| **८. निजी लगानी** | | | | | | | | |
| **९. अन्तर स्थानीय तह साझेदारी रकम** | | | | | | | | |
| **१०. गैसस र सामुदायिक क्षेत्रको लगानी** | | | | | | | | |
| **११. आन्तरिक ऋण परिचालन** | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | |

### २.६.७ मानव संशाधनको आवश्यकता पहिचान र प्रक्षेपण

आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्त गर्न निर्धारित रणनीति तथा कार्यनीति अनुसार कार्यक्रम सञ्चालन गर्न स्थानीय विशेषता, आवश्यकता र प्रमुख कार्यक्रम सञ्चालन कार्यबोझको आधारमा सङ्गठन प्रस्ताव तयारी तथा जनशक्तिको प्रक्षेपण गर्नुपर्दछ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रक्रियाद्वारा सङ्गठन संरचनाको प्रस्ताव तयार गरी स्थानीय तहको विशेषता, आवश्यकता र आवधिक योजना तथा कार्यक्रमको प्राथमिकता अनुसार नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक मानव संशाधनको पहिचान, अभिलेखीकरण र वर्गीकरण समेत गरी मानव संशाधनको प्रक्षेपण गर्नुपर्दछ। यसरी मानव संशाधनको प्रक्षेपण गर्दा मौजुदा मानव संशाधनको अवस्था, नयाँ सङ्गठन संरचना, आवश्यकता, नीति तथा कानून अनुसारको प्रशासनिक खर्चको सीमा र स्थानीय तहको अधिकारका विषय क्षेत्रलाई मध्यनजर गर्नुपर्दछ। मानव संशाधनको प्रक्षेपण तयार गर्दा देहायअनुसारको ढाँचा प्रयोग गर्न सकिनेछ।

| विषय क्षेत्र/ महाशाखा/ शाखा/एकाइ | सेवा/ समूह | स्तर अनुसार आवश्यक मानव संशाधन (जना) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अधिकृत दशौं | अधिकृत नवौं | अधिकृत आठौं | अधिकृत सातौं | अधिकृत छैटौं | सहायक पाँचौं | सहायक चौथो | अन्य | जम्मा |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

यस सम्बन्धी विस्तृत विवरण आवधिक योजनाको विषयवस्तुसँग सम्बन्धित अनुसूची ६ मा प्रस्तुत गरिएको छ।

### २.६.८ विषय क्षेत्रगत योजना तर्जुमा

स्थानीय तहको अधिकार क्षेत्रका सबै विषयगत क्षेत्र समेट्ने गरी विषयगत योजना तर्जुमा गर्नुपर्दछ। स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितिको लागि गठित विषयगत योजना तर्जुमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारावालासँगको सहभागितामा कार्यशाला गोष्ठी तथा परामर्श गरी विषय क्षेत्रगत योजना तर्जुमा गर्नुपर्दछ। विषय क्षेत्रगत योजनामा सो विषय क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, अपेक्षित उपलब्धि र नतिजा खाका तर्जुमा गर्नुपर्दछ। वस्तुस्थिति विश्लेषण विवरणमा उल्लिखित आधाररेखा सूचनाको आधारमा विषयगत समिति र सम्बन्धित सरोकारवालाको सहभागितामा सहभागितामूलक कार्यशाला र परामर्शको प्रक्रियाबाट विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गर्नुपर्दछ।

### (क) लक्ष्य

विषय क्षेत्रगत लक्ष्यलाई गाउँ/नगरपालिकाको समष्टिगत विकासको दीर्घकालीन सोच तथा विषय क्षेत्रगत सोच उन्मुख हुने गरी तयार गर्नुपर्दछ। विषय क्षेत्रगत लक्ष्यले स्थानीय तहको विषय क्षेत्रगत सम्भावना र अवसरको अधिकतम उपयोगलाई सङ्केत गरेको हुनुपर्दछ। विषय क्षेत्रगत लक्ष्य निर्धारण गर्दा विषयगत उपलब्धि तथा आधाररेखा सूचनाको आधारमा गर्नुपर्दछ। लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्य, सङ्घ तथा प्रदेश योजनाको लक्ष्य र समष्टिगत लक्ष्यसँगको अन्तरसम्बन्ध र परिपूरकतालाई समेत ध्यान दिनुपर्दछ। विषयगत समितिहरूले सहभागितामूलक कार्यशाला तथा परामर्श गरी विषयगत नीति तथा कानून कार्यान्वयन गर्न सहयोग पुग्ने गरी सम्बन्धित विषयगत क्षेत्रको लक्ष्य निर्धारण गर्नुपर्दछ।

### (ख) उद्देश्य

विषय क्षेत्रगत उपलब्धि र आधाररेखा सूचनामा आधारित भई लक्ष्य प्राप्त गर्ने मध्यमकालीन नतिजाको रूपमा उद्देश्य तर्जुमा गर्नुपर्दछ। स्थानीय विकासको सम्भावना र अवसरको उपयोग तथा समस्याको समाधानका विकल्प सहित सहभागितामूलक विधिद्वारा विषय क्षेत्रको उद्देश्य तर्जुमा गर्नुपर्दछ।

### (ग) रणनीति तथा कार्यनीति

रणनीतिलाई विषय क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्ने उपायको रूपमा तयार गर्नुपर्दछ। योजनाको लक्ष्य एवम् उद्देश्य कसरी प्राप्त गर्ने भन्ने कुरा रणनीतिमा उल्लेख गरिन्छ। विषय क्षेत्रको उद्देश्यको नम्बर प्रदान गरी सो अनुसार क्रमिक रूपमा रणनीति तर्जुमा गर्नुपर्दछ।

रणनीति कार्यान्वयन गर्न कार्यनीति तर्जुमा गर्नुपर्दछ। कार्यनीतिले कार्यक्रम तथा आयोजनाको कार्यान्वयनलाई दिशाबोध गर्दछ। उद्देश्य अनुसार रणनीतिको नम्बर र रणनीतिअनुसार कार्यनीतिको नम्बर प्रदान गर्नुपर्दछ।

### (घ) कार्यक्रम तथा आयोजना

विषय क्षेत्रगत योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य एवम् रणनीति कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजना छनौट गरिन्छ। निर्धारित उद्देश्य वा अपेक्षित नतिजा हासिल गर्न कार्यक्रम तर्जुमा गरिन्छ। कार्यक्रम कार्यान्वयनको उपज वा फल नतिजा हो। नतिजा प्रभाव, असर र प्रतिफल गरी तीन तहका हुन्छन्। विषय क्षेत्रको नतिजा हासिल गर्न रणनीति, कार्यनीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। कार्यक्रम तर्जुमा गर्दा प्रभावकारिता, समता, लागत प्रभावकारिता, सिर्जनशीलता, सम्भाव्यता र दिगोपनालाई ध्यान दिनुपर्दछ।

#### विषय क्षेत्रगत योजनामा समावेश हुने विषयहरू

देहायअनुसारका विषयहरू समावेश गरी विषय क्षेत्रगत योजना तर्जुमा गर्नुपर्नेछ :

- पृष्ठभूमि
- समस्या र चुनौती
- सम्भावना तथा अवसर
- लक्ष्य
- उद्देश्य
- रणनीति तथा कार्यनीति
- प्रमुख कार्यक्रम तथा आयोजना
- अपेक्षित उपलब्धि तथा नतिजा खाका
- जोखिम तथा पूर्वानुमान

स्थानीय आवधिक योजनालाई कार्यान्वयन योग्य बनाइ मध्यमकालीन खर्च संरचना मार्फत श्रोत साधनसँग तालमेल गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनालाई यथासम्भव स्थानगत रूपमा तयार गर्नुपर्दछ। आवधिक योजनामा समावेश गर्ने आयोजना तथा कार्यक्रम निर्धारण

भएपश्चात् सो अन्तर्गत विशेष गरी भौतिक विकाससँग सम्बन्धित परियोजनाहरू निर्दिष्ट गरी भौगोलिक सूचना प्रणाली वा अन्य प्रणालीद्वारा नक्शाङ्कन गर्नुपर्दछ। यसका लागि जोखिम संवेदनशील भूउपयोग योजना, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड, भौतिक विकास तथा निर्माण सहित भौतिक विकास योजनालाई निर्दिष्ट गरी आवधिक योजनाको कार्यक्रम तथा आयोजनामा समावेश गर्नुपर्दछ। यस प्रकार आयोजना तथा कार्यक्रममा निर्दिष्ट परियोजना समावेश गर्दा निर्माण स्थल र भौतिक अवस्थिति उल्लेख गर्ने र भौतिक अवस्थिति निर्दिष्ट हुन नसक्ने कार्यक्रमको हकमा सोको विवरण समावेश गर्नुपर्दछ।

विषय क्षेत्रगत योजनामा प्रस्तुत आयोजना तथा कार्यक्रमलाई संभाव्यता अध्ययन वा विस्तृत अध्ययन पश्चात् त्यस्ता आयोजना तथा कार्यक्रम प्राथमिकीकरण र समावेश गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ। आधार वर्षको अवस्था, योजना अवधिको लक्ष्य (सम्भव भएसम्म) र अनुमानित आवश्यक रकम र सोको स्रोत एवम् स्थानगत विवरण समेत खुलाई कार्यक्रम तथा आयोजनाको विवरण तयार गर्नुपर्दछ। कार्यक्रम तथा आयोजनाको विवरण **अनुसूची - ३** बमोजिमको ढाँचामा तयार गर्नुपर्दछ। आवधिक योजनामा समावेश गर्ने प्रमुख कार्यक्रम तथा आयोजना तर्जुमा गर्दा **अनुसूची - १** मा प्रस्तुत दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरूलाई विशेष ध्यान दिनुपर्नेछ। स्थानीय आवधिक योजनामा समावेश गर्नुपर्ने स्थानगत विशेषतामा आधारित आयोजना तथा कार्यक्रमको सूची उदाहरणको लागि **अनुसूची - ४** मा उल्लेख गरिएको छ।

### (ङ) अपेक्षित नतिजा तथा नतिजा तालिका

योजनालाई नतिजामूखी बनाउन नतिजा खाकाको तयारी आवश्यक हुन्छ। नतिजालाई प्रतिफल (तत्काल हासिल हुने), असर (प्रतिफलका कारण हासिल हुने) र प्रभाव (अन्त्यमा हासिल हुने) तीन तहमा वर्गीकरण गरिएको हुन्छ। नतिजालाई सूचकका आधारमा मापन गर्न सकिने हुनुपर्दछ। सूचकको मानमा हुने बदलावबाट अपेक्षित नतिजा तय गरिन्छ। सोही सूचकका मानका आधारमा अपेक्षित नतिजा हासिल भए नभएको अनुगमन तथा मूल्याङ्कनबाट जानकारी हासिल गर्न सकिन्छ। दिगो विकास लक्ष्यका स्थानीय तहसँग सम्बन्धित सूचकसमेतलाई मध्यनजर गरी नतिजा खाका तयार गर्नुपर्दछ। नतिजा खाकाको नमूना **अनुसूची - ५** मा उल्लेख गरिएको छ। अपेक्षित नतिजा तयार गर्दा कार्यक्रम कार्यान्वयन भैसकेपछि योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल तथा उपलब्धि के प्राप्त हुन्छ सो उल्लेख गर्नुपर्दछ। सोच तालिका तयार गर्दा **अनुसूची - १** मा उदाहरण स्वरूप प्रस्तुत दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि स्थानीय तहले योजना तर्जुमा गर्दा समावेश गनुपर्ने परिमाणात्मक सूचकहरूलाई आधार लिनुपर्दछ।

### (च) अनुमान तथा जोखिम पक्ष

अपेक्षित नतिजा हासिल गर्ने प्रक्रियामा आइपर्ने सक्ने समस्या तथा चुनौतीहरूलाई अनुमानको रूपमा योजनामा समावेश गर्नुपर्दछ। यसैगरी योजना कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आकलन जोखिम पक्षमा उल्लेख गर्नुपर्दछ। यसको पहिलो वाक्यमा पूर्वानूमान र दोश्रो वाक्यमा जोखिम पक्ष उल्लेख गर्नुपर्दछ।

### (छ) आवधिक योजनामा समावेश गर्नुपर्ने विषय क्षेत्र

विषय क्षेत्रगत योजना तर्जुमा गर्दा स्थानगत योजना (Spatial Planning) को अवधारणामा आधारित भई भौगोलिक सूचना प्रणाली वा एकीकृत योजना तर्जुमा सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न उपयुक्त हुन्छ। यस प्रकार योजना तर्जुमा गर्दा अध्ययन, विश्लेषण र सहभागितामूलक कार्यशालाको प्रक्रिया अवलम्बन गर्नुपर्दछ। स्थानीय आवधिक योजनामा स्थानीय परिवेशका आधारमा कम्तिमा देहायका विषय क्षेत्रहरू समावेश गरिएको हुनुपर्दछ :

- **भूउपयोग क्षेत्रः** भूउपयोग क्षेत्र निर्धारण गर्दा नेपाल सरकारबाट जारी भूउपयोग नीति, २०७२ तथा भूउपयोग ऐन, २०७६ लाई आधार लिनुपर्दछ । यस नीति अनुसार स्थानीय तहले भूउपयोग क्षेत्र निर्धारण तथा योजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको भूगोललाई स्थानीय विशेषताको आधारमा (१) कृषि क्षेत्र, (२) आवासीय क्षेत्र, (३) व्यावसायिक क्षेत्र, (४) औद्योगिक क्षेत्र, (५) खानी तथा खनिज क्षेत्र, (६) साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, (७) नदीनाला तथा तालतलैया क्षेत्र (८) वन क्षेत्र, (९) सार्वजनिक उपयोग तथा खुल्ला क्षेत्र र (१०) निर्माण तथा अन्य क्षेत्रमा विभाजन गर्न सकिन्छ । यसरी भूउपयोग क्षेत्र निर्धारण गर्दा मौजुदा उपयोग, भूबनोट, भूक्षमता, उपयुक्तता तथा स्थानीय आवश्यकता समेतलाई आधार मान्नु पर्दछ । भूउपयोग क्षेत्र निर्धारण तथा योजना तर्जुमा गर्दा स्थानीय सरकारी ऐनको दफा २७ बमोजिम जोखिम संवेदनशीलताका आधारमा गर्नुपर्दछ ।
- **वातावरण संरक्षण क्षेत्रः** यस क्षेत्रमा स्थानीय तहले आफ्नो क्षेत्रमा आवश्यक पार्क, हरित उद्यान, बोटानिकल गार्डेन, वन तथा संरक्षण क्षेत्र, ससाना हरित आइल्याण्ड, फोहोर सङ्कलन केन्द्र, ल्याण्डफिल साइट, सडक किनार वृक्षारोपण तथा हरियाली, ताल पोखरी संरक्षण, इनार तथा पानीको मुहान संरक्षण र नदी किनार संरक्षण जस्ता विषयहरू पर्दछन् । वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरणमैत्री स्थानीय शासनका प्रारूपमा उल्लिखित सूचकहरूको कार्यान्वयनलाई प्राथमिकतामा राख्नुपर्दछ ।
- **स्थानीय यातायात क्षेत्रः** गाउँपालिका तथा नगरपालिकाले स्थानीय आर्थिक विकास तथा सार्वजनिक सेवामा स्थानीय नागरिकको सहज पहुँचको लागि स्थानीय यातायात योजना निर्माण गर्नुपर्दछ । यस योजनामा निर्धारित अवधिमा निर्माण हुने सडक, पुल तथा यातायातका अन्य माध्यमको खाका तयार गर्नुपर्दछ । सडक निर्माण योजना तर्जुमा गर्दा सडकको वर्गीकरण, मापदण्ड र अधिकार क्षेत्रका बारेमा ध्यान दिनुपर्दछ । सहरी योजना, वस्ती विकास तथा भवन निर्माणसम्बन्धी मापदण्ड, २०७२ ले सडक अधिकार क्षेत्रको स्पष्ट व्यवस्था गरेको छ । स्थानीय तहले सडक निर्माण गर्दा सडक किनारा हरियाली, पेटी, र सहरी क्षेत्रमा पार्किङस्थल र साइकल लेनसहितको सडक निर्माण गर्नुपर्दछ ।
- **स्थानीय सार्वजनिक पूर्वाधार विकास क्षेत्रः** यस क्षेत्र अन्तर्गत खेलकुद मैदान, कभर्डहल, सामुदायिक भवन, सिटी हल, रङ्गशाला, सडकबत्ती, प्रशासनिक तथा सेवा केन्द्र भवन, पर्यटकीय पूर्वाधार लगायतका पूर्वाधारहरू समावेश गरिन्छ ।
- **एकीकृत बस्ती विकास, जग्गा एकीकरण तथा आवास क्षेत्रः** ग्रामीण क्षेत्रका गाउँपालिका तथा नगरपालिकाको सबैभन्दा ठूलो चुनौती भनेको छरिएका बस्तीको एकीकरण सहित एकीकृत बस्ती विकास गर्नु हो । एकीकृत बस्तीले सार्वजनिक सेवा, सडक लगायतका सार्वजनिक पूर्वाधारको लागत घटाउँछ, सामाजिक पूँजी बढाउँछ र आर्थिक गतिविधि र उत्पादकत्व बढाउँदछ । जग्गा एकीकरण तथा विकासले एकीकृत बस्ती बसाउन वा कृषि प्रयोजनका लागि नमिलेका जग्गालाई मिलेको खण्ड (Plot) मा रूपान्तरण गर्दछ । गाउँ/नगरपालिकामा भूउपयोग योजना र भूउपयोग क्षेत्रको आधारमा खेतीयोग्य जग्गा बाहेकको जग्गामा व्यवस्थित घडेरी विकास तथा बिक्री गरेर एकीकृत बस्ती विकास गर्न सकिन्छ । बस्ती विकास योजनामा बस्तीको विस्तार (Sprawl) भन्दा बस्तीको सघनतामा जोड दिनुपर्दछ । सरकारी कार्यालय पनि छरपस्ट रूपमा भन्दा एकीकृत रूपमा बनाउँदा सेवा प्रवाह, समन्वय र सञ्चार गर्न सहज हुन्छ ।

- **स्थानीय आर्थिक विकास क्षेत्रः** स्थानीय आर्थिक विकास क्षेत्रमा निजी लगानी परिचालन; लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, उत्पादनशील पूर्वाधार निर्माण, औद्योगिक करिडोर, औद्योगिक ग्राम निर्माण, आयमूलक तथा सीपमूलक कार्यक्रमको सञ्चालन, बहुप्राविधिक शिक्षालयको निर्माण र वस्तु विशेषका औद्योगिक क्षेत्रको विकास जस्ता विषयहरू समावेश हुनुपर्दछ । नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम, एक स्थानीय तह एक उत्पादन र एक घर एक उत्पादन लगायतका अवधारणालाई पनि स्थानीय आर्थिक विकास क्षेत्रमा समावेश गर्नुपर्दछ ।
- **सामाजिक विकास क्षेत्रः** स्थानीय तहको जिम्मेवारीमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बाल विकास, युवा र खेलकुद, कला तथा सँस्कृति लगायत सामाजिक विकास र सेवा प्रवाहसँग सम्बन्धित विषयहरूलाई यस क्षेत्रमा समावेश गर्नुपर्दछ । यस अन्तर्गत अस्पताल निर्माण तथा सञ्चालन, प्राविधिक धार तथा शिक्षा सञ्चालन, एक विद्यालय एक विशेषताका कार्यक्रम आदि पर्दछन् ।
- **संस्थागत विकास क्षेत्रः** यस क्षेत्र अन्तर्गत स्थानीय तहको संस्थागत विकासका लागि गरिने क्षमता विकास, सङ्गठन विकास, जनशक्ति विकास आदि पर्दछन् ।
- **विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकास क्षेत्रः** व्यवस्थित गाउँ र सहरमा पर्याप्त खुल्ला स्थान हुनुपर्दछ । सक्षम गाउँ तथा सहरहरू उत्थानशील हुन्छन् र जस्ले विपद्सँग जुध्न सक्दछन् । यस विषय क्षेत्रअन्तर्गत सहरी योजना तथा भवन संहिताको कार्यान्वयन, भूकम्प प्रतिरोधी भवनको निर्माण र रेट्रोफिटिङ्ग, विपद् र जलवायु जोखिम न्यूनीकरण र उत्थानशीलता विकास, विपद् पूर्वतयारी, वर्षात्को पानी सङ्कलन, भू तथा जलाधार संरक्षण, पोखरी निर्माण तथा संरक्षण, विकासका पूर्वाधार संरक्षण जस्ता विषयहरू पर्दछन् ।
- **पुनरुत्थान तथा पुनर्निर्माण क्षेत्रः** ऐतिहासिक तथा साँस्कृतिक महत्वका प्राचीन सहर, गाउँ तथा बस्तीहरूले आफ्नो मौलिकता जोगाउन, सम्पदाहरूको संरक्षण गर्न र पर्यटकीय आकर्षणको केन्द्र बनाउन पुनरुत्थान तथा पुनर्निर्माण  आवश्यक हुन्छ । यस्ता ऐतिहासिक र साँस्कृतिक महत्वको सम्पदायुक्त गाउँपालिका तथा नगरपालिकाले पुनरुत्थान तथा पुनर्निर्माण  योजना निर्माण गरी ऐतिहासिक र साँस्कृतिक गौरवलाई फर्काउन सक्दछन् । यसैगरी भूकम्प, बाढी, पहिरो, महामारी लगायतका प्रकोपको कारण सिर्जित विपद्  पश्चात् अझ बलियो निर्माण, पुननिर्माण र सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमहरू समेत यस क्षेत्रमा समावेश गर्नुपर्दछ । सहरको पुनरुत्थान गर्दा नेपालको प्राचीन सम्पदा जोगिने गरी गर्नुपर्छ ।

## २.६.९ आवधिक योजनाको दस्तावेजको मस्यौदा तयारी

वस्तुस्थिति विवरण र अन्य स्रोतबाट प्राप्त आधार सूचना, योजना तर्जुमा कार्यशाला गोष्ठीको नतिजा, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त निष्कर्षलाई तर्कबद्ध रूपमा लिपिबद्ध गरी आवधिक योजना दस्तावेजको मस्यौदा तयार गर्नुपर्दछ। आवधिक योजनाको ढाँचा **अनुसूची - ६** मा प्रस्तुत गरिएको छ। आवधिक योजना दस्तावेज तयार गर्दा सन्दर्भ सामग्रीको रूपमा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य गाउँ/नगरपालिकाको योजना, साविक जिल्ला, नगरपालिका तथा गाउँ विकास समितिका आवधिक, विषय क्षेत्रगत गुरुयोजनाको प्रारूपलाई उपयोग गर्न सकिन्छ। योजनाविद्, विषयविज्ञ तथा सरोकारवालाको समेत सुझाव लिई योजनाको मस्यौदा दस्तावेज तयार गर्नुपर्दछ।

## २.६.१० मस्यौदा प्रस्तुति, सुझाव सङ्कलन तथा अन्तिम स्वरूप प्रदान

आवधिक योजनाको मस्यौदा दस्तावेजलाई सरोकारवालामाझ प्रस्तुत गरी सुझाव सङ्कलन गर्नुपर्दछ। कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, कार्यपालिका कार्यालय तथा विषयगत महाशाखा/शाखाका कर्मचारी, राजनीतिक दल र सरोकारवालाहरूबाट सुझाव सङ्कलन गर्नुपर्दछ। यसका लागि कार्यशालाको आयोजना गरी विषयगत समूह तथा बृहत् समूहमा छलफल र परामर्शद्वारा आवधिक योजनालाई पूर्णता प्रदान गर्नुपर्दछ। यसका अतिरिक्त विषय विज्ञ, जिल्ला समन्वय समिति र प्रदेश सरकार तथा स्थानीय तहमा रहेका सङ्घीय एकाइहरूको पनि सुझाव लिनु उपयुक्त हुन्छ।

सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा आवधिक योजनाको मस्यौदालाई परिमार्जन गरी आवधिक योजनाको दस्तावेजलाई अन्तिम रूप प्रदान गर्नुपर्दछ। आवधिक योजनालाई अन्तिम रूप प्रदान गर्नु अघि राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकतासँग तादात्म्यता भए नभएको यकिन गरी योजनाको गुणस्तर सुनिश्चतताका लागि योजनाको मस्यौदा दस्तावेज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउनु पर्नेछ। यस प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देहायबमोजिमको स्थानीय आवधिक योजना सुझाव समिति रहनेछ :

(क) प्रमुख, योजना तथा विकास सहायता समन्वय महाशाखा - संयोजक
(ख) उपसचिव, राष्ट्रिय योजना आयोग - सदस्य
(ग) उपसचिव (प्राविधिक), स्थानीय पूर्वाधार विभाग - सदस्य
(घ) उपसचिव (प्राविधिक), शहरी विकास मन्त्रालय - सदस्य
(ङ) प्रमुख, योजना तथा अनुगमन शाखा - सदस्य सचिव

समितिले आवश्यकता अनुसार विषयविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। सुझाव समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीय आवधिक योजना तर्जुमा प्रक्रियामा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने;
(ख) स्थानीय आवधिक योजना तर्जुमा सम्बन्धमा स्थानीय तह तथा सरोकारवालाको क्षमता विकास गर्ने;
(ग) स्थानीय आवधिक योजना तर्जुमा प्रक्रियाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र गुणस्तर सुनिश्चिता गर्ने;
(घ) स्थानीय आवधिक योजनाको मस्यौदा अध्ययन तथा पुनरावलोकन गरी सुझाव प्रदान गर्ने;
(ङ) स्थानीय तहको स्वीकृत आवधिक योजनाको अन्तिम दस्तावेज सङ्कलन गरी सोको अभिलेख तयार गर्ने;
(च) स्थानीय तहको आवधिक योजना कार्यान्वयनको अवस्था अध्ययन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने।

यसैगरी स्थानीय आवधिक योजनाको प्रादेशिक लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकतासँग तादात्म्यता भए नभएको निश्चित गरी प्रादेशिक योजनासँग सामाञ्जस्यता कायम गर्न प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग स्वयम् वा उपयुक्त संयन्त्रको व्यवस्था गरी समीक्षा तथा सुझाव उपलब्ध गराउने प्रबन्ध गर्नेछ।

प्रदेश नीति तथा योजना आयोग तथा स्थानीय आवधिक योजना सुझाव समितिले स्थानीय आवधिक योजनाको दस्तावेज अध्ययन तथा पुनरावलोकन गरी मस्यौदा प्राप्त भएको पन्ध्र दिनभित्र लिखित सुझाव उपलब्ध गराउनु पर्नेछ। यसरी प्राप्त सुझाव सम्बोधन हुने गरी योजनालाई अन्तिम रूप दिनुपर्दछ।

उक्त समयभित्र लिखित सुझाव प्राप्त नभएको अवस्थामा स्थानीय तहले अन्य सरोकारवालाबाट प्राप्त सुझावलाई समावेश गरी योजनालाई अन्तिम रूप प्रदान गर्नुपर्दछ। योजनाको दस्तावेजलाई प्रकाशन गर्नु पूर्व भाषागत र प्राविधिक पक्षमा समेत विशेष ध्यान दिनु पर्दछ।

### २.६.११ योजना स्वीकृति तथा कार्यान्वयन

सहभागितामूलक प्रक्रिया अपनाई तयार गरिएको आवधिक योजनाको अन्तिम दस्तावेजलाई गाउँ/नगर कार्यपालिकाबाट विधायिकी प्रक्रिया पूरा गरी स्वीकृति प्रदान गर्नुपर्नेछ। यसरी स्वीकृत भएको योजना कार्यान्वयनका लागि प्रकाशन गरी सम्बन्धित महाशाखा/शाखा, वडा कार्यालय, सहयोगी निकाय, गैर सरकारी तथा अन्य स्थानीय सङ्घ/संस्था र सरोकारवालालाई उपलब्ध गराउनु पर्दछ।

स्वीकृत स्थानीय आवधिक योजनालाई वार्षिक बजेट तथा योजनाका माध्यमबाट कार्यान्वयन गरिन्छ। यसका लागि आवधिक योजनाका आधारमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ। आवधिक योजनामा रहेका कार्यक्रम तथा आयोजनाहरूको संभाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने र सोबमोजिम आयोजना अवधारणा पत्र तयारी र प्राथमिकता निर्धारण गरी आयोजना बैंङ्क तयार गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचना तयार गरी कार्यक्रम तथा आयोजनामा स्रोत सुनिश्चित गरिन्छ र सोही बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। यस प्रकार आवधिक योजनालाई आयोजना बैंङ्क तथा मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक बजेट तथा कार्यक्रममा जोडेर आवधिक योजना कार्यान्वयन गर्नुपर्दछ।

### २.६.१२ अनुगमन तथा मूल्याङ्कन

#### (क) अनुगमन तथा मूल्याङ्कनको अवधारणा

नीति, योजना, कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ छैन र कार्यान्वयन कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई अपेक्षित प्रतिफल हासिल हुने अवस्था भए नभएको निगरानी राख्ने र पृष्ठपोषण गर्ने कार्य अनुगमन हो। यसका लागि आयोजना समयमै सम्पन्न हुन यथोचित रूपमा कार्य भए नभएको कुरालाई निरन्तर तथा आवधिक रूपमा निगरानी गर्नुपर्दछ। यसरी गरिएको निगरानीबाट प्राप्त पृष्ठपोषण तथा सुझावका आधारमा सुधार गर्दै जानुपर्दछ। अनुगमनको उद्देश्य नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी तत्काल समाधान गर्नु हो।

नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रक्रिया तथा प्राप्त नतिजाको बारेमा नियमित, व्यवस्थित र समयबद्ध रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रतिवेदन गर्ने कार्य गर्नुपर्दछ। यसबाट समयमै समस्या पहिचान गरी समाधान गर्न महत्वपूर्ण सहयोग पुग्दछ। अनुगमनको लागि नतिजा तालिका, कार्यान्वयन कार्ययोजना, आयोजना विवरण तालिका र जिम्मेवारी तालिका आदि दस्तावेजहरूको उपयोग गर्नुपर्दछ। स्थानीय तहको नीति, योजना, कार्यक्रम तथा आयोजनाको नियमित, प्रभावकारी तथा नतिजामूलक अनुगमन तथा प्रतिवेदन प्रणालीको लागि अनुगमन योजना बनाउनु आवश्यक हुन्छ।

अनुगमन योजना बनाउँदा सङ्घीय, प्रदेश तथा स्थानीय तहका समसामयिक विषय, मानव विकास सूचकाङ्क, दिगो विकासका लक्ष्य सूचकलाई स्थानीय तहको अधिकार क्षेत्रका विषयमा योगदान गर्ने सूचक स्थापित गरी अनुगमन गर्ने र सोको प्रतिवेदन विषयगत समिति, कार्यपालिका तथा सभामा पेश गर्नुपर्दछ। यसैगरी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रकृति हेरी प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गर्नुपर्दछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको क्षेत्रभित्र क्रियाशील गैर सरकारी संघ/संस्था, सहकारी संस्था, उपभोक्ता समिति लगायतका सामाजिक तथा सामुदायिक संघ/संस्थाहरूले स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नुपर्ने व्यवस्था गरेकोले स्थानीय तहको अनुगमन प्रणालीमा सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाहरूले सञ्चालन गर्ने कार्यक्रम तथा आयोजनाको अनुगमनको समेत व्यवस्था मिलाउनु पर्दछ।

योजनाको कार्यान्वयनबाट निर्दिष्ट उद्देश्य हासिल भए नभएको विश्लेषण गर्ने कार्य मूल्याङ्कन हो। योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो वा भएन र योजनाको कार्यान्वयनबाट लक्षित जनसङ्ख्या, वर्ग तथा समुदायले के कस्तो फाइदा पाए वा पाएनन् सोको अध्ययन र योजना कार्यान्वयनको दिगोपनाको अध्ययन तथा विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ। मूल्याङ्कनलाई सामान्यतः मध्यावधि रूपमा र योजना सम्पन्न भइसकेपछि अन्तिम मूल्याङ्कनका रूपमा गरिन्छ। मूल्याङ्कनबाट प्राप्त निष्कर्ष तथा सिकाइलाई आगामी योजना तर्जुमा प्रक्रियाको क्रममा पृष्ठपोषणका रूपमा लिनुपर्दछ। योजना सञ्चालन अवधि समाप्त भएपछि निर्धारित परिमाणात्मक र गुणात्मक लक्ष्य प्राप्ति भए नभएको अन्तिम मूल्याङ्कन तेश्रो पक्षबाट गराउनु उपयुक्त हुन्छ। योजनाको मूल्याङ्कन सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९४ मा गरिएकोछ।

### (ख) अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

आवधिक योजनाले निर्धारित गरेको लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफलहरू हासिल उन्मुख भए नभएको निगरानी गर्न र लक्ष्य तथा उद्देश्य प्राप्तिको लेखाजोखा गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी योजनाले निर्धारण गरेका लक्ष्य, असर र प्रतिफल हासिल गर्ने दिशातर्फ भएको प्रगति आवधिक रूपमा मापन गर्नुपर्दछ।

यसका लागि योजना कार्यान्वयनका दौरान आइपर्ने समस्याहरूको समाधान एवम् गरिएको लगानी तथा स्रोतसाधनको प्रवाह आशातीत ढङ्गबाट भए नभएको जानकारी समेत प्राप्त गर्नुपर्ने हुन्छ। तसर्थ गाउँ/नगरपालिकाले आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गरी सोको कार्यान्वयनको लागि वार्षिक कार्यान्वयन कार्यतालिका समेत तयार गर्नुपर्दछ। यसरी तयार भएको कार्यान्वयन कार्यतालिकामा अनुगमन तथा मूल्याङ्कनका कार्यहरूसमेत निर्दिष्ट गर्ने एवम् सो अनुसार अनुगमन गर्ने र उद्देश्य प्राप्तिको अवस्था लेखाजोखा गर्न मूल्याङ्कन गर्ने कार्यप्रणाली स्थापित गर्नुपर्दछ।

### (ग) अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

स्थानीय आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गर्नुपर्दछ। प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ र यस कार्यमा वार्षिक विकास कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र प्रतिवेदनको लागि गठित अनुगमन तथा सुपरीवेक्षण समितिलाई परिचालन गर्नुपर्नेछ। आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनमा संलग्न हुने निकायहरू निम्न हुनसक्दछन् :-

- गाउँ/नगर कार्यपालिका
- जिल्ला समन्वय समिति

- अनुगमन तथा सुपरीवेक्षण समिति
- विषयगत समिति
- विषयगत महाशाखा/शाखा, उपशाखा, एकाइ, परियोजना, सङ्घ/संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

### (घ) अनुगमन तथा मूल्याङ्कनका विधि तथा प्रक्रिया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि देहायमा उल्लिखित औजार तथा विधि उपयोग गर्न सकिन्छ:-

- स्थलगत अनुगमन
- कार्ययोजना (लक्ष्य) र प्रगतिबीच तुलना
- नागरिक निगरानी तथा अनुगमन
- नतिजामा आधारित ढाँचाअनुसार वार्षिक समीक्षा
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक मध्यावधि मूल्याङ्कन (तेश्रो पक्षबाट)
- नतिजामूलक ढाँचाअनुसार सहभागितामूलक अन्तिम मूल्याङ्कन (तेश्रो पक्षबाट)

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको ढाँचा र प्रक्रिया देहायअनुसार हुनुपर्दछ। यस बमोजिम नतिजामूलक अनुगमन तथा मूल्याङ्कन योजना तयार गरी आवधिक योजना तथा वार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था कार्यपालिकाले मिलाउनु पर्दछ।

| के गर्ने ? | पुष्टचाई केबाट गर्ने? | कहिले गर्ने ? | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|---|---|
| योजनाको प्रभाव लेखाजोखा तथा मापन गर्ने | ▪ प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>▪ प्रभाव अनुगमन प्रतिवेदन<br>▪ नमूना अध्ययन/सर्वेक्षण<br>▪ मध्यावधि समीक्षा प्रतिवेदन<br>▪ वस्तुस्थिति विवरण<br>▪ आयोजना/कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन | ▪ योजनाको अन्त्यमा (योजनाको समाप्ती पछि)<br>▪ मध्यावधि (तेश्रो वर्षको समाप्ति पछि)<br>▪ प्रभाव अनुगमन (अन्तिम वर्ष) | ▪ नतिजामूलक अनुगमन खाका अनुसार प्रभाव मापन गर्ने<br>▪ सहभागितामूलक छलफल गर्ने<br>▪ नमूना अध्ययन/सर्वेक्षण गर्ने<br>▪ कार्यपालिका र सभाको बैठकमा समीक्षा गर्ने | ▪ स्थानीय सभा, कार्यपालिका, सरोकारवाला र तेश्रो पक्ष |
| योजनाको असर मापन तथा मुल्याङ्कन गर्ने | ▪ मध्यावधि समीक्षा प्रतिवेदन<br>▪ असर अनुगमन प्रतिवेदन<br>▪ वार्षिक समीक्षा प्रतिवेदन<br>▪ नमूना अध्ययन/सर्वेक्षण<br>▪ वस्तुस्थिति विवरण | ▪ वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ नतिजामूलक अनुगमन खाका अनुसार असर मापन गर्ने<br>▪ नमूना सर्वेक्षण गर्ने<br>▪ कार्यपालिकामा समीक्षा गर्ने<br>▪ आयोजना/कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन अध्ययन गर्ने<br>▪ आयोजना/कार्यक्रम भएको खर्चको अध्ययन गर्ने<br>▪ सामाजिक परीक्षण र प्रतिवेदन विश्लेषण गर्ने<br>▪ सहभागितामूलक रूपमा समीक्षा गोष्ठी गर्ने | ▪ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष |

| के गर्ने ? | पुष्टयाई केबाट गर्ने? | कहिले गर्ने ? | कसरी गर्ने ? | कसले गर्ने ? |
|---|---|---|---|---|
| प्रतिफलको अनुगमन तथा मुल्याङ्कन | ▪ त्रैमासिक प्रगति प्रतिवेदन<br>▪ वार्षिक समीक्षा प्रतिवेदन<br>▪ वस्तुस्थिति विवरण | ▪ त्रैमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधी | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>▪ नतिजामुलक अनुगमन खाका अनुसार प्रतिफल मापन गर्ने<br>▪ कार्यपालिका र विषयगत समिति र बैठकमा समीक्षा गर्ने<br>▪ सामाजिक परीक्षण गर्ने तथा प्रतिवेदन विश्लेषण गर्ने | ▪ कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति र विषयगत समिति |
| कार्यक्रम/ आयोजनाको प्रक्रिया अनुगमन | ▪ मासिक प्रगति प्रतिवेदन<br>▪ त्रैमासिक प्रगति प्रतिवेदन<br>▪ गुणस्तर अनुगमन प्रतिवेदन | ▪ पटके, मासिक, चैमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन गर्ने<br>▪ त्रैमासिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>▪ विषयगत समिति र कार्यपालिका बैठकमा समीक्षा गर्ने | ▪ अनुगमन तथा सुपरीवेक्षण समिति, वडा समिति,महा-शाखारशाखा परियोजना तथा गैसस |

## (ङ) योजनाको प्रगति प्रतिवेदन प्रणाली तथा ढाँचा

नतिजामूलक अनुगमन प्रणालीअनुसार नतिजा खाकाको उपयोग गरी प्रस्तावित सूचकअनुसार हासिल हुनुपर्ने लक्ष्य हासिल भए नभएको लेखाजोखा गर्नुपर्दछ। अनुगमन गर्दा योजनाको लक्ष्य, उद्देश्य, प्रतिफल र कार्यक्रम समेत सबै तहमा गरिनु पर्दछ। यसका लागि स्थानीय तहले आफ्नो आवश्यकता र उपलब्ध सूचना तथा विवरणका आधारमा अनुगमन तथा प्रतिवेदन प्रणालीको विकास गरी अवलम्बन गर्न सक्दछन्। साथै स्थानीय तहको तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि राष्ट्रिय प्रणालीसँग आवद्ध सूचना र प्रतिवेदन प्रणाली स्थापना गर्नुपर्ने हुन्छ। यसैगरी अन्तर्राष्ट्रिय प्रतिवद्धतासँग सम्बन्धित दिगो विकास लक्ष्य र राष्ट्रिय अभियानसँग सम्बन्धित विषयहरूको प्रतिवेदन त्रैमासिक, वार्षिक र आवधिक रूपमा नेपाल सरकारले ढाँचा निर्धारण गरेको अवस्थामा तोकिएको ढाँचा बमोजिम र समयतालिका अनुसार गर्नुपर्दछ।

आवधिक योजनाको प्रभाव, असर, प्रतिफल र कार्यक्रम तहमा गरिने नतिजामूलक अनुगमन प्रणालीअनुसार प्रक्रिया तथा हासिल नतिजाको मापन गरी सोको प्रतिवेदन तयार गर्नुपर्दछ। नतिजामूलक अनुगमन प्रणालीमा आधारित भई देहायको ढाँचामा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। यस प्रकार तयार गरिएको प्रतिवेदन उपर विषयगत समिति, कार्यपालिका, सभामा छलफल गर्न र आवश्यकताअनुसार प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गर्नुपर्दछ :

| नतिजा शृङ्खला | कार्यसम्पादनका सूचकहरू | | | भौतिक लक्ष्य | प्रगति (भौतिक र वित्तीय) | लक्ष्य र प्रगति बीचको अन्तर | कारण | समाधानका रणनीति |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | एकाइ | आधार तथ्याङ्क | | | | | |
| **लक्ष्य** | | | | | | | | |
| **असर** | | | | | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| **प्रतिफल** | | | | | | | | |
| १.१ | | | | | | | | |
| २.१ | | | | | | | | |
| **प्रमुख कार्यक्रम** | | | | | | | | |
| १.१.१ | | | | | | | | |
| २.१.१ | | | | | | | | |
| ३.१.१ | | | | | | | | |

## २.७ स्थानीय आवधिक योजना तर्जुमा संलग्न विषय विज्ञ समूहको विवरण

स्थानीय आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहले सम्भव भएसम्म स्थानीय तहमा कार्यरत विज्ञ कर्मचारी टोली परिचालन गर्न उपयुक्त हुनेछ। सो संभव नभएको अवस्थामा स्थानीय तहले आवधिक योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग र सहजीकरण गर्न सार्वजनिक खरिद प्रक्रिया अनुसार सेवा खरिद गरी विज्ञ समूहको सहयोग लिन सक्नेछन्। स्थिति विश्लेषण, स्थलगत अध्ययन, परामर्श तथा कार्यशाला सञ्चालन र दस्तावेज तयारी लगायतका कार्यमा प्राविधिक सेवा उपलब्ध गराउनु विज्ञ समूहको जिम्मेवारी हुनेछ। प्राविधिक सहयोग टोलीका विज्ञ समूहले स्थानीय तहका निर्वाचित पदाधिकारीहरूको प्रत्यक्ष निर्देशन र समन्वयमा स्थलगत रूपमा बसी स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक र वातावरण पक्षको गहिरो अध्ययन तथा विश्लेषण गरेर आवधिक योजना तर्जुमा गर्नुपर्दछ।

प्राविधिक सहयोग टोलीको जिम्मेवारी तथा विस्तृत कार्यविवरण सार्वजनिक खरिद प्रक्रियाबाट प्राविधिक सहयोग परिचालनका लागि सम्बन्धित स्थानीय तहबाट स्वीकृत कार्यसूची अनुसार हुनुपर्नेछ। स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोगका लागि परिचालन हुने विज्ञ टोलीमा कम्तिमा एक जना महिला समेत देहायअनुसारका विशेषज्ञहरू समावेश हुनुपर्ने र तोकिएअनुसार समय प्रदान गर्नुपर्दछ :

(क) टोली प्रमुख तथा योजना विज्ञ;
(ख) अर्थशास्त्री तथा वित्तीय विश्लेषक;
(ग) शहरी योजना तथा पूर्वाधार विज्ञ;
(घ) वातावरण तथा विपद् व्यवस्थापन विज्ञ;
(ङ) समाजशास्त्री/लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विज्ञ;
(च) जनस्वास्थ्य तथा पोषण विज्ञ;
(छ) भौगोलिक सूचना प्रणाली (जीआईएस)/स्थानगत योजना विज्ञ।

स्थानीय तहको विशेषता र आवश्यकता अनुसार आवधिक योजना तर्जुमा विज्ञ समूहमा जियोटेक्निकल इञ्जिनियर र आर्किटेक्ट इञ्जिनियर जस्ता विषय विज्ञको सहभागिताको समेत व्यवस्था गर्न सकिनेछ।

## २.८ विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना

दीर्घकालीन सोच तथा योजना बमोजिम र कानूनी दायित्व पूरा गर्न तथा स्थानीय तहको विशेष आवश्यकता सम्बोधन गर्न र विषय क्षेत्रगत नीति कार्यान्वयन गर्न छुट्टै विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना तर्जुमा गर्नुपर्ने हुन सक्दछ। आवधिक योजनाले विस्तृत र पर्याप्त मात्रामा सम्बोधन नभएको र स्थानीय तहको संभावना, प्राथमिकता र अवसरलाई उपयोग गर्न आवश्यकता महशुस गरिएको अवस्थामा कुनै खास विषय क्षेत्रको लागि छुट्टै विषय क्षेत्रगत रणनीतिक योजना वा कुनै खास क्षेत्रको भौतिक विकासका लागि गुरुयोजना तर्जुमा गर्न सकिन्छ।

कुनै विषय क्षेत्रको नीति कार्यान्वयन गर्न छुट्टै रणनीतिक योजना तथा गुरुयोजना आवश्यक भएमा सोको व्यवस्था दीर्घकालीन तथा आवधिक योजनामा समावेश गरी सोअनुसार तर्जुमा गर्नुपर्दछ। यसरी स्थानीय तहमा विषय क्षेत्रगत नीति कार्यान्वयनको लागि छुट्टै तर्जुमा गर्नुपर्ने रणनीतिक तथा गुरुयोजनाहरूमा भूउपयोग योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (जलवायु अनुकूलन योजना समेत), यातायात गुरुयोजना, पर्यटन गुरुयोजना, भौतिक विकास योजना, प्रारम्भिक बाल विकास योजना, शिक्षा र स्वास्थ्य तथा पोषण क्षेत्र रणनीतिक योजना, खानेपानी तथा सरसफाइ गुरुयोजना लगायतका क्षेत्रहरू पर्दछन् । विषय क्षेत्र रणनीतिक तथा गुरुयोजना तर्जुमा सम्बन्धी विषयमा नेपाल सरकारले मापदण्ड निर्धारण गर्न सक्दछ। आवधिक तथा विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमा गर्दा सम्बन्धित विषय क्षेत्रका विज्ञ टोलीको विशेषज्ञ सेवा उपयोग गर्न सकिनेछ।

परिच्छेद

३

# मध्यमकालीन खर्च संरचना

## ३.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ।

नेपालमा आर्थिक वर्ष २०५९/६० देखि अवलम्बन गरिएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले स्थानीय तहमा विकास योजनाको लक्षित नतिजा हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले समेत स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस परिच्छेदमा मध्यमकालीन खर्च संरचना तर्जुमाको आवश्यकता, ढाँचा तथा प्रक्रियालाई एकीकृत गरी प्रस्तुत गरिएको छ । यसबाट ढाँचा र प्रक्रियामा एकरूपता कायम गरी स्थानीय तहलाई मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ३.२ अवधारणा र उद्देश्य

### ३.२.१ अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यसअन्तर्गत चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। सङ्घ तथा प्रदेशबाट स्थानीय तहलाई विभिन्न शीर्षकमा प्राप्त हुने स्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट

खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework - MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### ३.२.२ उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

(क) आवधिक योजना र वार्षिक योजनालाई बजेटसँग तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु;
(ख) आयोजनाहरूको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनाहरूको लागि स्रोतको सुनिश्चितता गर्नु;
(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;
(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु;
(ङ) बजेट अनुमानलाई यथार्थपरक बनाउनु।

### ३.२.३ मध्यमकालीन खर्च संरचना र योजनाहरूबीचको अन्तरसम्बन्ध

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग आबद्ध गर्दछ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको अन्तरसम्बन्धलाई तलको चित्रबाट स्पष्ट गरिएको छ।

चित्र ८ : आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमबीचको सम्बन्ध




## ३.३ कानूनी तथा संस्थागत व्यवस्था

### ३.३.१ कानूनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो मध्यमकालीन खर्च संरचनामा देहायका विवरणहरू खुलाउनुपर्ने व्यवस्था रहेको छः-

क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्देश्य;

ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याइँ;

ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यसपछिको दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि;

घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण;

ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण;

च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्य;

छ) सञ्चालित योजना भए गत आ.व.मा छुट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले सङ्घ, प्रदेश र स्थानीय तहको कूल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय तह समेतको स्रोत अनुमानका आधारमा मात्र कूल राष्ट्रिय स्रोत अनुमान गर्न सकिने भएको हुँदा सबै गाउँपालिका तथा नगरपालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नु आवश्यक छ।

### ३.३.२ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि स्थानीय तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था गर्नुपर्दछ :-

#### क) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ। समितिको संरचना परिच्छेद ४ को दफा ४.६.२ मा उल्लेख गरिएको छ। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने;

(ख) प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने;

(ग) मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने।

*द्रष्टव्यः विषयक्षेत्रगत खर्चको सीमा निर्धारण गर्दा यस दिग्दर्शनमा उल्लेख भएबमोजिमका पाँचवटा विषय क्षेत्र र उपक्षेत्रको आधारमा चालु र पुँजीगत खर्चमा वर्गीकरण गर्नुपर्नेछ। साथै प्रशासनिक खर्चलाई सुशासन तथा संस्थागत विकास विषयगत क्षेत्र तथा तत्सम्बन्धी उपक्षेत्र अन्तर्गत समावेश गर्नुपर्नेछ।*

#### ख) मध्यमकालीन खर्च संरचना प्राविधिक समिति/कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक प्राविधिक समिति/कार्यदल रहनेछ। सो कार्यदलले प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, परिमार्जनका साथै महाशाखा/शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो महाशाखा/शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्नेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| (ख) | विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरू | - सदस्य |
| (ग) | योजना विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख | - सदस्य सचिव |

कार्यदलले आवश्यकताअनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

मध्यमकालीन खर्च संरचना बजेट तयारी गर्ने सन्दर्भमा कार्यदलले देहायबमोजिमका कार्यहरू सम्पन्न गर्नुपर्नेछ :-

(क) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश गर्ने;

(ख) मध्यमकालीन खर्च संरचना तयारी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गर्ने;

(ग) विषयगत महाशाखा/शाखा तथा समितिहरूसँग आवश्यक समन्वय गर्ने;

(घ) मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्ने;
(ङ) मध्यमकालीन खर्च संरचनासम्बन्धी अन्य कार्यहरू गर्ने।

### ग) विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत महाशाखा/शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुन:प्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरूले गर्नुपर्नेछ। मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहायबमोजिमका कार्यहरू गर्नुपर्नेछ :

(क) विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने;
(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने;
(ग) कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

### घ) बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिमा प्रस्ताव भएका कार्यक्रम/आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपणसहित तयार विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ। समितिको संरचना यस दिग्दर्शनको परिच्छेद ४ को दफा ४.६.५ मा उल्लेख गरिएको छ। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) खर्चको माग र स्रोतको विश्लेषण गरी विषय क्षेत्रगत खर्चको माग र स्रोतको विवरण तयार गर्ने;
(ख) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने;
(ग) स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई खर्च तथा स्रोत अनुमान सहितको मध्यमकालीन बजेट खाका तर्जुमा गर्ने;
(घ) स्थानीय आवधिक योजना तथा विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा तोकिएको ढाँचामा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गर्ने;
(ङ) विषय क्षेत्रगत सन्तुलन तथा प्राथमिकता कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण गर्ने; र
(च) मध्यमकालीन खर्च संरचनालाई अन्तिम रूप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्ने।

## ३.४ कार्यतालिका तथा जिम्मेवारी निर्धारण

मध्यमकालीन खर्च संरचनालाई वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियासँगै आवद्ध गरी चरणबद्ध रूपमा तर्जुमा गर्ने व्यवस्था गर्नुपर्दछ। वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी तुलनात्मक कार्यतालिका **अनुसूची - ७** मा प्रस्तुत गरिएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा देहाय बमोजिमको कार्यतालिका अनुशरण गर्न उपयुक्त हुन्छ:

| क्रियाकलाप | समय सीमा | जिम्मेवारी |
|---|---|---|
| कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्तभित्र | कार्यदल |
| चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा | चैत मसान्तभित्र | कार्यपालिका |
| त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन | बैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | बैशाख १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | बैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा र वडा कार्यालय |
| विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश | असार १० गतेभित्र | कार्यपालिका |
| मध्यमकालीन खर्च संरचना र बजेट SuTRA मा प्रविष्टि | असार मसान्तभित्र | आर्थिक विकास/योजना महाशाखा/शाखा |

## ३.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि नवीन अभ्यास हो। यसका लागि सर्वप्रथम संरचनाको आवश्यकता, महत्व र प्रक्रियागत चरणहरूका बारेमा सम्बद्ध सरोकारवालाहरू स्पष्ट हुन आवश्यक हुन्छ। सोको लागि कार्यपालिकाका सदस्यसहित महाशाखा/शाखाका प्रमुखहरूलाई अभिमुखीकरण गर्नु आवश्यक छ। मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्वन गर्नुपर्ने प्रक्रियागत चरणहरू देहायबमोजिम रहेका छन् :

### ३.५.१ चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा

स्थानीय तहले हरेक आर्थिक वर्षको चैत मसान्तभित्र चालु आवधिक योजना; मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट; कार्यक्रमको लक्ष्य र उपलब्धिको आधारमा स्थानीय आर्थिक तथा सामाजिक परिसूचक समावेश भएको आर्थिक सर्वेक्षण तयार गर्नुपर्दछ। यस्तो आर्थिक सर्वेक्षणको ढाँचा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराउन सक्नेछ। मन्त्रालयबाट ढाँचा उपलब्ध नभएसम्म विषय क्षेत्रगत रूपमा उपलब्धि विवरण तयार गर्नुपर्नेछ। यसरी तयार भएको आर्थिक सर्वेक्षण वा उपलब्धि विवरणका आधारमा आवधिक योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार गर्नुपर्नेछ। कार्यपालिका, विषयगत महाशाखा/शाखा, वडा कार्यालयसँग छलफल गरी योजना महाशाखा/शाखाले आर्थिक सर्वेक्षण तथा आर्थिक खाकाको प्रारम्भिक विवरण तयार गर्नुपर्दछ।

### ३.५.२ त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आँकलन

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले राजस्व परामर्श समितिद्वारा पेश गरिएको प्रतिवेदनलाई मध्यनजर गरी गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको अवस्थामा सोको प्रक्षेपणको आधारमा र त्यस्तो योजना नभएको अवस्थामा विगत वर्षहरूको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषण गरी आन्तरिक आयको प्रक्षेपण गर्नुपर्दछ।

त्यसैगरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको हकमा आगामी आर्थिक वर्षको निमित्त प्राप्त बजेट सीमामा आधारित भई प्रक्षेपण गर्नुपर्दछ। नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरूमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मान्नु पर्दछ। ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी बापत परिचालन हुनसक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँ/नगरपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गर्नुपर्दछ। गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र/उपक्षेत्रगत खर्चको आवश्यकताको आधारमा खर्चको आवश्यकताको आकलन तथा प्रक्षेपण गर्नुपर्दछ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्य वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको बजेटको आकार तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको आकार निर्धारण गर्नुपर्दछ।

### ३.५.३ बजेट सीमा निर्धारण तथा बाँडफाँट

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको प्रक्षेपणको आधारमा बजेट सीमा निर्धारण गर्नुपर्दछ। बजेट सीमा निर्धारण तथा स्रोतको बाँडफाँट गर्दा आवधिक योजना र विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजनाको प्राथमिकता, लक्ष्य तथा उपलब्धिलाई आधार मान्नु पर्दछ। यसैगरी क्रमागत कार्यक्रम तथा आयोजना कार्यान्वयनको अवस्था, आयोजना बैङ्क तयार भएकोमा सोमा सूचीकृत कार्यक्रम तथा आयोजना र तयार नभएको अवस्थामा सम्भाव्यता अध्ययन वा लागत यकिन भएका कार्यक्रम तथा विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना अथवा सो विवरण समेत तयार नभएको अवस्थामा उपक्षेत्रगत रूपमा स्रोतको बाँडफाँट गर्नुपर्दछ।

### ३.५.४ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी तीन वर्षको कुल स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण, विषय क्षेत्र/उपक्षेत्रगत बजेट सीमा र मार्गदर्शन उपर कार्यपालिकाले छलफल गरी स्वीकृत गर्नुपर्दछ। यसरी स्वीकृत भएको खर्च अनुमानमा चालु, पुँजीगत र वित्तीय व्यवस्था सम्बन्धी खर्चको अनुमान र बजेटको स्रोत समावेश भएको हुनुपर्दछ। मार्गदर्शनमा आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने तथा पूरा गर्नुपर्ने शर्तहरू समावेश भएको हुनुपर्नेछ। मार्गदर्शनको ढाँचा **अनुसूची - ८** मा तोकिएबमोजिम हुनुपर्नेछ। स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई तोकिएको समयसीमा भित्र प्रमुख प्रशासकीय अधिकृतले देहायको ढाँचामा सम्बन्धित महाशाखा/शाखा र वडा कार्यालयमा पठाउनु पर्दछः-

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | | बजेटको श्रोत (रु.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | २ | | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| **१. आर्थिक विकास क्षेत्र** | | | | | | | | | | |
| क | कृषि | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ख | पशु सेवा | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ग | उद्योग, व्यापार | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| घ | पर्यटन | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ङ | कृषि बजार आयोजना | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| | ............. | | | | | | | | | |
| **२. सामाजिक विकास** | | | | | | | | | | |
| क | स्वास्थ्य तथा पोषण | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ख | शिक्षा तथा सीप विकास | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ग | खानेपानी तथा सरसफाइ | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| घ | महिला, बालबालिका र लक्षित वर्ग | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | | बजेटको श्रोत (रु.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| ङ | प्राविधिक सीप विकास कार्यक्रम | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| | .......... ......... | | | | | | | | | |
| **३. पूर्वाधार विकास क्षेत्र** | | | | | | | | | | |
| क | बस्ती विकास, आवास तथा भवन | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ख | सडक तथा यातायात | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ग | विद्युत् तथा वैकल्पिक ऊर्जा | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ङ | एकीकृत वस्ती विकास कार्यक्रम | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| | ......... .......... | | | | | | | | | |
| **४. वन तथा वातावरण क्षेत्र** | | | | | | | | | | |
| क | वन तथा हरियाली | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ख | वातावरण व्यवस्थापन | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ग. | पार्क र हरियाली प्रवर्द्धन कार्यक्रम | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| | .......... .......... | | | | | | | | | |

| क.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.) | | | | बजेटको श्रोत (रु.) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **५. संस्थागत विकास क्षेत्र** | | | | | | | | | | |
| क | नीति, कानून तथा सुशासन | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ख | सङ्गठन तथा सेवा प्रवाह | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| ग | विद्युतीय सुशासन कार्यक्रम | पहिलो आ.व. | | | | | | | | |
| | | दोश्रो आ.व. | | | | | | | | |
| | | तेश्रो आ.व. | | | | | | | | |
| | .......... .......... | | | | | | | | | |

*द्रष्टव्यः यसमा उल्लिखित विषय क्षेत्र उदाहरणको लागि मात्र हो । बजेट सीमा र मार्गदर्शन तयार गर्दा स्थानीय तहको अधिकार क्षेत्रका सबै विषयहरूलाई समावेश गर्नुपर्दछ ।*

यसरी बजेट सीमा र मार्गदर्शन पठाउँदा वडा कार्यालयको हकमा विषयक्षेत्रगत सीमा निर्धारण गर्न वा कुनै विषय क्षेत्रमा मात्र बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्ने भएमा सो व्यहोरा मार्गदर्शनमा स्पष्ट रूपमा खुलाएर पठाउनु पर्नेछ। स्थानीय तहको विशेष प्राथमिकतामा परेको विषय क्षेत्र/उपक्षेत्र वा क्रमागत कार्यक्रम तथा आयोजनालाई बजेट सुनिश्चित (Earmark) गर्नुपर्ने भएमा विषयगत महाशाखा/शाखा वा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन पठाउँदा सो समेत खुलाई पठाउनु पर्नेछ। यसैगरी स्थानीय तहको आयोजना बैङ्कमा समावेश भएका वा विस्तृत परियोजना प्रतिवेदन तयार भई वा कूल लागत यकिन भइसकेका बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा कार्यक्रम/उपक्षेत्रगत रूपमा आयोजना विवरण तयार गर्नुपर्नेछ।

## ३.५.५ विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी

प्राप्त बजेट सीमा र मार्गदर्शन भित्र रही सम्बन्धित विषयगत महाशाखा/शाखाले उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदाका लागि विवरण तयार गर्नुपर्दछ। यस्तो विवरण तयार गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप दुई आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गर्नुपर्दछ।

उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विवरण तयार गर्दा सर्वप्रथम आगामी तीन वर्षमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनागत विवरण तयार गर्नुपर्दछ। तर स्थानीय तहमा कार्यक्रमगत रूपमा बजेट तयार गर्ने पद्धति अवलम्बन नभएसम्मका लागि आयोजना बैङ्कमा समावेश भएका, विस्तृत परियोजना

प्रतिवेदन तयार भएका तथा कूल लागत यकिन भएका क्रमागत अथवा बहुवर्षीय आयोजनाको हकमा आयोजनागत रूपमा र अन्यको हकमा उपक्षेत्रगत रूपमा उपलब्ध बजेट सीमाभित्र रही प्राथमिकताको आधारमा कार्यक्रम/आयोजनाको विवरण तयार गर्नुपर्दछ। उदाहरणका लागि आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पशुपन्छी, उद्योग, पर्यटन, सहकारी आदि उपक्षेत्रअनुसार विवरण तयार गर्नुपर्दछ।

कूल लागत यकिन गर्दा आयोजना बैङ्कमा समावेश भएका, विस्तृत आयोजना प्रतिवेदन तयार भएका तथा कूल लागत यकिन भएका क्रमागत वा वहुवर्षीय आयोजनाहरूको हकमा सोही अनुसार उल्लेख गर्नुपर्दछ। लागत अनुमान तयार नभैसकेका आयोजनाको हकमा प्रति एकाइ लागतका आधारमा कूल लागत यकिन गर्नुपर्दछ। साथै कार्यक्रम वा उपक्षेत्रगत रूपमा लागत अनुमान यकिन गर्दा चालु र पुँजीगत खर्चका आधारमा गर्नुपर्दछ। यसरी एकन गरिएको कूल लागतसमेतको आधारमा कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण तयार गर्नुपर्दछ। कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको संक्षिप्त विवरणको ढाँचा **अनुसूची - ९** बमोजिम हुनेछ।

कार्यक्रम तथा आयोजनाको सङ्क्षिप्त विवरणमा समावेश भएका कार्यक्रम तथा आयोजना वा उपक्षेत्रको **अनुसूची -१०** बमोजिमको ढाँचामा त्रिवर्षीय खर्चको अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण एवम् रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, जलवायु सङ्केत तथा लैङ्गिक सङ्केतको आधारमा साङ्केतीकरण गर्नुपर्दछ। कार्यक्रम तथा आयोजना र उपक्षेत्रको प्राथमिकीकरण, लैङ्गिक र जलवायु साङ्केतीकरण सम्बन्धी आधार र प्रक्रिया **अनुसूची - ११** मा उल्लेख भएबमोजिम हुनेछ। अनुसूची ९ र १० बमोजिम तयार भएको विवरण तथा उपलब्ध बजेट सीमा र मागदर्शन (**अनुसूची - ८**) बमोजिम उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तयार गर्नुपर्दछ। उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमानको ढाँचा **अनुसूची - १२** बमोजिम हुनेछ। उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तयार भए पश्चात् स्थानीय तहको आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरूयोजनाको लक्ष्य र उपलब्धि सूचकका आधारमा **अनुसूची - १३** मा तोकिएको ढाँचामा उपक्षेत्रगत मध्यमकालीन नतिजा खाकाको विवरण तयार गर्नुपर्दछ।

विषयगत महाशाखा/शाखाबाट तयार भएको उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको विवरण कार्यदलको समन्वय र निर्देशनमा विषय क्षेत्रगत रूपमा एकीकृत गरी **अनुसूची - ९, १०, १२ र १३** बमोजिमको ढाँचामा विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गर्नुपर्दछ। यसरी तयार भएको प्रारम्भिक मस्यौदालाई कार्यदलले पुनरावलोकन तथा विश्लेषण गरी बजेट सीमा र मार्गदर्शनसँग सामञ्जस्यता भए नभएको यकिन गरी आवश्यक परिमार्जन गर्नुपर्दछ। यसरी परिमार्जन भएको विषयगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदालाई कार्यदलले सम्बन्धित विषयगत समितिमा पठाउनु पर्दछ।

### ३.५.६ विषयगत योजना तर्जुमा समितिहरूमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल

कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा र आगामी आर्थिक वर्षको बजेटमाथि सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नुपर्दछ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति र स्थानीय तहको अधिकार क्षेत्र), राष्ट्रिय दीर्घकालीन सोच, दिगो विकास लक्ष्य, राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको आवधिक योजना, गाउँपालिका/नगरपालिकाको आवश्यकता र सम्भावना तथा आयोजना बैङ्कबाट छनौट गरिएका कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणलाई आधार बनाउनु

पर्दछ। यसरी विषयगत समितिमा भएको छलफलबाट तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गर्नुपर्दछ।

### ३.५.७ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी

विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई एकीकृत गरी समष्टिगत नतिजा खाका र बजेट खाका एवम् आगामी तीन आर्थिक वर्षको खर्चको अनुमान र प्रक्षेपणको बाँडफाँट सहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गर्ने कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ। साथै समितिले समीक्षा प्रतिवेदन तथा विगतको उपलब्धि र समष्टिगत नतिजा खाकाको आधारमा चालु आवधिक योजना तथा विषय क्षेत्रगत अपेक्षित उपलब्धि प्राप्त गर्न सहयोग पुग्ने गरी स्थानीय आर्थिक खाका तयार गर्नुपर्दछ। स्थानीय आर्थिक खाकामा स्थानीय उत्पादन, रोजगारी, आय र लगानी खाका लगायतका सूचकहरू समावेश भएको हुनुपर्दछ। आर्थिक खाका तयार गर्दा गत आर्थिक वर्षको यथार्थ अवस्था, चालु आर्थिक वर्षको अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्षको लक्ष्य निर्धारण गर्नुपर्दछ भने आगामी दोस्रो र तेस्रो आर्थिक वर्षको लक्ष्य निर्धारण गर्दा चालु आवधिक योजनाको लक्ष्यको आधारमा **अनुसूची - १४** को ढाँचामा तयार गर्नुपर्दछ।

समष्टिगत नतिजा खाका तयार गर्दा स्थानीय आवधिक योजना, विषय क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि तथा विषय क्षेत्रगत नतिजा सूचकको आधारमा **अनुसूची - १५** को ढाँचामा तयार गर्नुपर्दछ। यसैगरी स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको स्थानीयकरण श्रोतपुस्तिकालाई आधार लिई खर्च तथा स्रोत अनुमान सहित **अनुसूची - १६** बमोजिमको ढाँचामा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा गर्नुपर्दछ। बजेट खाकामा विषय क्षेत्रगत सन्तुलन तथा प्राथमिकता कायम हुने गरी स्रोतको विनियोजन तथा प्रक्षेपण गर्नुपर्दछ।

समष्टिगत बजेट खाकाको तयारीसँगै **अनुसूची - १०** बमोजिम विषय क्षेत्रगत रूपमा तयार भएको आगामी तीन आर्थिक वर्षको खर्चको अनुमान तथा प्रक्षेपण, प्राथमिकीकरण एवम् रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत तथा जलवायु सङ्केतको आधारमा **अनुसूची - १७ (क, ख, ग, घ र ङ)** बमोजिम एकीकृत विवरण तयार गर्नुपर्दछ। साथै स्थानीय गौरवका आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण **अनुसूची - १७ (च)** मा तोकिए बमोजिम ढाँचामा तयार गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी कार्यमा कार्यदलले बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग गर्नुपर्दछ।

बजेट तथा कार्यक्रम तर्जुमा समितिले माथि उल्लिखित विवरणको आधारमा **अनुसूची - १८** बमोजिमको ढाँचामा मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरी स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गर्नुपर्दछ।

### ३.५.८ मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल गरी स्वीकृत गर्नुपर्दछ। यसरी कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि वार्षिक बजेट तथा कार्यक्रमको साथमा सभामा पेश गर्नुपर्दछ।

परिच्छेद
# ४
# वार्षिक बजेट तथा कार्यक्रम

## ४.१ पृष्ठभूमि

आवधिक योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने माध्यम वार्षिक योजना/वार्षिक विकास कार्यक्रम हो। वार्षिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमको रूपमा तयार गरिन्छ। वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र स्वीकृत नभई नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन हुन सक्दैन। वार्षिक बजेट तथा कार्यक्रमबाट कार्यक्रम छनौट र बजेट विनियोजन गरी स्वीकृत भएपश्चात् मात्र कार्यान्वयन गर्न सकिन्छ। यसकारण वार्षिक विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन अति महत्वपूर्ण छ। वार्षिक विकास कार्यक्रमलाई योजनाको सोच वा लक्ष्यसँग तादात्म्यता मिलाउने औजारको रूपमा मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। वार्षिक विकास कार्यक्रम तयार गर्दा चालु मध्यमकालीन खर्च संरचनालाई विशेष ध्यान दिई तयार गर्नुपर्दछ। कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, सम्बन्धित अनुसूची र अन्य प्रावधान, गाउँ/नगरपालिकाको आवधिक योजना, प्रदेश तथा राष्ट्रिय योजनामा उल्लिखित उद्देश्य, रणनीति तथा प्राथमिकता, स्थानीय आवश्यकता, समस्या तथा सम्भावनाका साथै नेपाल सरकारको नीति कार्यक्रम तथा प्राथमिकता, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र र अतिकम विकसित मुलुकबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति कार्ययोजना, सेण्डाई फ्रेमवर्क (२०१५-२०३०) र पेरिस सम्झौता, २०१६ लगायतका अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू जस्ता पक्षलाई समेत ध्यान दिनुपर्ने हुन्छ।

वार्षिक विकास कार्यक्रममा समावेश गरिएका कार्यक्रम तथा आयोजनाहरूको गाउँ/नगरपालिकाको आवधिक योजनाको रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य सङ्केत, लैङ्गिक सङ्केत र जलवायु सङ्केतका आधारमा स्रोत वितरणलाई विश्लेषण गरी प्रस्तुत गर्नुपर्दछ।

## ४.२ आवश्यकता तथा औचित्य

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत दीर्घकालीन तथा मध्यमकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

आवधिक योजनाले लिएका लक्ष्य, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थालाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्न वार्षिक विकास कार्यक्रम आवश्यक हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा प्रक्रियाका सन्दर्भमा अगाडि सारेका विषयवस्तुहरूलाई मूर्तरूप दिन, वार्षिक बजेट तथा कार्यक्रममा एकरूपता कायम गर्न र दिगो विकासका लक्ष्यलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा स्थानीयकरण गर्न राष्ट्रिय योजना आयोगबाट मार्गदर्शन हुनु आवश्यक छ।

## ४.३ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको उद्देश्य

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको मुख्य उद्देश्य स्थानीय आवधिक योजनाको लक्ष्य एवम् उद्देश्य प्राप्तिको लागि स्थानीय तहमा सञ्चालन गरिने विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयनको प्रभावकारिता कायम गर्नु हो। तसर्थ, वार्षिक बजेट तथा कार्यक्रम (वार्षिक योजना) तर्जुमा गर्दा आवधिक योजनासँग तादात्म्यता कायम गर्नु अनिवार्य हुन्छ। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको आधारमा तयार गर्नुपर्दछ। जसले वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक योजनासँग जोड्दछ। यसका साथै वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य विकास कार्यक्रममा पारदर्शिता, स्थानीय स्रोत साधनहरूको न्यायोचित वितरण र विनियोजित बजेटबाट अपेक्षित उपलब्धि हासिल गर्नु पनि हो।

## ४.४ नीतिगत तथा कानूनी व्यवस्था

गाउँपालिका/नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा नेपालको संविधानका साथै देहायका उल्लिखित नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिनु पर्नेछ :-

(क) दीर्घकालीन सोच तथा राष्ट्रिय योजना;
(ख) सम्बन्धित प्रदेश तथा स्थानीय तहको आवधिक योजना;
(ग) सङ्घ, प्रदेश र स्थानीय तहको नीति, विषयगत रणनीतिक/गुरुयोजना;
(घ) स्थानीय तहको मध्यमकालीन खर्च संरचना;
(ङ) दिगो विकास लक्ष्य;
(च) विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, वातावरणमैत्री तथा बालमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायत विकासका अन्तरसम्बन्धित विषयहरू;
(छ) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्व;
(ज) सङ्घ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा अन्य विषय क्षेत्रगत नीति आदि।

यसका साथै स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायमा उल्लिखित ऐन, नियम तथा निर्देशिकालाई समेत आधार लिनु पर्नेछ :

(क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(घ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
(ङ) सङ्घीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्ड

(च) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४

(छ) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४

(ज) प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उतरदायी बजेट नमूना निर्देशिका, २०७७

(झ) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ का सान्दर्भिक दफा तथा नियमहरू

## ४.५ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय

गाउँ/नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरूमा ध्यान दिनुपर्नेछ :

(क) सङ्घ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रिया;

(ख) आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरू;

(ग) आयोजना पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई आयोजना बैङ्कमा समावेश भएका आयोजनाहरू;

(घ) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम;

(ङ) सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तीकरण जस्ता अन्तर सम्बन्धित विषयहरू;

(च) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरू;

(छ) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरू;

(ज) विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरू;

(झ) दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू।

## ४.६ संस्थागत व्यवस्था

वार्षिक योजना सहभागितामूलक योजना तर्जुमा प्रक्रियाअनुसार चरणबद्ध रूपमा तर्जुमा गर्नुपर्ने र सोको लागि कानूनले विभिन्न संस्थागत संयन्त्रको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएका वार्षिक योजना तर्जुमासँग सम्बन्धित संस्थागत संयन्त्र तथा सोको काम, कर्तव्य र अधिकार देहायअनुसार रहेका छन् :

### ४.६.१ स्थानीय राजस्व परामर्श समिति

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक स्थानीय राजस्व परामर्श समिति गठन गर्नुपर्नेछ :-

| | |
|---|---|
| (१) उपाध्यक्ष वा उपप्रमुख | - संयोजक |
| (२) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (३) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट १ जना महिलासहित २ जना | - सदस्य |
| (४) निजी क्षेत्रको उद्योग बाणिज्यसम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |

(५) घरेलु तथा साना उद्योगसम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य

(६) कार्यपालिकाको राजस्व महाशाखा/विभाग वा शाखा प्रमुख - सदस्य सचिव

राजस्व परामर्श समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) राजस्वसम्बन्धी नीति/कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालनाको सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ;

*नोटः परामर्श दिँदा, कर वा गैरकर राजस्वको प्रस्ताव गर्दा वा भैरहेको कर वा गैरकर राजस्वमा परिवर्तन गर्नु पर्दा त्यसको औचित्य तथा त्यसबाट पर्ने प्रभाव समेत उल्लेख गरी प्रस्ताव तयार गर्ने । साथै नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर र त्यसका दरसँग यथासम्भव तादात्म्यता हुने गरी गर्नुपर्ने हुन्छ ।*

(ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने;

(ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने;

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने;

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने;

(च) राजस्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

स्थानीय राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी प्रत्येक वर्षको **पौष १५** गते भित्र सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नु पर्नेछ ।

### ४.६.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

गाउँपालिका/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्नेछ :-

(क) अध्यक्ष वा प्रमुख - संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

*द्रष्टव्यः (१) समितिले आवश्यकताअनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।*

*(२) खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बाहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्नेछ तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागू हुने छैन ।*

श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने;

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने;

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने;

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने;

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तय गर्ने;

(च) विषय क्षेत्रगत बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तय गर्ने;

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरू गर्ने ।

समितिले आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको **वैशाख १०** गते भित्र सम्पन्न गरिसक्नु उपयुक्त हुन्छ ।

## ४.६.३ वडा समिति

गाउँ/नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति रहनेछ। वडा समितिको काम, कर्तव्य र अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था रहेको छ । वडा समितिले वडाको दैनिक कार्य सञ्चालन, नियमन, नियन्त्रण, योजना तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन र अनुगमनका अतिरिक्त योजना तर्जुमा सम्बन्धमा देहायअनुसारको कार्य गर्नुपर्नेछ :-

(क) वडाभित्रका बस्ती/टोल नक्शाङ्कन गरी वस्ती/टोलस्तरमा योजना तर्जुमाको लागि सहजीकरण गर्न सदस्यलाई जिम्मेवारी प्रदान गर्ने;

(ख) महिला, बालबालिका, अपाङ्गता भएका, पिछडिएका वर्ग, युवा, ज्येष्ठ नागरिक, स्थानीय श्रोत व्यक्ति, उद्यमी र व्यवसायी प्रतिनिधि, समुदायमा आधारित संस्थाहरूको प्रतिनिधि आदिको समेत समावेशी सहभागिता सुनिश्चित गरी बस्ती/टोल स्तरमा योजना तर्जुमा भेला आयोजना गर्ने;

(ग) योजना तर्जुमा भेलाबाट विपद् र जलवायु जोखिम विश्लेषण, आवश्यकता पहिचान र प्राथमिकता निर्धारण गरी बस्ती/टोल स्तरमा आयोजना तथा कार्यक्रम छनौट गर्ने;

(घ) बस्ती/टोल स्तर भेला तथा छलफलको अभिलेखीकरण गरी छनौट भएका आयोजना/कार्यक्रमहरूको सूची तयार गर्ने;

(ङ) बस्ती/टोल स्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमको विषय क्षेत्रअनुसार छुटचाउने;

(च) प्राथमिकता निर्धारणका मापदण्ड र आधार (Criteria) तथा विधि बमोजिम विषयगत रूपमा आयोजना/ कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने;

(छ) उपलब्ध बजेट सीमा र प्राथमिकताक्रमको आधारमा आयोजना तथा कार्यक्रम छनौट गर्ने;

(ज) छनौट भएका आयोजना/कार्यक्रमको विवरण तयार गरी कार्यपालिका मार्फत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने;

(झ) दुई वा सो भन्दा बढी वडा समेटिने तथा वडाको बजेट सीमाले नपुग्ने आयोजनाहरू आवश्यक भएमा महत्वपूर्ण परियोजना/कार्यक्रमको छुट्टै सूची तयार गरी कार्यपालिकामा पेश गर्ने।

### ४.६.४ विषयगत समिति

कार्यपालिकाले विषयगत महाशाखा/शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रूपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिमको विषयगत समिति गठन गर्नुपर्नेछ :-

| | |
|---|---|
| (क) विषयगत क्षेत्र हेर्ने कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य | - संयोजक |
| (ख) कार्यपालिकाका सदस्यहरू मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको २ जना | - सदस्य |
| (ग) सम्बन्धित क्षेत्रका विषयगत महाशाखा/शाखा प्रमुख | - सदस्य |
| (घ) कार्यपालिकाले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख | - सदस्य सचिव |

*द्रष्टव्यः सम्बन्धित विषय क्षेत्रमा एक भन्दा बढी महाशाखा/शाखा रहेको अवस्थामा कार्यपालिकाले कुनै एक महाशाखा/शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य महाशाखा/शाखा प्रमुखलाई सदस्यको रूपमा समावेश गर्नु पर्नेछ। समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी, गैसस तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।*

कार्यपालिकाले विषयगत समिति गठन गर्दा देहायका क्षेत्रहरूमा छुट्टाछुट्टै रूपमा समिति गठन गर्नुपर्नेछः-

(क) आर्थिक विकास;
(ख) सामाजिक विकास;
(ग) पूर्वाधार विकास;
(घ) वातावरण तथा विपद् व्यवस्थापन;
(ङ) संस्थागत विकास र सुशासन।

विषयगत समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वडा समितिले वडाको सीमाभन्दा बाहिर पर्ने कार्यपालिकामा पेश गरेका आयोजना तथा कार्यक्रमको अध्ययन तथा विश्लेषण गर्ने;

(ख) विषयगत महाशाखा/शाखाले प्राथमिकता निर्धारण सहित पेश गरेका विषय क्षेत्र/उपक्षेत्रका आयोजना तथा कार्यक्रमको अध्ययन तथा विश्लेषण गर्ने;

(ग) वडा समितिहरूले छुट्टै सूचीको रूपमा पेश गरेका आयोजना तथा कार्यक्रम विषयगत महाशाखा/शाखाले योजनाको प्राथमिकतामा समावेश नगरेको भए अध्ययन विश्लेषण गरी समावेश गर्ने;

(घ) विषयगत आयोजना तथा कार्यक्रम आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक/गुरुयोजना, चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना अनुरूप भए/नभएको यकिन गर्ने र नभएको भए सोअनुसार गर्ने व्यवस्था मिलाउने;

(ङ) सम्बन्धित विषय क्षेत्रभित्र पर्ने उपक्षेत्रहरू बीच आयोजना तथा कार्यक्रमको दोहोरोपना हटाउने, सामञ्जस्यता र बजेटको सन्तुलन कायम गर्ने;

(च) दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रम समावेश गर्ने व्यवस्था मिलाउने;

(छ) विषयगत महाशाखा/शाखाबाट प्राथमिकता निर्धारण सहित पेश भएका आयोजना तथा कार्यक्रमको पुनः प्राथमिकता निर्धारण गर्ने।

### ४.६.५ बजेट तथा कार्यक्रम तर्जुमा समिति

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको राजस्वको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित भै स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने हुन्छः-

| | |
|---|---|
| (क) उपाध्यक्ष वा उपप्रमुख | - संयोजक |
| (ख) विषयगत क्षेत्र हेर्ने गाउँ वा नगर कार्यपालिकाका सदस्यहरू | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) योजना महाशाखा/विभाग वा शाखा प्रमुख | - सदस्य सचिव |

यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने;

(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने;

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाइ अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने;

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने र योजना तथा कार्यक्रम बीच आपसी तादात्म्यता कायम गर्ने;

(ङ) बजेट तथा कार्यक्रम सम्बन्धी स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरू गर्ने।

## ४.७ स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण तथा कार्य

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा गरेका व्यवस्थाहरूलाई एकीकृत गरी स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण तथा कार्यहरू तय गरिएको छ। जस अनुसार स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रक्रियालाई ७ चरण र २४ क्रियाकलापहरूमा वर्गीकरण गरिएको छ। योजना तर्जुमाका सबै चरण तथा कार्यहरूमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषयहरू समेत समावेश गरिनुपर्दछ। स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमाका चरण, सो अन्तर्गतका कार्य, समयतालिका र प्रमुख जिम्मेवारी देहायअनुसार प्रस्तुत गरिएका छन् :-

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| १. बजेटको पूर्व तयारी | १. विषय क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरी स्थितिपत्र अद्यावधिक गर्ने | मंसिर मसान्तभित्र | विषयगत महाशाखा/शाखा |
| | २. आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | पुस १५ गतेभित्र | विषयगत महाशाखा/शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति |
| | ३. आगामी आ.व.को राजस्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण) को प्रक्षेपण र अनुमान तयार गर्ने | पुस १५ गतेभित्र | राजस्व परामर्श र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ४. आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने | पुस मसान्तसम्म | राजस्व तथा आर्थिक प्रशासन शाखा |
| | ५. विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने | माघ मसान्तभित्र | कार्यपालिका |
| २. श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | ६. संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | ७. गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्बन्धमा पूर्व बजेट छलफल गर्ने | चैत मसान्तभित्र | प्रमुख/अध्यक्ष |
| | ८. नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेश गर्ने | बैशाख ७ गतेभित्र | प्रमुख/अध्यक्ष |
| | ९. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | बैशाख ७ गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | १०. कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | बैशाख १० गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ११. विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| ३. बस्ती/टोल स्तरबाट योजना छनौट | १२. बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |
| | १३. बस्ती/टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| ४. वडा स्तरीय योजना प्राथमिकता निर्धारण | १४. वस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | १५. वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| ५. एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा | १६. विषयगत महाशाखा/शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा |
| | १७. विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण गर्ने | जेठ २५ गतेभित्र | विषयगत समिति |
| | १८. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १९ गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २०.आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २१. विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. कार्यपालिकाबाट स्वीकृत र सभामा पेश | २२. बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवं विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| ७. सभाबाट स्वीकृत | २३. बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |
| | २४.बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

## ४.८ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया

गाउँपालिका तथा नगरपालिकाले चरणबद्ध रूपमा निम्न उल्लिखित सहभागितामूलक प्रक्रिया अवलम्बन गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ :

## चरण १ : बजेटको पूर्व तयारी

यस चरण अन्तर्गत देहायका कार्यहरू सञ्चालन गर्नुपर्नेछ :

### १.१ वस्तुस्थिति विवरण (Profile) तयार तथा अद्यावधिक गर्ने

गाउँ/नगरपालिकाले प्रत्येक वर्ष आगामी आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक, पूर्वाधार, वातावरण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् सुशासन लगायतका क्षेत्रको स्थिति झल्कने गरी स्थिति पत्र तयार वा अद्यावधिक गर्नुपर्नेछ । वस्तुस्थिति विवरण तयार तथा अद्यावधिक गर्दा सूचना प्रविधिमा आधारित भई तयार गर्नुपर्नेछ। यसका लागि विषयगत महाशाखा/शाखा/एकाइले विषयगत क्षेत्रसँग सम्बन्धित सूचनाहरू

सङ्कलन तथा विश्लेषण गरी विषयगत विवरण अद्यावधिक गर्नुपर्नेछ। वस्तुस्थिति विवरणको न्यूनतम विषयवस्तु तथा ढाँचा **अनुसूची - २** मा उल्लेख भएबमोजिम हुनुपर्नेछ र तर गाउँ/नगरपालिकाले आफ्नो आवश्यकता र विशेषता अनुरूप विषयवस्तुहरू थप गर्न सक्नेछन्।

## १.२ विषयगत क्षेत्र छुटचाउने

गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास कार्यहरूलाई देहायअनुसारका विषय क्षेत्रमा वर्गीकरण गर्नुपर्दछ। यस प्रकार वर्गीकरण गर्दा स्थानीय तहको आवश्यकता र प्राथमिकताअनुसार विषय क्षेत्रभित्र उपक्षेत्रहरू मिलाउन सकिनेछ।

**(क) आर्थिक विकासः** यसक्षेत्र अन्तर्गत कृषि, सिंचाई, पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय सेवा आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ। यसका साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १: गरिबी हटाउनु, लक्ष्य २: शून्य भोकमरी, लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि र लक्ष्य १०: असमानतामा कमीलाई यसै विषय क्षेत्रमा समावेश गर्नुपर्दछ।

**(ख) सामाजिक विकासः** यस विषय क्षेत्रभित्र शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संरक्षण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ। साथै दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य ३: स्वस्थ जीवन र आरोग्यता, लक्ष्य ४: गुणस्तरीय शिक्षा, लक्ष्य ५: लैङ्गिक समानता, लक्ष्य ६: स्वच्छ पानी र सरसफाइलाई यस विषय क्षेत्रमा समावेश गर्नुपर्दछ।

**(ग) पूर्वाधार विकासः** यस विषय अन्तर्गत सडक तथा पुल, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, सञ्चार आदि उपक्षेत्रहरू समावेश गर्नुपर्दछ। यसैगरी दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य ७: सबैले धान्न सक्ने स्वच्छ ऊर्जा, लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार र लक्ष्य ११: दिगो शहर तथा समुदाय आदिलाई यस क्षेत्रमा समावेश गर्नुपर्दछ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः** यस विषय क्षेत्रमा वन, भू तथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकूलन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन लगायतका उपक्षेत्रहरू समावेश गर्नुपर्दछ। साथै दिगो विकासका लक्ष्य अन्तर्गत लक्ष्य १२: उत्तरदायी उपभोग तथा उत्पादन, लक्ष्य १३: जलवायु परिवर्तन अनुकूलन कार्य, लक्ष्य १५: जमिन माथिको जीवनलाई यस विषय क्षेत्रभित्र समावेश गर्नुपर्दछ।

**(ङ) सुशासन तथा संस्थागत विकासः** सङ्गठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व, आन्तरिक र अन्तिम लेखा परीक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय आदिलाई यस विषय क्षेत्रमा समावेश गर्नुपर्दछ। दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य १६: शान्ति, न्यायपूर्ण समाज र बलिया संस्था र लक्ष्य १७: बहुसरोकार र साझेदारीलाई समेत यस विषय क्षेत्रभित्र समावेश गर्नुपर्दछ।

## १.३ आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण प्रदेश सरकार र नेपाल सरकारमा पेश गर्ने

गाउँ/नगरपालिकाले मध्यमकालीन खर्च संरचना, तथ्याङ्कीय आधार, विगतको खर्चको प्रवृत्तिको आधारमा आगामी वर्षमा हुन सक्ने सार्वजनिक खर्च (चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था) को

लागि आवश्यक रकमको प्रक्षेपण गर्नुपर्दछ। खर्च प्रक्षेपण गर्दा महालेखा परीक्षकबाट स्वीकृत एकीकृत आर्थिक सङ्केत, वर्गीकरण र व्याख्या, २०७४ अनुसार गर्नुपर्दछ।

स्थानीय राजस्व परामर्श समितिले आन्तरिक राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षका लागि प्राप्त हुन सक्ने आन्तरिक स्रोतको अनुमान गर्नुपर्दछ। समितिले आन्तरिक आयको अनुमानको साथै बाह्य स्रोतबाट प्राप्त हुन सक्ने राजस्वको पनि प्रारम्भिक अनुमान गर्नुपर्दछ। राजस्व परामर्श समितिले पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची - १९** मा उल्लेख भएबमोजिम हुनेछ।

**खर्च प्रक्षेपणको आधार**

खर्चको प्रक्षेपण गर्दा तथ्याङ्क तथा सूचनाको उपलब्धता अनुसार देहायका विधिहरु प्रयोग गर्न सकिनेछ:

- **तथ्याङ्कीय आधार:** खर्चको एकाइ, सङ्ख्या तथा दर अनुमान गर्न सकिने शीर्षकहरू ।
- **विगतको आय वृद्धिको प्रवृत्ति:** खर्चको एकाइ, सङ्ख्या र दर अनुमान गर्न सकिँदैन तर विगतको यथार्थ खर्चको विवरण प्राप्त हुने शीर्षकहरू ।
- **मध्यमकालीन खर्च संरचना:** आयोजना तथा कार्यक्रमहरूलाई सम्बन्धित बजेट सङ्केत नम्बरमा एकीकृत गरी बजेट अनुमानका लागि प्रयोगमा ल्याउने ।
- **सम्झौताको आधारमा:** ऋण तथा अनुदान सम्झौता भएमा सोही सम्झौताको आधारमा खर्चको प्रक्षेपण गर्ने ।
- **अनुमानको आधारमा प्रक्षेपण:** खर्च अनुमानका लागि कुनै आधार उपलब्ध नभएमा प्रयोग ल्याउने ।
- **शून्य प्रक्षेपण:** खर्चको कुनै सम्भावना नभएका शीर्षकहरूमा प्रयोग गर्ने ।

राजस्व परामर्श समितिले आन्तरिक आयको र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तथ्याङ्कीय आधार, विगतको प्रवृत्ति लगायतको विधिहरूको प्रयोग गरी नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, रोयल्टी, जनसहभागिता, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्दछ। राजस्वको प्रक्षेपण गर्दा महालेखा परीक्षकबाट स्वीकृत एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ मा व्यवस्था भए अनुसार गर्नुपर्दछ। गाउँपालिका तथा नगरपालिकाले राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको अवस्थामा सो कार्ययोजनाले गरेको प्रक्षेपणलाई अद्यावधिक गरी राजस्वको अनुमान गर्नुपर्दछ। राजस्व सुधार कार्ययोजना तयार नभएको अवस्थामा आयको अनुमान गर्दा तथ्याङ्क तथा सूचनाहरूको उपलब्धताको आधारमा तथ्याङ्कीय आधार, विगतको प्रवृत्ति, सम्झौताको आधार लगायतको विधिहरू प्रयोगमा ल्याउनुपर्दछ।

गाउँ/नगरपालिकाले **अनुसूची- २०** बमोजिमको ढाँचामा आगामी आर्थिक वर्षका लागि अनुमानित आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण **पुस मसान्तभित्र** सङ्घीय तथा प्रदेश अर्थ मन्त्रालयमा पठाउनु पर्दछ।

**राजस्वको अनुमान गर्ने आधार**

राजस्व सुधार कार्ययोजना तयार नभएको अवस्थामा आयको अनुमान गर्दा तथ्याङ्क तथा सूचनाहरूको उपलब्धताको आधारमा निम्न विधिहरू प्रयोगमा ल्याउनु पर्दछ :

- **तथ्याङ्कीय आधारः** करदाता सङ्ख्या x करको औसत दर x दायरामा ल्याउन सकिने प्रतिशत,
- **विगतको आय वृद्धिको प्रवृत्तिः** औषत वार्षिक वृद्धिदर निकाली अन्तिम वर्षको अनुमानित आयमा सोही प्रतिशतको आधारमा वृद्धि गर्दै जाने,
- **विनियोजन तथा त्यसपछि एकमुष्ट (Lump Sum) वृद्धि दरः** सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र अन्य निकायबाट प्राप्त हुने अनुमानित रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि गर्दै जाने,
- **सम्झौताको आधारः** ऋण तथा अन्य आयको सम्झौता भएमा सोही सम्झौताको आधारमा आयको प्रक्षेपण गर्ने,
- **अनुमानको आधारमा प्रक्षेपणः** बिलकुलै नयाँ आयका स्रोतहरू भई आय अनुमानका लागि कुनै आधार उपलब्ध नभएको अवस्था प्रयोग गर्ने,
- **शून्य प्रक्षेपणः** आयको कुनै सम्भावना नभएका शीर्षकहरूमा प्रयोग गर्ने ।

## चरण २ : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

यस चरण अन्तर्गत देहायमा उल्लिखित कार्यहरू सञ्चालन गर्नुपर्नेछ :-

### २.१ नेपाल सरकार तथा प्रदेश सरकारबाट बजेट सीमा र मार्गदर्शन प्राप्त गर्ने

नेपाल सरकार एवम् प्रदेश सरकारबाट राजस्व तथा रोयल्टी बाँडफाँट र वित्तीय हस्तान्तरणबाट प्राप्त हुन सक्ने स्रोतको विवरण प्राप्त गर्नुपर्नेछ। नेपाल सरकारबाट प्राप्त हुने बजेट सीमा र मार्गदर्शन **फागुन मसान्तभित्र** र प्रदेश सरकारबाट प्राप्त हुने बजेट सीमा र मार्गदर्शन **चैत मसान्तभित्र** प्राप्त हुनुपर्दछ। नेपाल सरकारबाट प्राप्त हुने बजेट सीमा SuTRA मार्फत प्राप्त हुनेछ। नेपाल सरकार र प्रदेश सरकारबाट निर्धारित समयमा बजेट सीमा प्राप्त नभएमा पुस महिनामा अर्थ मन्त्रालयमा पेश गरेको विवरणलाई नै आधार लिन सकिनेछ।

### २.२ पूर्व बजेट छलफल गर्ने

गाउँ/नगरपालिकामा कार्यरत अ/गैसस, उपभोक्ता समिति, सहकारी संस्था लगायत सामाजिक सङ्घ/संस्थाहरूसँग पूर्व बजेट छलफल गरी सङ्घ/संस्थाको बजेट तथा कार्यक्रम स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउने प्रक्रिया निर्धारण गरिनेछ। यस्तो छलफलको नेतृत्व अध्यक्ष वा प्रमुखले **चैत मसान्तभित्र** सम्पन्न गर्न उपयुक्त हुन्छ।

### २.३ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सभामा पेश गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिले आवधिक योजना, विषयगत क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र लगानीको प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्नेछ। यसले स्थानीय तहको विषय क्षेत्रगत बजेट सीमा तथा प्राथमिकता

निर्धारण गर्न मार्गदर्शन गर्नेछ। नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्दा संविधान तथा प्रचलित कानून, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन समेतको आधारमा गाउँ/नगरपालिकाको सामाजिक तथा आर्थिक रूपान्तरण र समष्टिगत विकासलाई केन्द्रित गर्नुपर्दछ। स्थानीय सरकारको नीति तथा कार्यक्रमको खाका **अनुसूची - २१** मा प्रस्तुत गरिएको छ।

## २.४ कुल बजेट अनुमान तथा सीमा निर्धारण गर्ने

आन्तरिक आय, नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट, रोयल्टी, वित्तीय हस्तान्तरण एवम् प्रदेश सरकारसँग बाँडफाँट भई प्राप्त हुने रकम र वित्तीय हस्तान्तरणबाट प्राप्त हुन सक्ने स्रोत, अन्य अनुदान, एवं जनसहभागिता र आन्तरिक ऋणको विवरणको आधारमा पौष महिनामा गरिएको स्रोत अनुमानलाई अद्यावधिक गरी कुल स्रोतको अनुमान गर्नुपर्दछ। आगामी आर्थिक वर्षको कुल बजेट रकम अनुमान गरेपछि आवश्यक प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च छुटचाई बाँकी रकमबाट विकास कार्यक्रमका लागि बजेट सीमा निर्धारण गर्नुपर्दछ। यसरी प्रशासनिक खर्चका लागि बजेट सीमा निर्धारण गर्दा राजस्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्दछ। विकास कार्यक्रम अन्तर्गत चालु तथा पुँजीगत दुबैतर्फको बजेट समावेश हुनुपर्दछ।

कुल बजेट सीमाबाट प्रशासनिक तथा कार्यालय सञ्चालन खर्च घटाई बाँकी रकमबाट देहायको प्राथमिकताको आधारमा बजेट घटाई बाँकी रकमको मात्र विषय क्षेत्रगत बजेट सीमा निर्धारण गर्नुपर्दछ:-

(क) गाउँ/नगर गौरवका आयोजना/कार्यक्रमको लागि आवश्यक रकम,
(ख) समपूरक अनुदानबाट सञ्चालन हुने योजनाको लागि आवश्यक रकम,
(ग) सशर्त अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको लागि तोकिएको रकम,
(घ) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनको लागि आवश्यक रकम,
(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँ/नगरपालिका आफैले सञ्चालन गर्नुपर्ने अत्यावश्यक कार्यका लागि आवश्यक रकम।

विषय क्षेत्रगत बजेट सीमा निर्धारण गर्दा गाउँ/नगरपालिकाको दीर्घकालीन सोच, आवधिक तथा विषय क्षेत्रगत रणनीतिक/गुरुयोजनाको लक्ष्य, उद्देश्य र प्राथमिकता बमोजिम उच्च प्राथमिकतामा रहेका विषय क्षेत्रमा तुलनात्मक रूपमा बढी बजेट सीमा निर्धारण गर्नुपर्दछ।

विषय क्षेत्रगत बजेट सीमा निर्धारण पश्चात् खर्च गर्ने एकाइ (महाशाखा/शाखा र वडा) अनुसार बजेटको सीमा निर्धारण गर्नुपर्दछ। यसरी बजेट सीमा निर्धारण गर्दा विषय क्षेत्रगत आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम छुटचाई बाँकी रकम वडाभित्रका स-साना र वडाबासीका दैनिक समस्यालाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रमको लागि वडागत सीमा निर्धारण गर्नुपर्दछ। वडागत बजेटको सीमा निर्धारण गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, राजस्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता विषयलाई आधार लिनुपर्दछ। बजेट सीमा निर्धारणको लागि देहायको आधार र अङ्कभारको उपयोग गर्न सकिनेछ।

**वडागत बजेट सीमा निर्धारणको आधार र भार**

देहायमा उल्लिखित आधार, भार तथा ढाँचामा वडागत बजेटको सीमा निर्धारण गर्नुपर्नेछः

| वडा नम्बर | जनसंख्या (*३०%) | क्षेत्रफल (*२०%) | पूर्वाधारविकासको अवस्था (*२०%) | राजस्व परिचालनको अवस्था (*२०%) | लागत सहभागिताको अवस्था (*१०%) | बजेट सीमा रकम (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

*यो प्रतिशत उदाहरणको लागि मात्र हो र यसलाई स्थानीय आवश्यकताअनुसार कार्यपालिकाले निर्धारण गर्नुपर्दछ ।

बजेट सीमा निर्धारणका लागि **अनुसूची - २२** मा बमोजिमको ढाँचाको प्रयोग गर्नुपर्नेछ।

## २.५ बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने

आवधिक योजना, विषय क्षेत्रगत रणनीति तथा गुरुयोजनाको लक्ष्य, उद्देश्य र प्राथमिकता, स्थानीय आवश्यकता, विषयगत क्षेत्र बजेटको सीमा, नीति तथा कार्यक्रमको प्राथमिकताको आधारमा वडास्तरीय तथा विषय क्षेत्रगत आयोजना/कार्यक्रम छनौटका लागि देहायको विषयमा स्पष्टता आउने गरी बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्नुपर्नेछ :-

- महाशाखा/शाखा र वडा कार्यालयले कुन कुन विषय क्षेत्र/उपक्षेत्रका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्ने हो ?
- विषयगत बजेट सीमाको पालना कसरी गर्ने तथा वडास्तरमा विषय क्षेत्रगत सीमा गर्नुपर्ने वा नपर्ने र कुन कुन विषय क्षेत्रमा बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु पर्ने हो ?
- गाउँ/नगरपालिकाको विशेष प्राथमिकतामा परेको विषय क्षेत्र/उपक्षेत्र वा क्रमागत कार्यक्रम तथा आयोजनालाई बजेट सुनिश्चित (Earmark) गर्नुपर्ने वा नपर्ने ?
- बढीमा कति र न्यूनतम कति लागतसम्मका आयोजना तथा कार्यक्रम छनौट गर्ने हो ?
- कस्ता आयोजना तथा कार्यक्रम खर्च चालु बजेटबाट र कस्ता योजना तथा कार्यक्रम खर्च पुँजीगत बजेटबाट छनौट गर्नुपर्ने हो ?
- प्राथमिकता निर्धारणका आधार, विधि तथा प्रक्रिया के के हुन् ?
- प्राथमिकता निर्धारण गरेपछि कुन ढाँचामा आयोजना तथा कार्यक्रम कहिलेसम्म पेश गर्नुपर्ने हो ?

यस प्रकार तयार गरिएको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन कार्यपालिकाबाट स्वीकृत भएपश्चात् प्रमुख प्रशासकीय अधिकृतले बजेट सीमासहित विषयगत महाशाखा/शाखा र वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। बजेट तर्जुमा मार्गदर्शनको ढाँचा **अनुसूची - ८** मा प्रस्तुत गरिएको छ।

### २.६ प्राथमिकता निर्धारणको आधार, मापदण्ड र विधि तयार गर्ने

आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएका आधारहरूका साथै दीगो विकास लक्ष्य र क्षेत्रगत आधारहरू समेत थप गर्न सकिनेछ। आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि भार (Weightage) विधि लगायत एक वा एकभन्दा बढी विधिहरूको प्रयोग गर्न सकिनेछ। उपरोक्त विधिहरू मध्ये भार विधिको प्रयोग गर्न प्राथमिकता दिनुपर्दछ। प्राथमिकता निर्धारणका आधार र विधि **अनुसूची - ११** मा प्रस्तुत गरे बमोजिम हुनुपर्नेछ।

## चरण ३ : बस्ती तहमा योजना छनौट

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछः-

### ३.१ बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने

वडा समितिले वडामा रहेका सबै बस्तीहरूको सूची तयार गर्नुपर्दछ । समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई विभिन्न बस्ती वा टोलको योजना तर्जुमा कार्यमा सहजीकरण गर्न संयोजन गर्ने जिम्मेवारी प्रदान गर्नुपर्नेछ । सूचीअनुसारका हरेक बस्तीमा योजना छनौट बैठक आयोजना गर्न सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा बोलाउने गरी भेलाको कार्यतालिका तयार गर्नुपर्दछ । वडा समितिले वडाभित्रका बस्तीहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ। बैठकको कार्यतालिका अनुसार बस्ती/टोलस्तरमा योजना छनौट बैठकको छलफलमा आएका विषयवस्तु टिपोट गर्ने कर्मचारी वा कर्मचारी उपलब्ध नभएमा सहजकर्ताको समेत व्यवस्था गर्नुपर्दछ। बस्ती/टोलस्तरमा योजना तर्जुमा सम्बन्धमा छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालबालिका, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन जस्ता विषयमा विशेष ध्यान दिई सहजीकरण गर्नुपर्दछ।




### ३.२ बस्ती/टोलस्तरमा आयोजना तथा कार्यक्रम छनौट गरी वडा समितिमा पेश गर्ने

बस्ती/टोलस्तरको बैठकबाट आवश्यकता पहिचान र प्राथमिकता निर्धारण गरी बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। बस्ती/टोलस्तरमा आवश्यकता पहिचान तथा आयोजना र कार्यक्रम छनौट गर्दा **“कोही पनि नछुटुन् र कोहीपनि पछाडि नपरुन्”** को अवधारणा अनुसार सो

बस्तीभित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसङ्ख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ।

बस्ती/टोलस्तरमा हुने योजना तर्जुमा प्रक्रियामा टोल वा बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि) लाई पनि सहभागी गराउनु पर्दछ। बस्तीमा योजना छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्ने एवम् विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रत्यक्ष योगदान गर्ने आयोजना तथा कार्यक्रम छनौट गर्न सहजीकरण र प्राथमिकता दिनुपर्नेछ। बस्ती/टोल तहको छलफलबाट टिपोट तथा छनौट भएका आयोजना तथा कार्यक्रमको अभिलेख तयार गरी संयोजकले निर्धारित ढाँचामा वडा समितिमा पेश गर्नु पर्नेछ। बस्ती/टोल तहमा योजना छनौट गर्ने र वडा समितिमा पेश गर्ने विवरण फाराम **अनुसूची - २३** मा दिइएको छ।

## चरण ४ : वडास्तरमा प्राथमिकता निर्धारण तथा छनौट

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछ:-

### ४.१ बस्ती/टोलस्तरबाट प्राप्त आयोजना/कार्यक्रम विषय क्षेत्रअनुसार सूची तयार गर्ने

बस्ती/टोलस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरूलाई एकीकृत गरी विषयक्षेत्रअनुसार छुट्याई निर्धारित ढाँचामा सूचीकृत गर्नुपर्दछ। यस प्रकारको आयोजनाको सूचीमा वडा समितिले पहिचान गरेका वडास्तरीय आयोजनाहरू समेत समावेश गरी प्राथमिकता निर्धारणका लागि वडा समितिको बैठकमा पेश गर्नुपर्दछ। यसरी सूची पेश गर्दा प्राथमिकता समेत निर्धारण गरी पेश गर्दा छलफलका लागि आधार उपलब्ध हुनसक्दछ।

### ४.२ वडा तहमा आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण तथा छनौट गर्ने

यस प्रकार छनोट भएका आयोजना तथा कार्यक्रमको सूचीबाट वडा समितिले कार्यपालिकाबाट उपलब्ध आयोजना प्राथमिकता निर्धारणका आधारहरू तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नुपर्दछ। वडा समितिले आयोजना/कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधार तथा विधि बमोजिम गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार, विधि तथा ढाँचा **अनुसूची - ११** मा दिइएको छ। वडा समितिले बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा वडालाई प्राप्त बजेट सीमा भित्र रही वडा मार्फत् सञ्चालन हुने प्राथमिकताक्रममा रहेका आयोजना/कार्यक्रमको विवरण तयार गर्नुपर्दछ। वडा समितिले कार्यपालिकामा पेश गर्ने आयोजना तथा कार्यक्रमको विवरणको ढाँचा **अनुसूची - २४** अनुसार हुनुपर्नेछ।

वडास्तरको बजेट सीमाभित्र रही वडा समितिले पारित गरेको आयोजना तथा कार्यक्रमलाई दोहोरो नपर्ने भएमा त्यसैलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम रूप दिन उपयुक्त हुन्छ। यसका साथै वडा समितिले दुई वा सोभन्दा बढी वडा समेटिने महत्वपूर्ण आयोजना/कार्यक्रमहरू तथा वडास्तरीय बजेट सीमाले नपुग्ने आयोजनाहरू समावेश गर्नुपर्ने भएमा औचित्य खुलाई छुट्टै सूची तयार गरी कार्यपालिकामा

पठाउन सकिनेछ। यसको लागि **अनुसूची - २४** को फाराम प्रयोग गर्न सकिनेछ। यस सूचीलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यपालिका अन्तर्गतका सम्बन्धित महाशाखा, शाखा वा एकाइमा पठाउनु पर्नेछ।

## चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गरिनेछ :-

### ५.१ विषयगत क्षेत्र आयोजना तथा कार्यक्रम तर्जुमा गर्ने

विषयगत महाशाखा, शाखा तथा एकाइले प्राप्त बजेट सीमा तथा मार्गदर्शन अनुसार विषयगत आयोजना/कार्यक्रमको सूची तयार गर्नुपर्दछ। यसरी सूची तयार गर्दा, आवधिक योजना, आयोजना बैङ्क, चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना र वडा समिति लगायत विभिन्न स्रोतहरूबाट प्राप्त आयोजना तथा कार्यक्रमहरूलाई आधार लिनुपर्दछ। सूचीमा समावेश आयोजना तथा कार्यक्रमलाई महाशाखा/शाखा/एकाइले प्राथमिकताक्रम निर्धारण गरी **अनुसूची - २५** बमोजिमको ढाँचामा सम्बन्धित विषयगत समितिमा पेश गर्नुपर्दछ।

**गाउँ/नगरस्तरीय विषयगत आयोजनाको सूची**

गाउँ/नगरस्तरीय विषयगत क्षेत्र आयोजना/कार्यक्रमहरुको सूची तयार गर्दा देहायका श्रोतलाई आधार लिनु पर्दछ :

- गाउँ/नगरपालिकाका गौरवका संभाव्य आयोजना/कार्यक्रमहरू;
- आवधिक तथा विषयगत गुरुयोजनामा समावेश आयोजना तथा कार्यक्रमहरू;
- आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजना तथा कार्यक्रमहरू;
- सशर्त र समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरू;
- वडा समितिबाट छुट्टै सूचीको रूपमा प्राप्त भएका आयोजना तथा कार्यक्रम आदि।

### ५.२ गैसस र अन्य सङ्घ/संस्थाबाट योजना तथा बजेट सङ्कलन गर्ने

गाउँ/नगरपालिका क्षेत्रभित्र कार्यरत अ/गैसस, उपभोक्ता समिति, सहकारी, अन्य सामाजिक तथा सामुदायिक सङ्घ/संस्थाबाट आगामी आर्थिक वर्षमा सञ्चालन गर्न प्रस्ताव गरेका आयोजना तथा कार्यक्रमहरू निर्धारित वा आ-आफ्नो ढाँचामा **जेष्ठ १० गतेभित्र** कार्यपालिकामा पेश गर्नुपर्दछ। यसरी पेश भएका आयोजना तथा कार्यक्रमको विषयमा छलफल गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिले बैठक बोलाउन सक्नेछ।

### ५.३ विषयगत समितिहरूमा छलफल र प्राथमिकता निर्धारण गर्ने

विषयगत महाशाखा/शाखा/एकाइबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषयगत समितिहरूमा छलफल गरी विषय क्षेत्र अनुसार पुनः प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्नेछ। विषयगत समितिहरूले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरूलाई

स्थानीय तहको आवधिक योजना, क्षेत्रगत रणनीतिहरू, आयोजना प्राथमिकता निर्धारणका आधार तथा मार्गदर्शन बमोजिम प्राथमिकताक्रम निर्धारण गर्नुपर्दछ।

### ५.४ वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषयगत समितिहरूबाट प्राथमिकताक्रम निर्धारणसहित पेश भएका आयोजना तथा कार्यक्रमहरूमा दोहोरो नपर्ने तथा बजेट सीमाभित्र रहेका र मार्गदर्शनअनुसार हुने देहायमा उल्लिखित आधारहरू हेरी वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्दछ। वार्षिक विकास कार्यक्रम तयारी ढाँचा **अनुसूची - २६** मा दिइएको छ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य तथा रणनीतिअनुसारको आयोजना तथा कार्यक्रम;

(ख) स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएका, सम्भावना अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार भई लागत यकिन भएका आयोजना तथा कार्यक्रम;

(ग) विषयगत समितिबाट प्राथमिकताक्रम निर्धारण भई नआएका तर गाउँ/नगरस्तरका महत्वपूर्ण आयोजनाहरू छनौट गर्नुपर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी प्रस्ताव भएका आयोजना तथा कार्यक्रम;

(घ) स्थानीय तहको स्रोत साधनले मात्र आयोजना सम्पन्न गर्न संभव नभएका तर स्थानीय तहका लागि अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका आयोजना तथा कार्यक्रमहरूलाई समपूरक तथा विशेष अनुदानबाट सञ्चालन गर्नका लागि प्रस्ताव भएका आयोजना तथा कार्यक्रम;

(ङ) आयोजनाको भौतिक तथा वित्तीय प्रगति र कार्यतालिका अनुरूप आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने बजेट सुनिश्चित भएका बहुवर्षीय आयोजनाहरू;

(च) दिगो विकास लक्ष्य स्थानीयकरणका लागि आवश्यक आयोजना तथा कार्यक्रम;

(छ) समावेशीकरण, वातावरण व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, बालमैत्री तथा वातावरणमैत्री कार्यहरू, सुशासन र सदाचार प्रवर्द्धन जस्ता साझा विषयलाई सम्बोधन गर्ने आयोजना तथा कार्यक्रम।

### ५.५ अ/गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने

गाउँ/नगरपालिकामा कार्यरत अ/गैसस, उपभोक्ता समिति एवम् विकास साझेदारहरूबाट प्राप्त बजेट तथा कार्यक्रम माथि छलफल गरी दोहोरो नहुने तथा सम्बन्धित निकाय/संस्थाबाट सञ्चालन हुने गरी वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तावमा समावेश गराउनु पर्दछ। यसरी कार्यक्रम समावेश गर्दा निर्धारित वा उपलब्ध ढाँचामा तयार गर्न सकिनेछ।

### ५.६ बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्था) को प्रस्ताव तयार गर्ने

वार्षिक कार्यक्रम तथा आयोजनालाई अन्तिम रूप दिएपछि सोको लागि आवश्यक व्यय अनुमान सम्बन्धित शीर्षकमा समावेश गर्नुपर्दछ। यस चरणमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गरेको राजस्व तथा व्यय प्रक्षेपणलाई अद्यावधिक गरी आगामी वर्षका लागि आय, व्यय तथा वित्तीय व्यवस्था बजेट तयार गर्नुपर्दछ। आय, व्यय तथा वित्तीय व्यवस्था बजेटको ढाँचा **अनुसूची - २७** बमोजिम छ।

### ५.७ आर्थिक विधेयक तथा विनियोजन विधेयकको मस्यौदा तयार गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिले विनियोजन विधेयकको मस्यौदा तयार गर्नुपर्नेछ । राजस्व परामर्श समितिले आर्थिक विधेकयको मस्यौदा तयार गर्नुपर्नेछ। नेपाल सरकारले उपलब्ध गराएको नमूना कानून बमोजिम आर्थिक विधेयक तथा विनियोजन विधेयकको मस्यौदा तयार गर्नुपर्नेछ।

### ५.८ वार्षिक विकास कार्यक्रम तथा बजेटको एकीकृत मस्यौदाको प्रस्ताव तयार गर्ने

माथि उल्लिखित ५.१ देखि ५.७ सम्मका कार्यहरू सम्पन्न भएपछि बजेट तथा कार्यक्रम तर्जुमा समितिले वार्षिक बजेट तथा कार्यक्रमसँग सम्बन्धित दस्तावेजहरूलाई एकीकृत गरी वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा तयार गरी **असार ५ गतेभित्र** अध्यक्ष वा प्रमुखमार्फत् कार्यपालिकामा पेश गर्नुपर्दछ। यसरी पेश गर्ने वार्षिक बजेट तथा कार्यक्रमको एकीकृत मस्यौदामा चालु वर्षको समीक्षा विवरण समेत तयार गरी समावेश गर्नुपर्दछ। मस्यौदामा समावेश गर्नुपर्ने विषयवस्तु देहायमा उल्लेख भएबमोजिम हुनुपर्नेछ।

(क) चालु आर्थिक वर्षको समीक्षा विवरण
(ख) नीति तथा कार्यक्रम र बजेट वक्तव्य
(ग) आय, व्यय तथा वित्तीय व्यवस्था बजेट
(घ) गैसस तथा अन्य संघ/संस्थाको कार्यक्रम
(ङ) मध्यमकालीन खर्च संरचना
(च) वार्षिक विकास कार्यक्रम
(छ) आर्थिक विधेयक
(ज) विनियोजन विधेयक

**एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा प्रस्तावमा समावेश हुनुपर्ने विषय**

- नीति तथा कार्यक्रम र बजेट वक्तव्य
- आय, व्यय तथा वित्तीय व्यवस्था बजेट
- गैसस तथा अन्य सङ्घ/संस्थाका कार्यक्रम
- मध्यमकालीन खर्च संरचना
- वार्षिक विकास कार्यक्रम
- आर्थिक विधेयक

## चरण ६ : कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछ :-

### ६.१ बजेट वक्तव्य, आर्थिक एवम् विनियोजन विधेयक तथा राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान र वार्षिक कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गर्ने

बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बजेट वक्तव्य, राजस्व, व्यय र वित्तीय व्यवस्था बजेट, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक सम्बन्धी दस्तावेज सहितको एकीकृत वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ। कार्यपालिका बैठकमा बजेट वक्तव्य, राजस्व, व्यय तथा वित्तीय व्यवस्था बजेट, मध्यमकालीन खर्च संरचना, वार्षिक विकास कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधयेकलाई छुट्टाछुट्टै रूपमा पेश तथा दफावार छलफल गरी स्वीकृत गर्नुपर्नेछ।

### ६.२ बजेट तथा कार्यक्रमको एकीकृत प्रस्ताव सभामा प्रस्तुत गर्ने

बजेट वक्तव्य, आर्थिक एवम् विनियोजन विधेयक, राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान (वार्षिक बजेट) र वार्षिक विकास कार्यक्रमको एकीकृत प्रस्ताव कार्यपालिकाबाट स्वीकृत गरी **असार १० गतेभित्र** सभामा पेश गर्नुपर्नेछ।

## चरण ७ : स्थानीय सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछ :-

### ७.१ बजेट व्यक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक तथा बजेट अनुमान पारित गर्ने

कार्यपालिकाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रमसँग सम्बन्धित सबै दस्तावेजहरू (वार्षिक बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक) उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले **असार १० गतेभित्र** स्वीकृतिका लागि सभामा पेश गर्नुपर्नेछ। आगामी आर्थिक वर्षको वार्षिक बजेट (राजस्व र व्ययको अनुमान) तथा वार्षिक विकास कार्यक्रम र सोसँग सम्बन्धित दस्तावेज सभामा पेश भएको १५ दिनभित्र छलफलको काम सम्पन्न गर्ने गरी कार्यतालिका बनाउनु पर्नेछ। सभाले दफावार छलफल पश्चात् बजेट पारित गर्न वा सुझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्दछ।

सुझाव सहित फिर्ता प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनर्विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नुपर्ने नदेखिएमा कारणसहित सभामा ५ दिनभित्र पुनः पेश गर्नुपर्नेछ। सभाले **असार मसान्तसम्म** आगामी आर्थिक वर्षको बजेट, कार्यक्रम तथा सोसँग सम्बन्धित विधेयकहरू स्वीकृत गर्नुपर्नेछ।

### ७.२ आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने

सभाबाट पारित ऐनहरू अध्यक्ष/प्रमुखद्वारा प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्दछ। आर्थिक ऐन तथा विनियोजन ऐन **असार मसान्त**सम्म प्रकाशन गरिसक्नु पर्दछ।

### ७.३ बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने

सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत भएपश्चात् कार्यपालिकाले वार्षिक बजेट तथा कार्यक्रम **साउन १५ गतेभित्र** वा यथाशिघ्र प्रकाशन गर्नुपर्दछ। वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाको ढाँचा **अनुसूची - २८** मा तोकिए बमाजिम हुनु पर्नेछ।

## ४.९ वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा कार्यान्वयन प्रक्रिया

सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रम गाउँ/नगरपालिकाले संविधान तथा प्रचलित कानूनको अधिकार क्षेत्रभित्र रही निर्माण गरेका ऐन, नियम, कार्यविधि र मापदण्डअनुसार कार्यान्वयन गर्नुपर्दछ। स्थानीय तहमा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा मुख्यतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४; सार्वजनिक खरिद ऐन, २०६३; स्थानीय तहको खरिद नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, विषयगत नीति, ऐन, नियम तथा कार्यविधिअनुसार गर्नुपर्नेछ। यसका लागि गाउँ/नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र आफ्नो वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गरी सो अनुरूप खरिद कार्यको व्यवस्थापन गर्नुपर्दछ।

**गाउँ/नगरपालिकाले उल्लिखित देहायका कुनै एक विधि मार्फत आयोजना/कार्यक्रमहरूको कार्यान्वयन गर्नुपर्दछः-**

- उपभोक्ता समिति
- ठेक्कापट्टा वा निर्माण व्यवसायी
- गैसस, समुदायमा आधारित संस्था

सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम देहायबमोजिम कार्यान्वयन गर्नुपर्दछः

**क. खर्च गर्ने अख्तियार प्रदान गर्नेः**

स्थानीय सभाबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि गाउँ/ नगरपालिकाका अध्यक्ष वा प्रमुखले **७ दिनभित्र** प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्नेछ।

**ख. महाशाखा/शाखा/एकाइगत कार्यतालिका तयार गरी पेश गर्नेः**

विषयगत महाशाखा, शाखा र एकाइ प्रमुख तथा वडा सचिवले निर्धारित ढाँचामा वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ। यसरी पेश भएको कार्यतालिका आवश्यकताअनुसार प्राविधिक क्षमता, कार्यक्रमको संवेदनशीलता, कार्यान्वयनको प्राथमिकता र नगद प्रवाहको अवस्थाको आधारमा कार्यतालिका उपर संशोधन गर्न सकिनेछ।

**ग. कार्यान्वयन कार्ययोजना स्वीकृति र जिम्मेवारी हस्तान्तरण गर्नेः** संशोधनसहित विषयगत महाशाखा/शाखा र वडा कार्यालयबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकीकृत गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ। कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तोकिएको ढाँचामा कार्यक्रम स्वीकृत गरी विषयगत महाशाखा/शाखा/एकाइ र वडा सचिवलाई लिखित रूपमा कार्यान्वयनको जिम्मेवारी हस्तान्तरण गर्नुपर्नेछ। वार्षिक विकास कार्यक्रम स्वीकृति तथा कार्यान्वयन कार्ययोजनाको ढाँचा **अनुसूची - २९** बमोजिम हुनेछ।

**घ. खरिद योजना तर्जुमा तथा स्वीकृत गर्नेः**

नयाँ आर्थिक वर्षको **साउन महिनाको १५ गते**भित्र कार्यपालिकाले स्थानीय ज्याला, नर्माण सामग्री र ढुवानीको दररेट निर्धारण गरी स्वीकृत गर्नुपर्नेछ। आर्थिक वर्ष सुरु भएको महिनाभित्र आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि वार्षिक खरिद योजना अध्यक्ष/प्रमुखले तथा गुरुयोजना कार्यपालिकाबाट स्वीकृत गरी सो अनुसार खरिद व्यवस्थापन कार्य गर्नुपर्नेछ। खरिद गुरुयोजना तथा वार्षिक खारिद योजनाको ढाँचा **अनुसूची - ३०** मा प्रस्तुत गरिएको छ।

**ङ. वार्षिक अनुगमन योजना बनाइ कार्यान्वयन गर्नुपर्नेः**

एकीकृत कार्यान्वयन कार्ययोजना अनुसार अनुगमन तथा सुपरीवेक्षण समितिले वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना बनाइ स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ।

## ४.१० वार्षिक विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन

गाउँपालिका तथा नगरपालिकाको वार्षिक विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनु पर्नेछ :

**क. अनुगमन तथा मूल्याङ्कन योजना बनाउनु पर्ने**

कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको **१५ दिनभित्र** अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा मूल्याङ्कन योजना बनाउनु पर्नेछ।

### ख. अनुगमनका विधि तथा प्रक्रिया तय गर्ने

सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन प्रक्रियामा देहाय बमोजिम र आवश्यकताअनुसार एक भन्दा बढी विधिको प्रयोग गर्न सकिनेछ :

- स्थलगत अवलोकन
- लक्षित समूह तथा मुख्य जानिफकार अन्तर्वार्ता
- लाभान्वित वर्ग तथा सरोकारवाला बैठक
- लक्ष्य र प्रगतिको नियमित तथा आवधिक लेखाजोखा
- सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण
- लाभान्वित वर्ग नक्शाङ्कन
- प्राविधिक परीक्षण
- प्रगति प्रतिवेदन तयारी र छलफल

### ग. अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी संयन्त्र गठन गर्ने

स्थानीय तहबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि देहायअनुसारको गाउँ/नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नुपर्नेछ :

| | |
|---|---|
| (क) उपाध्यक्ष वा उपप्रमुख | - संयोजक |
| (ख) अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरू मध्येबाट दुई जना | - सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ङ) प्रमुख, योजना महाशाखा/शाखा र एकाइ | - सदस्य सचिव |

*नोटः समितिमा आवश्यकताअनुसार कार्यपालिकाका अन्य सदस्य, विषय विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ। साथै समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित आयोजनाका प्रमुख वा प्रतिनिधि, प्राविधिक वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।*

वडाभित्र सञ्चालित आयोजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन देहायअनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नुपर्नेछ :

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्यहरू | - सदस्य |
| (ग) वडा सचिव | - सदस्य सचिव |

समितिमा आवश्यकताअनुसार विषय विज्ञ वा अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

### घ. अनुगमन तथा सुपरीवेक्षण समितिले प्रतिवेदन पेश गर्ने

अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन कार्यको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गर्नुपर्नेछ । समितिको प्रतिवेदन समेतको आधारमा कार्यपालिकाले आयोजना तथा कार्यक्रम कार्यान्वयनमा देखिएका त्रुटिहरू सच्याउन र समय तथा गुणस्तर कायम

गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिन सक्नेछ। अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ।

### ङ. प्रभाव मूल्याङ्कन गर्ने

देहायमा उल्लिखित रकम भन्दा बढी लागतका आयोजना/कार्यक्रम सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ:

- गाउँपालिकाले ५ करोड;
- नगरपालिकाले १० करोड;
- उपमहानगरपालिका र महानगरपालिकाले २५ करोड।

आयोजना तथा कार्यक्रम मूल्याङ्कनमा देहायको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- आयोजना तथा कार्यक्रम मूल्याङ्कन विधि तथा औजार (सर्वेक्षण) तयार गर्ने;
- स्थलगत रूपमा अध्ययन सर्वेक्षण तथा सूचना सङ्कलन गर्ने;
- सङ्कलित सूचनाको विश्लेषण र अध्ययन गर्ने;
- मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश, छलफल र निर्णय गर्ने।

अनुगमन तथा मूल्याङ्कन योजनाको ढाँचा **अनुसूची - ३१** मा प्रस्तुत गरिएको छ।

## ४.११ प्रतिवेदन सम्बन्धी व्यवस्था तथा प्रणाली

सम्पन्न कामको परिमाण, लेखाजोखा तथा विश्लेषण र सुझाव समेतको लिपिबद्ध दस्तावेज नै प्रतिवेदन हो। प्रतिवेदन बाध्यकारी वा औपचारिक दुबै हुन्छन्। आवधिक योजना र वार्षिक योजनाको सन्दर्भमा स्थानीय तहले आ-आफ्नो कार्यपालिका तथा सम्बन्धित समिति र महाशाखा/शाखाहरूमा समेत नियमित रूपमा प्रतिवेदन गर्नुपर्दछ। प्रतिवेदन प्रणालीको विस्तृत ढाँचा प्रक्रिया प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनले तोकेबमोजिम हुनेछ। प्रतिवेदन प्रणालीको संक्षिप्त ढाँचा उदाहरणको लागि तल प्रस्तुत गरिएको छ।

### प्रतिवेदन प्रणालीको संक्षिप्त ढाँचा

| अनुगमन प्रतिवेदनको विवरण | प्रतिवेदन पेश गर्ने निकाय | प्रतिवेदन प्राप्त गर्ने निकाय | समय |
|---|---|---|---|
| कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन प्रतिवेदन | सम्बन्धित कर्मचारी, महाशाखा/शाखा, एकाइ | कार्यपालिका | नियमित |
| ▪ आयोजना तथा कार्यक्रमको प्रक्रिया अनुगमन र उपलब्धि मापन प्रतिवेदन<br>▪ गैर सरकारी सङ्घ/संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ/संस्थाको अनुगमन प्रतिवेदन | अनुगमन तथा सुपरीवेक्षण समिति (उपाध्यक्ष वा उप प्रमुखको संयोजकत्वमा गठित समिति) | कार्यपालिका | मासिक, त्रैमासिक र वार्षिक |
| विकास निर्माण कार्यको प्रगति प्रतिवेदन | जिल्ला समन्वय समिति (जिसस) | जिसस बैठक | त्रैमासिक र वार्षिक |
| प्रदेश सरकारलाई पेश गर्नुपर्ने प्रतिवेदन | प्रमुख प्रशासकीय अधिकृत | प्रदेश सरकारका सम्बन्धित निकाय | वार्षिक |

| अनुगमन प्रतिवेदनको विवरण | प्रतिवेदन पेश गर्ने निकाय | प्रतिवेदन प्राप्त गर्ने निकाय | समय |
|---|---|---|---|
| नेपाल सरकारलाई पेश गर्नुपर्ने प्रतिवेदन (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) घटना र सामाजिक सुरक्षा आदि | शाखाहरू र प्रमुख प्रशासकीय अधिकृत | सम्बन्धित सङ्घीय निकाय | नियमित |
| सङ्घीय योजना र राष्ट्रिय सरोकारका विषय, दिगो विकास र मानव विकास सूचकाङ्कमा निर्दिष्ट लक्ष्य सम्बन्धी प्रगति विवरण | राष्ट्रिय योजना आयोग तथा सङ्घीय तहका निकाय | सम्बन्धित सङ्घीय निकाय | आवश्यकता अनुसार र निर्दिष्ट समयमा |

नीति, योजना, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमनको ढाँचा र प्रक्रिया बमोजिम अनुगमन गरी सोको प्रतिवेदन यस दिग्दर्शनको परिच्छेद २ को २.६.१२ (ङ) मा उल्लिखित ढाँचामा सम्बन्धित समिति तथा महाशाखा/शाखा र एकाइले तयार गरी कार्यपालिकामा पेश गर्नुपर्दछ। यसैगरी त्रैमासिक र वार्षिक प्रगति समीक्षा प्रतिवेदनको ढाँचा **अनुसूची - ३२** मा प्रस्तुत गरेबमोजिम हुनेछ।

## ४.१२ वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरण

वार्षिक बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकीकरणको लागि देहायअनुसारको व्यवस्था गर्नुपर्दछ:

### क. वार्षिक बजेट तथा कार्यक्रम विस्तृत रूपमा तयार गर्नुपर्ने

स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पूर्वाधार विकासले विशेष प्राथमिकता पाउने गरेको छ। स्थानीय तहको बजेटको प्रमुख हिस्सा पूर्वाधार तथा पुँजीगत क्षेत्रमा विनियोजन हुने गर्दछ। दिगो विकास लक्ष्यले समग्र विकासको अवधारणालई समेट्ने भएकोले यस अनुरूप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नागरिकहरूमा सेवा तथा सुविधा प्रवाहका सबै पक्षहरूलाई सम्बोधन गर्नुपर्दछ। वार्षिक बजेट तथा कार्यक्रमले आर्थिक, सामाजिक, वातावरणीय विपद् र जलवायु जोखिम न्यूनीकरण तथा सुशासनका पक्षहरूलाई सन्तुलित रूपमा समेट्नु पर्दछ। यसको अलावा चालु र पुँजीगत खर्चको समायोजन गर्दै औचित्यता तथा आवश्यकताका आधारमा व्यवस्थापन गरिनुपर्दछ।

वार्षिक बजेट तथा कार्यक्रममा स्थानीय तहको अधिकार क्षेत्रका सबै वित्तीय स्रोतहरू जस्तै आन्तरिक राजस्व, रोयल्टी तथा राजस्व बाँडफाँट, अन्तसरकारी वित्तीय हस्तान्तरणका साथै जनसहभागिता र गैसस तथा समुदायमा आधारित संस्थाहरूको सम्पूर्ण कार्यक्रम समेटिएको हुनुपर्दछ। यसरी बजेट तर्जुमा गर्दा आयोजना तथा कार्यक्रमगत रूपमा बाँडफाँट नगरी अवण्डाको रूपमा विनियोजन गर्नु बजेटको सिद्धान्त तथा वित्तीय अनुशासनको विपरित हुन जान्छ।

### ख. वार्षिक बजेट तथा कार्यक्रम नतिजामूलक हुनुपर्ने

गाउँ/नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नतिजामूलक बजेट प्रणालीलाई कार्यान्वयनमा ल्याउनु पर्दछ। स्थानीय तहको योजना तथा बजेट नतिजामूलक हुन प्रस्तावित बजेटको कुनै खास कार्यमा खर्च (जस्तो स्थानीय स्वास्थ्य सेवा) तथा हासिल गर्ने लक्ष्य तथा उद्देश्य (जस्तो गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच तथा मातृ मृत्युदरमा कमी) बीच बलियो सम्बन्ध भएको हुनुपर्छ। कार्यगत तरिकाबाट खर्च गर्ने गरी बजेट तर्जुमा भएमा यस्तो सम्बन्ध कायम गर्न सहज हुन्छ। यसको लागि स्थानीय तहको बजेट तथा कार्यक्रम स्थानीय तहको प्राथमिकता प्राप्त विषय क्षेत्रअनुसार हुनुपर्दछ।

### ग. वार्षिक बजेट तथा कार्यक्रम सहभागितामूलक हुनुपर्ने

सहभागितामूलक प्रक्रिया बमोजिम तर्जुमा हुने वार्षिक बजेट तथा कार्यक्रमबाट समुदायको प्राथमिकता सँगसँगै स्थानीय तहको दीर्घकालीन लक्ष्य सुनिश्चित भएको हुनुपर्नेछ। यस प्रक्रियाबाट आवधिक योजना र वार्षिक योजना बीच अन्तरसम्बन्ध स्थापना हुन्छ। आवधिक योजनाको नतिजामूलक खाका अनुरूप बजेटको प्राथमिकता निर्धारण र आयोजना तथा कार्यक्रम छनौट गरेमा मात्र बजेट नतिजामूलक हुन सक्छ।

### घ. वार्षिक बजेट तथा कार्यक्रम मध्यमकालीन खर्च संरचनासँग एकीकृत हुनुपर्ने

विकास आयोजनालाई एकै वर्षमा विरलै सम्पन्न गर्न सकिन्छ। वार्षिक बजेट तथा कार्यक्रमलाई आवधिक योजनासंग जोड्न वार्षिक बजेट सँगै मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनासँग वार्षिक बजेट तथा कार्यक्रमलाई एकीकृत गर्दा वार्षिक बजेटले योजना अवधिपछिका दुई वर्षसम्मको अनुमानित रकम (Indicative Budget) र खर्च योजना (Expenditure Plan) प्रस्तुत गर्न सहयोग पुग्दछ।

### ङ. बजेट समयमा तयार गर्नुपर्ने र SuTRA बमोजिम प्रतिवेदन तयार गर्नुपर्ने

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र योजना तथा बजेट तर्जुमासँग सम्बन्धित दिग्दर्शन तथा मापदण्ड अनुसार सबै स्थानीय तहले समय सीमाभित्रै वार्षिक बजेट तथा कार्यक्रम तयार गरी तथा स्वीकृत गरेको हुनुपर्दछ। अन्तर सरकार समन्वय सुनिश्चित गर्न स्थानीय तहले आफ्नो बजेट तथा कार्यक्रम कार्यान्वयन SuTRA मा प्रविष्टि गरी सोही अनुरूप प्रतिवेदन तयार गर्नुपर्दछ। यसबाट दिगो विकास लक्ष्य प्राप्तिको दिशामा हासिल भएको प्रगति मापन गरी प्रतिवेदन गर्न सकिन्छ।

### च. संघीय वित्तीय नीतिको पालना गर्नुपर्ने

स्थानीय सरकारहरूले योजना तथा बजेट तर्जुमा गर्दा सङ्घीय वित्तीय नीतिको अनुशरण तथा वित्तीय हस्तान्तरणका साथ प्राप्त शर्त र मार्गदर्शनहरूको पालना गरी वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ। प्रदेश सरकारको वित्तीय हस्तान्तरणको सम्बन्धमा प्रदेश सरकारको शर्त तथा मापदण्डको पालना गर्नुपर्नेछ। यसबाट दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ।

### छ. संस्थागत क्षमता र चालु तथा पुँजीगत बजेट बीच सन्तुलन कायम गर्नुपर्ने

स्थानीय तहमा समतामूलक र प्रभावकारी रूपमा सार्वजनिक सेवा प्रवाह गरी दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहको सङ्गठन र बजेट संरचनाको साथै सार्वजनिक खर्च व्यवस्थापनको आवश्यकता पर्दछ। सार्वजनिक खर्च व्यवस्थापनले वार्षिक बजेट तर्जुमा र कार्यान्वयनको प्रक्रियालाई नतिजामूलक बनाउन मद्दत गर्दछ।

स्थानीय तहमा प्रशासन तथा सञ्चालन खर्च, मर्मतसंभार खर्च, खरिद तथा अन्य कार्यक्रमिक खर्च जस्ता चालु खर्च र पुँजी निर्माणका लागि हुने पुँजीगत खर्चबाट आउने नतिजामार्फत दिगो विकास लक्ष्यका नतिजा प्राप्त हुन्छन्। स्थानीय तहबाट सम्पादन गरिने सञ्चालन तथा विकास निर्माण कार्यहरूलाई नतिजामुखी बनाउन वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया सँगसँगै चालु तथा पुँजीगत खर्चको प्रभावकारी परिचालन गर्नुपर्दछ।

स्थानीय तहमा बजेट तर्जुमा गर्दा भूगोल वा वडामा आधारित बजेट विनियोजन गर्ने परिपाटी रहेको छ। दिगो विकासको लक्ष्य हासिल गर्न स्थानीय तहले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वडाको आधारमा भन्दा विषय क्षेत्रका आधारमा बजेट विनियोजन गर्न प्राथमिकता दिनुपर्दछ। कुन वडामा कति बजेट विनियोजन गर्ने भन्दा पनि दिगो विकास लक्ष्यको प्राथमिकता अनुरूप स्वास्थ्य, शिक्षा, कृषि, सिंचाई,

खानेपानी, वातावरण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन आदि विषय क्षेत्रहरूमा के कति बजेट विनियोजन गर्ने भनी आधार तय गर्नुपर्दछ। यसरी बजेट तर्जुमा गर्दा आवधिक योजना तथा विषय क्षेत्र रणनीतिक योजनाको आधारमा विषय क्षेत्रको लक्ष्य बमोजिम बजेट विनियोजन गरी वार्षिक बजेट तथा कार्यक्रमलाई नतिजामा आधारित बनाउनु पर्दछ। स्थानीय तहको बजेटलाई नतिजामुखी तुल्याउन बजेटलाई विषयगत रूपमा विनियोजन गर्नुपर्दछ। वडास्तरको प्रशासनिक खर्चलाई आर्थिक तथा प्रशासनिक खर्चभित्र वा वडालाई एकाइको रूपमा मानेर विनियोजन गर्नुपर्दछ।

### ञ. वार्षिक बजेट तथा कार्यक्रमलाई मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता कायम गर्नुपर्ने

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनाका क्षेत्रगत रणनीति तथा कार्यनीतिलाई बजेटमा ढाल्दै उपलब्ध स्रोतसाधनलाई विकासका प्राथमिकताका क्षेत्रहरूका बाँडफाँट गरी त्रिवर्षीय चक्रीय योजनाको रूपमा कार्य गर्दछ। यसले आवधिक योजना र वार्षिक योजना बीचको पुलको काम गर्दछ। मध्यमकालीन खर्च संरचना तयार गर्दा आगामी आर्थिक वर्षको लागि विनियोजन गर्दै त्यसपछिका थप दुई आर्थिक वर्षको लागि समेत खर्चको प्रक्षेपण गर्नुपर्दछ। स्थानीय सभाले आगामी आर्थिक वर्षको मात्र बजेट स्वीकृत गर्ने भए तापनि आगामी थप दुई आर्थिक वर्षका लागि मध्यम अवधिको वित्तीय योजनालाई समेत सहजीकरण गर्दछ र आगामी वर्षहरूको लागि समेत खर्चको आवश्यकता र प्राथमिकताको आधारमा आयोजना तथा कार्यक्रमको निरन्तरताको आधार तयार गर्दछ।

वार्षिक बजेटलाई चक्रीय योजनाको रूपमा वहुवर्षीय बजेट दस्तावेजको रूपमा परिवर्तन गर्न आवधिक योजनाअनुसार आगामी आर्थिक वर्षको खर्चको योजना गरिन्छ। मध्यमकालीन खर्च संरचनाले प्रत्येक कार्यक्रम तथा आयोजना वा विषय क्षेत्र तथा उपक्षेत्रको आगामी आर्थिक वर्षहरूको कुल लागत अनुमानका अलावा प्रत्येक कार्यक्रम वा उपक्षेत्रमा आगामी वर्षहरूमा हुने खर्च (चालु, पुँजीगत र वित्तीय व्यवस्था) को अनुमान पनि तयार गर्नुपर्दछ।

### झ. दिगो विकास लक्ष्य, आवधिक योजना र नेपाल सरकार, प्रदेश सरकारको योजनासँग स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रमको तादात्म्यता रहनु पर्ने

स्थानीय तह नागरिकको नजिकको सरकार भएकाले स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न सक्नुपर्दछ। यसको लागि आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता र रणनीतिअनुसार सहभागितामूलक, समावेशी र पारदर्शी प्रक्रियाबाट आयोजना तथा कार्यक्रमको छनौट गर्नुपर्दछ। सहभागितामूलक प्रक्रिया बमोजिम वार्षिक योजना तर्जुमा गर्दा जनप्रतिनिधिहरूले दिगो विकास लक्ष्यका साथै आवधिक योजनाको लक्ष्य, उद्देश्य र प्राथमिकताको बारेमा सूचना प्रवाह गरी सो अनुरूप स्थानीय आवश्यकता र प्राथमिकता बीच तादात्म्यता राखी आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्दछ।

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट समयमा नै राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको सीमा र मार्गदर्शन तथा स्थानीय तहमा नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालन हुने राष्ट्रिय तथा प्रादेशिक आयोजना तथा कार्यक्रमको बारेमा समेत आवश्यक जानकारी लिई सोसँग तादात्म्यता कायम गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

परिच्छेद

५

# आयोजना बैङ्क

## ५.१ पृष्ठभूमि

नेपाल सरकारले देशको आर्थिक विकास र समृद्धिको लागि **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन लक्ष्य निर्धारण गरेकोछ। योजनाबद्ध विकास प्रयासका लामो अभ्यासको बाबजुद योजनाको उपलब्धि लक्ष्य अनुरूप हुन सकिरहेको छैन। यथार्थमा आवधिक र रणनीतिक योजना तर्जुमाले मात्र योजनामा उल्लिखित उद्देश्य एवम् लक्ष्यहरू प्राप्त हुन सक्दैनन्। यसका लागि गुणस्तरीय र कार्यान्वयन योग्य आयोजना छनौट गर्नुपर्ने र सोको प्रभावकारी कार्यान्वयन आवश्यक पर्दछ। सङ्घीयता कार्यान्वयनको पाँचौ वर्षको अन्त्यसम्म आउँदा समेत तीनै तहमा तत्काल कार्यान्वयन गर्न सकिने आयोजनाहरूको पहिचान र प्राथमिकता समेत निर्धारण हुन नसकिरहेको अवस्था छ। फलस्वरूप सीमित स्रोतसाधनबाट अधिकतम उपलब्धि हासिल हुने गरी आयोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ। स्थानीय योजना तर्जुमाका लागि नेपालको संविधान लगायत सङ्घीय, प्रादेशिक तथा स्थानीय कानून तथा नीतिहरूले दिशानिर्देश गरेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने व्यवस्था गरेको छ। योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने र प्राथमिकता दिनुपर्ने विषयहरू ऐनले निर्धारण गरेको छ। ऐनको दफा २४ को उपदफा ४ मा गाउँ/नगरपालिकाले योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्दा विषय क्षेत्रगत रूपमा कार्यक्रम तथा आयोजनाको उद्देश्य, लागत, तीन वर्षमा प्राप्त हुने प्रतिफल र उपलब्धि र सञ्चालित आयोजनाको हकमा गत आर्थिक वर्षमा छुट्याएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको विवरण खुलाउनु पर्ने व्यवस्था गरेको छ। ऐनले मध्यमकालीन खर्च संरचना तयार गर्न आयोजना बैङ्कको आवश्यकतालाई लक्षित गरेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ ले आयोजनाको वर्गीकरण, आधार, मापदण्ड निर्धारण र आयोजना बैङ्क सम्बन्धी व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ को उपनियम (८) मा राष्ट्रिय योजना आयोगले स्थानीय तहमा आयोजना बैङ्क स्थापना गर्न तथा आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथमिकीकरण गर्न आवश्यक सहजीकरण गरिदिन सक्ने व्यवस्था गरी स्थानीय तहमा आयोजना बैङ्क स्थापनाको आवश्यकतालाई औंल्याएको छ। यसैगरी सङ्घीय बजेटबाट प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन गरिने आयोजनाहरूको राष्ट्रिय आयोजना बैङ्कमा अनिवार्य प्रविष्टि गर्नुपर्ने र राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएको आयोजनाको लागि बजेट विनियोजन गर्न नपाइने समेत व्यवस्था गरी आयोजना बैङ्क स्थापनालाई अनिवार्य बनाइएको छ।

## ५.२ आवश्यकता र औचित्य

विकास आयोजना चक्रका प्रमुख चरणहरू मध्ये आयोजना तर्जुमा (Project Formulation) पहिलो प्रमुख चरण हो। यस चरणमा आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन, वित्तीय तथा जोखिम विश्लेषण र छनौट आदि कार्य गरिन्छ। विशेष गरी आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report) को आधारमा मात्र आयोजनाको सही पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ। प्राथमिकताका आधारमा छनौट गरिएका आयोजनाहरूका लागि आर्थिक स्रोत जुटाउन र आयोजनाको प्रकृति र स्वरूपको आधारमा आयोजना कार्यान्वयनको प्रक्रियागत ढाँचा समेत सुनिश्चित गर्न सकिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४; अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वका आयोजनाको पहिचान, संभाव्यता अध्ययन तथा मूल्याङ्कन, प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सोअनुसार स्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैङ्क स्थापना गर्नुपर्ने देखिन्छ।

उपलब्ध कानूनी व्यवस्था बमोजिम स्थानीय तहमा आयोजनाको पहिचान, संभाव्यता अध्ययन, डिजाइन तथा लागत अनुमान, लागत लाभ विश्लेषण र प्राथमिकता निर्धारण बिना नै आयोजना छनौट र बजेट विनियोजन गर्ने र बजेट विनियोजन पश्चात् आयोजनाको संभाव्यता अध्ययन, सर्भेक्षण र विश्लेषण गरी आयोजना कार्यान्वयन गर्ने प्रचलन रहेको छ। यसबाट प्रतिफलमूखी, वित्तीय र आर्थिक रूपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण भई आयोजना सम्पन्न गर्न पर्याप्त बजेट विनियोजन नहुने, आयोजना समयमै सम्पन्न नहुने र गुणस्तर कायम गरी आयोजना सम्पन्न नहुने स्थिति कायम रहेको छ। आयोजनाको पहिचान, अध्ययन तथा विश्लेषण र प्राथमिकता निर्धारण विना नै आयोजना छनौट गर्दा धेरै सङ्ख्यामा हचुवाको भरमा टुक्रे आयोजना छनौट तथा बजेट विनियोजन हुने र यसबाट ठोस उपलब्धि हासिल हुन नसक्ने समस्या विद्यमान रहेको छ।

पूर्व तयारी विना र तदर्थमा आयोजना छनौट र कार्यान्वयन गर्दा कार्यान्वयनको चरणमा आउने विभिन्न समस्या र जोखिम पहिचान हुन नसकी यस प्रकार कार्यान्वयन हुने आयोजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकिरहेको छैन र कतिपय अवस्थामा प्रत्युत्पादक समेत बन्न पुगेका छन्। यी समस्या समाधान गरी

बढी प्रतिफलमुखी, वित्तीय र आर्थिक रूपमा सम्भाव्य (Financially and Economically Viable) आयोजना छनौट गर्न आयोजना बैङ्क आवश्यक रहेको छ। तसर्थ यसै विषयलाई मध्यनजर गर्दै राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ६ (क) को उपदफा (४) मा लागत लाभ लगायतका विविध विश्लेषणका आधारमा आयोजना बैक (Project Bank) तयार गर्ने/गराउने प्रावधान रहेको छ। यस्तो आयोजना बैङ्क राष्ट्रिय तहमा मात्रै नभई प्रदेश र स्थानीय तहमा समेत तयार गर्नु जरुरी छ।

## ५.३ उद्देश्य

स्थानीय अर्थतन्त्रमा अधिकतम फाइदा पुर्‍याउने, सार्वजनिक सेवा प्रवाहमा गुणात्मक सुधार गर्ने र उत्थानशील पूर्वाधार विकास र संस्थागत क्षमता सुदृढीकरणमा स्थानीय स्रोतसाधनको प्रभावकारी परिचालन गर्ने रणनीतिक महत्वका आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण सहितको विवरण तयार गर्नु आयोजना बैङ्कको मूल उद्देश्य हो। यसको विशिष्ट उद्देश्य देहायबमोजिम रहेका छन्:

- तथ्यपरक विधि र मापदण्डमा आधारित आयोजना पहिचान, लेखाजोखा (पूर्व मूल्याङ्कन), छनौट, प्राथमिकीकरण गर्ने प्रणालीको विकास र अभ्यास गर्नु;
- स्थानीय तहमा स्थानीय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको विकास गरी आयोजना छनौट प्रणालीको विकास गर्नु;
- प्रतिफलमूखी, वित्तीय र आर्थिक रूपमा सम्भाव्य (Financially & Economically Viable) आयोजना छनौट गर्नु;
- मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमामा विनियोजन कुशलता र लगानीको प्रतिफल सुनिश्चित गर्नु;
- आयोजना बैङ्क र मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता कायम गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन सुनिश्चित गर्नु;
- स्थानीय तहको बजेट विनियोजनमा दक्षता, आयोजना व्यवस्थापनमा कुशलता र योजना सुशासनमा प्रभावकारिता कायम गरी सार्वजनिक स्रोतको अधिकतम उपयोग (Value for Money) स्थापित गर्नु।

## ५.४ आयोजना बैङ्क तयारी प्रक्रिया

### क. नयाँ आयोजनाको हकमा

#### ५.४.१ आयोजनाको पहिचान गरी संक्षिप्त सूची तयार गर्ने

सम्बन्धित विषयगत तथा भौगोलिक क्षेत्रमा देखिएको समस्या वा आवश्यकताको सम्बोधन गर्ने उपायहरूको खोजी गरी विषयगत महाशाखा /शाखा /एकाइ /केन्द्र र वडा कार्यालयले स्थानीय परिवेश र आवश्यकताअनुसार आयोजनाको पहिचान गर्नुपर्दछ। आयोजनाको पहिचान गर्दा आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना, स्थानीय सरकारको नीति, योजना तथा कार्यक्रम, विषयगत समितिका पदाधिकारी तथा सरोकारवालासँगको परामर्श, मागको विश्लेषण र पूर्वानूमान, सम्भावना र अवसरको अध्ययन तथा विश्लेषण गरी पाँच वर्षसम्ममा कार्यान्वयन गर्न सकिने आयोजनाको विवरण तयार गर्नुपर्दछ। यसरी पहिचान भई तयार गरिएको आयोजनाको विवरण सम्बन्धित महाशाखा /शाखा /एकाइ वा वडा कार्यालयले योजना महाशाखा/ शाखामा पेश गर्नुपर्दछ।

योजना महाशाखा/शाखाले विषयगत क्षेत्रको लक्ष्य, प्राथमिकता, संस्थागत क्षमता, प्राविधिक सम्भाव्यता जस्ता मापदण्डहरूको प्रयोग गरी आयोजनाको विषयगत रूपमा वर्गीकरण, प्राथमिकीकरण र पुनः प्राथमिकीकरण गरी आयोजनाको संक्षिप्त सूची तयार गर्नुपर्नेछ। यस्तो संक्षिप्त सूची तयार गर्दा आयोजना कार्यान्वयन गर्न लाग्ने समय, लागत क्षमता तथा लगानीको प्रतिफल, विपद् तथा जलवायु जोखिम लगायतका आधारहरूलाई ध्यान दिनुपर्नेछ। यसरी आयोजनाको संक्षिप्त सूची तयार गर्दा समपूरक र विशेष अनुदानबाट सञ्चालन गरिने, सहलगानी तथा आन्तरिक ऋणमा सञ्चालन गरिने र सामान्यतः बहुवर्षीय आयोजनालाई अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ।

### ५.४.२ पूर्व सम्भाव्यता वा डेस्क अध्ययन गर्ने

संक्षिप्त सूचीमा समावेश भएका आयोजनाहरू मध्ये जटिल प्रकृतिका आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययन गर्नुपर्दछ भने सरल प्रकृतिका आयोजनाहरूको डेस्क अध्ययन गर्न सकिनेछ। गाउँ/नगर वस्तुस्थिति विवरण (प्रोफाइल), आधाररेखा सर्वेक्षण, आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना र आयोजना सम्बन्धी आधारभूत जानकारी जस्ता सूचनाहरू डेस्क अध्ययनका लागि पर्याप्त हुन सक्दछन्।

पूर्व सम्भाव्यता अध्ययनमा आयोजनाको औचित्य, प्राविधिक पक्ष तथा विकल्पहरू, आयोजनाको उद्देश्य र कार्य क्षेत्र आदि समावेश गर्नुपर्दछ। यस्तो अध्ययनमा आयोजनाको आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको विश्लेषण गरी प्रारम्भिक लाभ लागत समेत निर्धारण गर्नुपर्दछ। पूर्व सम्भाव्यता अध्ययनको लागि विकसित गरिएका विधि अनुरूप विषयगत महाशाखा/शाखा/एकाइका विषयविज्ञ कर्मचारीबाट वा सेवा खरिदको प्रक्रियाअनुसार विज्ञको सेवा परिचालन गरी पूर्व सम्भाव्यता अध्ययन गर्न गराउन सकिन्छ।

### ५.४.३ आयोजना अवधारणा पत्र तयारी तथा स्वीकृत गर्ने

विषयगत महाशाखा/शाखा वा कार्यालयले पूर्व सम्भाव्यता अध्ययन वा डेस्क अध्ययनको आधारमा आयोजना अवधारणा पत्र तयार गर्नुपर्नेछ। यस प्रकार तयार भएको आयोजना अवधारणापत्र सम्बन्धित महाशाखा/शाखा/कार्यालयले योजना महाशाखा/शाखामा पेश गर्नुपर्दछ। योजना महाशाखा/शाखामा पेश भएका अवधारणा पत्रको राष्ट्रिय आयोजना बैङ्क सूचना प्रणालीमा रहेका परीक्षण सूचकहरूको आधारमा मूल्याङ्कन गरी सो सम्बन्धमा सैद्धान्तिक स्वीकृति, पुनरावलोकनका लागि सुझाव वा प्रस्ताव अस्वीकृत सम्बन्धी निर्णय गर्नुपर्दछ र सो सम्बन्धी निर्णयको जानकारी सम्बन्धित महाशाखा/शाखा/कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ। अवधारणा पत्र मूल्याङ्कन प्रयोजनका लागि योजना महाशाखा/शाखा प्रमुखको संयोजकत्वमा आर्थिक प्रशासन, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा प्रमुख एवम् योजना तथा पूर्वाधार विकास विज्ञ सदस्य रहेको प्राविधिक समिति गठन गर्न सकिनेछ।

अवधारणा पत्र स्वीकृत भए पश्चात् योजना/महाशाखा/शाखाले विस्तृत अध्ययन तथा आयोजना विकासका लागि आवश्यक पर्ने बजेटको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्नुपर्नेछ। यसका लागि आयोजना विकास कोष स्थापना गरी सम्भाव्यता तथा विस्तृत अध्ययन तथा विकासको लागि बजेट व्यवस्था गर्न सकिनेछ। पुनरावलोकनका लागि सुझाव सम्बन्धी निर्णय भएको अवस्थामा सम्बन्धित विषयगत महाशाखा/शाखा/कार्यालयले अवधारणा पत्रको थप अध्ययन, विश्लेषण र संशोधन गरी स्वीकृतिका लागि पुनःयोजना महाशाखा/शाखामा पेश गर्नुपर्नेछ। आयोजना अवधारणा पत्रको ढाँचा **अनुसूची - ३३** मा उल्लेख भएबमोजिम हुनेछ।

### ५.४.४ सम्भाव्यता अध्ययन वा विस्तृत प्रतिवेदन तयार गरी स्वीकृत गर्ने

सम्भाव्यता अध्ययनमा आयोजनाको आर्थिक, प्राविधिक लगायत विविध पक्षहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी निराकरण गर्न सकिने जोखिमहरूको निर्धारण गर्नुपर्नेछ। यसले सर्वोत्तम विकल्पहरूको विश्लेषण गर्नुका साथै लगानी छनौटलाई सुनिश्चित गर्दछ। आयोजनाको प्रकृति र जटिलताअनुसार सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्राविधिक, वित्तीय, आर्थिक सम्भाव्यता, संस्थागत, वातावरणीय र सामाजिक मूल्याङ्कन र जोखिम मूल्याङ्कन जस्ता विषयहरू समावेश गर्नुपर्दछ। विषयगत महाशाखा/शाखा/कार्यालयले आफै वा आवश्यकता अनुसार सार्वजनिक खरिद प्रक्रिया अनुसार व्यावसायिक परामर्शदाता नियुक्त गरेर सम्भाव्यता अध्ययन कार्यलाई समयमा सम्पन्न गर्नुपर्दछ। यसरी गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन महाशाखा/शाखा/एकाइले योजना महाशाखा/शाखा मार्फत स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्दछ।

सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृति भएपश्चात् यसले सुझाएअनुसार सम्बन्धित महाशाखा/शाखाले प्रस्तावित आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ। जटिल प्रकारका आयोजना विशेष गरी पुँजीगत निर्माण आयोजनाहरूमा विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report -DPR) आवश्यक हुन्छ तर सामाजिक क्षेत्र र सम्पत्ति सिर्जना नगर्ने आयोजनाहरूको लागि सम्भाव्यता अध्ययन नै पर्याप्त हुन्छ। समपूरक, विशेष अनुदान र सहलगानी, आन्तरिक ऋण तथा सार्वजनिक निजी साझेदारीमा सञ्चालन प्रस्ताव गर्ने आयोजना एवम् सामान्यतः बहुवर्षीय आयोजनाको अनिवार्य रूपमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्नुपर्दछ।

विस्तृत संभाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदनमा विस्तृत डिजाइन र कार्यान्वयन योजना सहितको विस्तृत विवरण समावेश गरिएको हुनुपर्दछ। आयोजनाको आकार, जटिलता र अध्ययनको विषय क्षेत्रहरू फरक फरक हुने भएकाले विस्तृत आयोजना प्रतिवेदनका लागि स्पष्ट ढाँचा उपलब्ध नभए तापनि विस्तृत आयोजना प्रतिवेदनमा कम्तिमा देहायका विषयहरू समावेश भएको हुनुपर्नेछ:-

- आयोजनाको व्याख्या;
- आयोजनाको विस्तृत अध्ययन तथा सर्वेक्षण;
- विस्तृत इञ्जिनियरिङ डिजाइन;
- विस्तृत लागत अनुमान,
- विस्तृत आर्थिक तथा वित्तीय विश्लेषण;
- वातावरणीय, सामाजिक प्रभाव अध्ययन तथा व्यवस्थापन योजना;
- विस्तृत वित्तीय योजना;
- विस्तृत आयोजना तालिका;
- खरिद गुरुयोजना तथा कार्यान्वयन योजना;
- आयोजनाको मर्मत संभार ढाँचा।

### ५.४.५ आयोजना प्रस्ताव तयार तथा स्वीकृत गर्ने

सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन पश्चात् प्रत्येक आयोजनाको आयोजना प्रस्ताव तयार गरी योजना महाशाखा/शाखामा पेश गनुपर्नेछ। आयोजना प्रस्तावमा प्राविधिक, आर्थिक, वातावरणीय र संस्थागत रूपमा सम्भाव्यताको लेखाजोखाका साथ सम्भाव्यता अध्ययन सम्बन्धी विवरण

समावेश भएको हुनुपर्नेछ। आयोजना प्रस्तावको ढाँचा **अनुसूची - ३४** मा उल्लेख भएबमोजिम हुनेछ। प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन सहितको आयोजना प्रस्ताव विषयगत महाशाखा/शाखा /कार्यालयले योजना महाशाखा/शाखामा पुनरावलोकन तथा स्वीकृतिका लागि पेश गर्नुपर्दछ।

आयोजना प्रस्ताव पेश भएपछि योजना महाशाखा/शाखाले प्रस्तावको मूल्याङ्कन गरी प्रस्ताव लेखाजोखा प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्नेछ। यसरी पेश हुन आएको मूल्याङ्कन प्रतिवेदन योजना महाशाखा/शाखाले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्नुपर्दछ। कार्यपालिकाको बैठकले आयोजनालाई स्थानीय आयोजना बैङ्कको सूचीमा राख्ने वा सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन परिस्कृत गर्ने विषयमा निर्णय गर्नेछ।

### ५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वयनको लागि स्वीकृत गर्ने

स्थानीय आयोजना बैङ्कको सूचीमा समाविष्ट आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) का आधारमा थप जाँच गर्नुपर्नेछ। आयोजनाको प्राथमिकीकरणका लागि मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाका लागि यस दिग्दर्शनको **अनुसूची - ११** मा प्रस्तुत भए बमोजिमको आधार तथा विधि अवलम्बन गर्नुपर्दछ।

देहायअनुसारको मापदण्डको आधारमा आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) गरी आयोजना कार्यान्वयनमा जानका लागि योग्य छ/छैन भन्ने कुराको निर्क्यौल गर्नुपर्दछ।

- सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयार गरेको;
- आयोजनाको नतिजा खाका तयार भएको;
- आयोजनाको लागि रकमको व्यवस्थापन वा स्रोतको प्रतिबद्धता भएको;
- जग्गा अधिग्रहणको कानूनी प्रक्रिया सम्पन्न भएको;
- वातावरणीय अध्ययन (वातावरणीय प्रभाव मूल्याङ्कन (EIA), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र संक्षिप्त वातावरणीय अध्ययन (BES) सम्पन्न गरेको;
- कार्यान्वयन योजना तयार भएको;
- अनुगमन तथा मूल्याङ्कन योजना तयार भएका;
- जोखिम व्यवस्थापन तथा न्यूनीकरण योजना तयार भएको;
- विपद् जोखिम विश्लेषण भएको ।

यस प्रकार आयोजनाको प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन गरी सोको विवरण विषयगत महाशाखा/ शाखा/कार्यालयले पुनः योजना महाशाखा/शाखामा पेश गनुपर्नेछ । समपूरक, विशेष अनुदान र सहलगानी, आन्तरिक ऋण तथा सार्वजनिक निजी साझेदारीमा सञ्चालनका लागि प्रस्ताव गर्ने आयोजना एवम् सामान्यतः बहुवर्षीय आयोजनाहरू अनिवार्य रूपमा आयोजना बैङ्कको सूचीमा समावेश भएको हुनुपर्नेछ।

### ५.४.७ आयोजना बैङ्कमा सूचीकृत आयोजनाको वर्गीकरण र श्रेणी विभाजन गर्ने

यस प्रयोजनको लागि प्रत्येक आयोजनाको आयोजना प्राथमिकीकरण स्कोर (Project Prioritization Score-Sheet) र आयोजना तत्परताको मूल्याङ्कन स्कोर (Project Readiness Assessment/PRA Score-Sheet) हिसाब गर्नुपर्दछ । स्रोतको दक्षतापूर्ण विनियोजनको लागि आयोजना प्राथमिकीकरणको मजबुत श्रेणीक्रम प्रणाली अन्तर्गत २ प्रकारको आयामबाट प्राथमिकीकरण गर्नुपर्दछ - क) आयोजनाको प्राथमिकता ख) आयोजना तत्परता (आयोजना कार्यान्वयनको अवस्था)। यसका लागि दुवै आयाममा आयोजनालाई देहायअनुसार उच्च (High), मध्यम (Medium) र न्यून (Low) गरी ३ श्रेणीमा वर्गीकरण गर्नुपर्दछ :

- उच्च (High): अङ्कभार ७५ वा सो भन्दा बढी
- मध्यम (Medium): अङ्कभार ५० देखि ७४ सम्म
- न्यून (Low): अङ्कभार ५० भन्दा कम

**(क) आयोजनाको प्राथमिकीकरणको श्रेणी विभाजन :** आयोजनाको प्राथमिकीकरणको ८० प्रतिशत भारलाई १०० प्रतिशत मानी आयोजना प्राथमिकीकरणको अङ्कभार हिसाब गर्नुपर्दछ । जस्तैः आयोजना प्राथमिकीकरणको अङ्कभार ७० छ भने आयोजना आयोजनाको प्राथमिकीकरणको अङ्कभार ८७.५% (७०/८०X१००) हुन्छ। आयोजना प्राथमिकीकरणको प्राप्ताङ्क प्राप्ताङ्क ७५ भन्दा माथि भए उच्च, ५० देखि ७५ सम्म भए मध्यम र ५० भन्दा कम भए न्यून गरी वर्गीकरण गर्नुपर्दछ।

**(ख) आयोजना तत्परता मूल्याङ्कनको श्रेत्री विभाजन :** आयोजनाको तत्परताको मूल्याङ्कनको अङ्कभार देहायको तालिकामा उल्लिखित उपआधार र सुत्रबाट निकाल्नु गर्नुपर्दछ :

| मूल्याङ्कनको उपआधार (क) | भार (ख) | अवस्था : छ (१)/छैन (०) (ग) | अङ्कभार (घ) = ख*ग |
|---|---|---|---|
| डिपिआर/संभाव्यता अध्ययन पुरा भए/नभएको | ३०% | | |
| नतिजा खाकाको विकास भए/नभएको | ५% | | |
| स्रोतको प्रतिबद्धता/आयोजनाको स्रोत भए/नभएको | २०% | | |
| जग्गा प्राप्तिसम्बन्धी कानूनी प्रक्रिया पुरा भए/नभएको | २५% | | |
| वातावरणीय अध्ययन भए/नभएको | १०% | | |
| कार्यान्वयन योजना अन्तिम अवस्था पुगे/नपुगेको | ५% | | |
| अनुगमन र मूल्याङ्कन योजनाको विकास भए/नभएको | ५% | | |
| जम्मा अङ्कभार | १००% | | |

आयोजना तत्परता मूल्याङ्कनको अङ्कभार प्रत्येक उपआधारको हिसाब गरी देहायको सूत्रबाट निकाल्नु पर्दछः

- आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) = भार X अवस्था

उपरोक्त अनुसारको आयोजना तत्परता मूल्याङ्कन गर्ने अवस्था नभएमा आयोजना सम्पन्न गर्न लाग्ने समयको आधारमा आयोजना तत्परता मूल्याङ्कन गर्नुपर्दछ। आयोजना सम्पन्न गर्न लाग्ने समयको आधारमा एक वर्ष भित्र सम्पन्न हुने भए उच्च, दुई वर्षभित्र सम्पन्न हुने भए मध्यम र तीन वर्ष वा सोभन्दा बढी वर्ष लाग्ने भए न्यून गरी आयोजना कार्यान्वयनको अवस्थालाई पनि तीन समूहमा वर्गीकरण गर्नुपर्दछ।

यस प्रकार आयोजनालाई प्राथमिकीकरणको आधार र आयोजना कार्यान्वयनको अवस्थालाई तीन-तीन समूहमा वर्गीकरण गरेपछि गुणन विधिको प्रयोग गरेर आयोजनाको सूचीलाई देहायअनुसार आयोजना तालिका (Matrix) मा राखी A देखि E सम्मका विभिन्न ९ श्रेणीक्रममा वर्गीकरण गर्नुपर्दछ।




जसमा HH ले आयोजना प्राथमिकीकरणमा पनि उच्च र आयोजना तत्परतामा पनि उच्च भन्ने बुझाउँछ र यसलाई पहिलो श्रेणीक्रम (A) मा राख्नुपर्दछ। HM ले प्राथमिकीकरणमा उच्च र आयोजना कार्यान्वयनमा मध्यम भन्ने बुझाउँछ र यसलाई दोश्रो (B) श्रेणीक्रममा राख्नु पर्दछ। HL ले प्राथमिकीकरणमा उच्च र आयोजना कार्यान्वयनमा न्यून भन्ने बुझाउँछ। जसलाई आयोजनाको तेश्रो (C) श्रेणीमा राख्नुपर्दछ। साथै LH ले आयोजनाको प्राथमिकीकरणमा न्यून र आयोजना तत्तपरता मूल्याङ्कनमा उच्च भन्ने जनाउँछ र यसलाई चौथो श्रेणीक्रम (D) मा पर्दछ। LL ले आयोजनाको प्राथमिकीकरण पनि न्यून र तत्परता मूल्याङ्कनमा पनि न्यून भन्ने जनाउँछ र यसलाई पाँचौ श्रेणीक्रम (E) मा राख्नुपर्दछ। सोही अनुसार A- लाई छैटौं, B- लाई सातौ, C- लाई आठौ र D- लाई नवौं श्रेणीक्रममा राख्नुपर्दछ।

### ५.४.८ मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गर्ने

मध्यमकालीन खर्च संरचना, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गर्ने त्रिवर्षीय चक्रीय योजना हो। यस संरचनामा पहिलो वर्षको यथार्थ विनियोजन तथा दोश्रो र तेश्रो वर्षको प्रक्षेपण र अनुमान गर्नुपर्दछ। आयोजना बैङ्कमा समाविष्ट आयोजनाको छनौट तथा प्राथमिकीकरणको प्रक्रियाले मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गर्न र मध्यमकालीन खर्च संरचना दस्तावेज तयार गर्न सहजीकरण हुन्छ। यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी वित्तीय अनुशासन समेत कायम गर्न सहयोग पुग्दछ।

आयोजना पहिचान, अध्ययन तथा विश्लेषण, प्राथमिकीकरण तथा छनौटको प्रणालीबद्ध प्रक्रिया बमोजिम तयार आयोजना बैङ्कमा सूचीकृत आयोजनाहरू मध्ये प्राथमिकताक्रम, उपलब्ध स्रोतसाधन र कार्यान्वयन क्षमतालाई ध्यानमा राखी कार्यपालिकाले आयोजना छनौट गरी कार्यान्वयनका लागि बजेट विनियोजन गर्नुपर्नेछ। यस प्रकारका छनौट भएका आयोजनालाई गाउँ/नगरपालिकाको तीन वर्षको खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनामा समावेश गरी वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजनको सुनिश्चितता गर्नुपर्दछ।

## ख. चालु आयोजनाको हकमा

चालु आयोजनालाई देहायअनुसार दुई चरणमा आयोजना बैङ्कमा समावेश गर्नुपर्नेछ :

### ५.४.९ आयोजनाको विवरण सङ्कलन गर्ने

विषयगत महाशाखा/शाखा/एकाइ/वडा कार्यालयले कार्यान्वयनको चरणमा रहेका आयोजनाको विवरण तयार गर्नुपर्दछ। विषयगत महाशाखा/शाखा/कार्यालयले गाउँ/नगरपालिकामा आयोजना बैङ्कको विद्युतीय प्रणाली सञ्चालनमा रहेको भए सोबाट आयोजनाको विवरण सङ्कलन गर्न सकिनेछ। यसका लागि चालु आयोजना सम्बन्धी विवरण सङ्कलन गर्न **अनुसूची - ३५** बमोजिमको फाराम प्रयोग गर्न सकिनेछ।

### ५.४.१० आयोजनाको पुनर्मूल्याङ्कन र पुनःप्राथमिकता निर्धारण गर्ने

आयोजनामा हुने लगानीलाई खण्डीकरण हुन र दक्षताहीन तरिकाले उपलब्ध रकम तथा स्रोतको उपयोग हुनबाट रोक्न चालु आयोजनाको पुनर्मूल्याङ्कन र पुनः प्राथमिकता निर्धारण गर्नुपर्दछ। आयोजनाको पुनर्मूल्याङ्कन र पुनःप्राथमिकता निर्धारण देहायअनुसार गर्नुपर्नेछ :

**(क) आयोजना प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कनको विद्यमान आधारलाई अवलम्बन गर्ने**

मध्यमकालीन खर्च संरचनामा प्रयोग गरिने आयोजना प्राथमिकीकरणको आधार तथा विधि प्रयोग गरी चालु आयोजनाको पुनःप्राथमिकीकरण सम्बन्धित विषयगत महाशाखा/शाखा/कार्यालयले गर्नुपर्नेछ। यसैगरी नयाँ आयोजनाका लागि प्रयोग गरिने आयोजना तत्परता मूल्याङ्कनको प्रक्रिया प्रयोग गरी चालु आयोजना कार्यान्वयनको अवस्थाको लेखाजोखा गर्नुपर्दछ।

**(ख) आयोजना प्राथमिकीकरणको भार तालिका निर्धारण र आयोजना तत्परता मूल्याङ्कन गरी योजना महाशाखा/शाखामा पेश गर्ने**

सम्बन्धित विषयगत महाशाखा/शाखा/कार्यालयले आयोजना प्राथमिकिकरणको भार तालिका निर्धारण र आयोजना तत्परता मूल्याङ्कन कार्यसूची तयार गरी योजना महाशाखा/शाखामा पेश गर्नुपर्दछ।

**(ग) आयोजनाको श्रेणीक्रम (Ranking) तालिकाको विकास गर्ने**

नयाँ आयोजनाको हकमा गरिए जस्तै योजना महाशाखा/शाखाले आयोजना प्राथमिकीकरणलाई ८० प्रतिशत भार र आयोजना कार्यान्वयनको अवस्थालाई २० प्रतिशत भार दिई गुणन विधिको प्रयोग गरी आयोजनाको श्रेणीक्रम तालिका तयार गर्नुपर्दछ। पुनःप्राथमिकीकरण गरिएका आयोजनाको सूचीलाई विषय क्षेत्रअनुसार आयोजना बैङ्कमा समावेश गर्नुपर्दछ।

**(घ) मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने**

आयोजना बैङ्कमा समावेश चालु आयोजनालाई नयाँ आयोजनाको जस्तै गरी मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम मार्फत बजेट विनियोजन गर्नुपर्दछ।

# अनुसूचीहरू

**अनुसूची १:**

## दिगो विकास लक्ष्य प्राप्तिको लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरू र नतिजा मापनका परिमाणात्मक सूचक

*(दिग्दर्शनको परिच्छेद १ को दफा १.९ सँग सम्बन्धित)*

### पृष्ठभूमि

दिगो विकासका प्रत्येक लक्ष्य स्थानीय तहमा केका लागि अर्थपूर्ण हुन्छ, नेपालमा यसको नीतिगत सन्दर्भ तथा आफ्नो क्षेत्रमा प्रगति वा प्रत्येक लक्ष्य प्राप्तिका लागि स्थानीय तहले निर्वाह गर्न सक्ने भूमिका वा गर्न सक्ने कार्यबारे छोटकरीमा प्रस्तुत गर्नु यस अनुसूचीको उद्देश्य हो। यस अनुसूचीमा प्रत्येक लक्ष्य प्राप्तिका लागि उल्लेख गरिएका कार्यहरू स्थानीय तहले आफ्नो संवैधानिक वा कानूनी दायराभित्र रहेर गर्नैपर्ने समग्र कामहरूका अलावा गर्नुपर्ने अन्य कार्यहरू र सोसँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरण स्वरूप देहायअनुसार प्रस्तुत गरिएको छन् :

### लक्ष्य १: सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने।

राष्ट्रिय आर्थिक प्रगति तथा सामाजिक सुरक्षाको प्रवर्द्धन गरेर स्थानीय तहले गरिबी निवारण गर्न सङ्घीय तथा प्रादेशिक सरकारको प्रयासमा सहयोगी भूमिका निर्वाह गर्न सक्दछ। दिगो विकासको लक्ष्य १ प्राप्तिमा योगदान गर्न स्थानीय तहले गर्नसक्ने विशेष कार्यहरू र स्थानीय तह सम्बन्धी परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सन् २०३० सम्ममा गरिबी न्यूनीकरण वा निवारण गर्न आ-आफ्नो स्थानीय तहको लागि लक्ष्य तथा उद्देश्य तोक्ने ।<br>२. सामाजिक सुरक्षासम्बन्धी सूचना सङ्कलन गर्ने, बेरोजगार तथा गरिब घरधुरीको सर्वेक्षण गर्न सहयोग पुऱ्याउने ।<br>३. शिक्षा, स्वास्थ्य, कृषि प्रसार सेवा, खानेपानी तथा सरसफाइ लगायतका गरिबी निवारण सम्बन्धी सार्वजनिक सेवाहरूमा समावेशी पहुँच सुनिश्चित गर्ने ।<br>४. रोजगारीका अवसरहरू तथा बजारहरूमा पहुँच सुनिश्चित गर्न शहरी तथा ग्रामीण विकास प्रवर्द्धन गर्ने ।<br>५. साना तथा मझौला उद्योग (SME) र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने, सीप विकास तालिममार्फत आयआर्जनका गतिविधि सहजीकरण गर्ने, उद्यमशीलताको विकास, स्वावलम्बी समूह गठन गर्ने र लघु वित्त लगायतका वित्तीय सेवाहरूमा तिनको पहुँच पुऱ्याउने ।<br>६. वैदेशिक रोजगारबाट फर्केका कामदारका लागि आर्थिक तथा सामाजिक संयोजन (integration) कार्यक्रम सञ्चालन गर्ने । | ▪ लिङ्ग र उमेरअनुसार राष्ट्रिय गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात<br>▪ राष्ट्रिय गरिबीको रेखामुनि रहेका सबै उमेरका महिलाहरू (प्रतिशत)<br>▪ बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत)<br>▪ राष्ट्रिय गरिबीको रेखामुनि रहेका बालबालिका (५ वर्षमुनिका, प्रतिशत)<br>▪ कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत)<br>▪ ३० मिनेटको पैदलयात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवार (कुल परिवारको प्रतिशत)<br>▪ औपचारिक वित्तीय सेवामा समेटिएका परिवार (कुल परिवारको प्रतिशत)<br>▪ महिलाहरूको नाममा रहेको सम्पत्ति/ठोस देखिने धनसम्पत्ति (कूल सम्पत्तिको प्रतिशत)<br>▪ विपद्का घटनाहरूबाट मृत्यु (संख्या)<br>▪ हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा)<br>▪ आवश्यक सेवाहरू (शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा) मा स्थानीय तहले गरेको कुल सरकारी खर्चको अनुपात<br>▪ लैङ्गिक समानतालाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने स्थानीय तहको बजेटको अनुपात |

## लक्ष्य २: भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण उपलब्ध गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने ।

कृषि प्रसार तथा ग्रामीण विकासका साथै जनस्वास्थ्यका क्षेत्रमा समेत स्थानीय तहलाई महत्वपूर्ण अधिकार रहेको छ । त्यसैले खाद्य सुरक्षा हासिल गर्ने, पोषण सुधार गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने कार्यमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य २ प्राप्तिमा योगदान गर्न स्थानीय तहले प्रमुख रूपमा गर्न सक्ने कार्यहरू तथा सोसँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय तहमा कृषि तथा पशुपालन सम्बन्धी नीति, ऐन तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>२. कृषि तथा पशुपालनको बजार विकास, कृषि सडकको विकास र साना सिँचाइ आयोजनाको निर्माण तथा सुधार गर्ने ।<br>३. कृषि जमिन, स्थानीय चरन तथा सार्वजनिक पर्ती जग्गाको नियमन तथा व्यवस्थापन गर्ने ।<br>४. कृषि प्रसार कार्यक्रम (उच्च मूल्यका कृषि उत्पादन सम्बन्धी प्रविधि तथा वस्तुको वितरण तथा बजारीकरण) सञ्चालन गर्ने।<br>५. पशुपालन विकास कार्यक्रम (पशु नश्ल सुधार तथा व्यवस्थापन, पशु बिमा तथा ऋणको सहजीकरण, पशुपन्छीजन्य सेवा, पशुस्वास्थ्य सेवाको व्यवस्थापन) सञ्चालन गर्ने ।<br>६. पशु हाटबजार, पशु बधशाला तथा चिस्यान घरको नियमन तथा व्यवस्थापन गर्ने ।<br>७. स्थानीय तहमा खाद्य असुरक्षा तथा कुपोषण पहिचान गर्न यससम्बन्धी सूचना तथा तथ्याङ्क प्रणालीको उपयोग गर्ने ।<br>८. सम्भव भएसम्म विद्यालय तथा स्वास्थ्य चौकीमार्फत पोषण कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने । | ▪ प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.)<br>▪ पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना (Stunting) (प्रतिशत)<br>▪ पाँच वर्षमुनिका कम तौल हुने बालबालिका (प्रतिशत)<br>▪ प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्त अल्पताको स्थिति (Prevalence) (प्रतिशत)<br>▪ ५ वर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पताको स्थिति (प्रतिशत)<br>▪ विद्यमान कृषि भूमि (हजार हेक्टरमा)<br>▪ कृषिमा सरकारी खर्च (कूल बजेटको प्रतिशत)<br>▪ खाद्य सञ्चय डिपोहरूको सङ्ख्या |

## लक्ष्य ३: सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने ।

स्वस्थ रूपमा बाँच्ने वातावरण र प्रतिरोधात्मक तथा उपचारात्मक जनस्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय तहको भूमिका महत्वपूर्ण छ । सबैका लागि स्वस्थ जीवन जीउने वातावरण सुनिश्चित गर्न फोहरमैला व्यवस्थापन, स्वच्छ खानेपानी र सरसफाइ आवश्यक पर्दछ । वायु प्रदूषण कम गर्न, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न, सडक यातायात दुर्घटना रोक्न स्थानीय तहले शहरी यातायात योजना, सडक सुरक्षालगायतका दुर्घटना न्यूनीकरणको व्यवस्थासहित यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गर्न सक्दछ । सबैलाई आधारभूत स्वास्थ्य सेवामा पहुँचले (निजी स्वास्थ्य सेवाको नियमन समेतबाट) जनस्वास्थ्यको अवस्थामा सुधार भई नवजात शिशु, बालबालिका तथा मातृ मृत्युमा कम हुन पुग्दछ । जनस्वास्थ्यको क्षेत्रमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व रहेको छ । यसैले स्वस्थ तथा समृद्ध जीवन प्रवर्द्धन गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ । दिगो विकास लक्ष्य ३ प्राप्तिमा योगदान गर्न स्थानीय तहले खास रूपमा गर्न सक्ने कार्यहरू र स्थानीय तहसँग सम्बन्धित सूचकको उदाहरण देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्वन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा लागू गर्ने ।<br>२. स्थानीय तहको सार्वजनिक सुविधाहरू (स्वास्थ्य चौकी तथा स्थानीय तहका अस्पतालहरू) को स्थापना निर्माण तथा व्यवस्थापन गर्ने, आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरू उपलब्ध गराउने, आवश्यकता अनुसार बिरामीहरूलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरूमा सिफारिस गर्ने ।<br>३. औषधि तथा स्वास्थ्य सामग्रीहरू स्थानीय तहमा खरिद, भण्डारण तथा वितरण गर्ने ।<br>४. निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन गर्ने र स्थानीय तहका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी कार्यहरू तथा चुरोट रक्सी एवम्  लागू पदार्थविरुद्ध जनचेतना प्रवर्द्धन गर्ने ।<br>५. निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा (साधारण अस्पतालहरू, नर्सिङ होम, डाइग्नोसिस सेन्टर तथा अन्य स्थानीय स्वास्थ्य संस्थाहरू) दर्ता, नियमन तथा अनुगमन गर्ने ।<br>६. परम्परागत स्वास्थ्य उपचार सेवाहरू जस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी तथा प्राकृतिक उपचार सुविधाहरू उपलब्ध गराउने र रेखदेख गर्ने । | ▪ दक्ष प्रसुतिकर्मीहरूको सहयोगमा भएको जन्मको अनुपात<br>▪ पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा)<br>▪ नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा)<br>▪ कुष्ठरोगका विरामीहरू (cases)<br>▪ कालाजार (Leishmaniasis) का विरामी (Cases)<br>▪ हात्तीपाइले (Lymphatic Filariasis) का विरामी (संख्या हजारमा)<br>▪ डेङ्गुका विरामी (Cases)<br>▪ सक्रिय ट्रकोमाका विरामी (Cases)<br>▪ कार्डियोभास्कुलर रोग, क्यान्सर, मधुमेह वा स्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोगहरूका कारण हुने मृत्युदर (प्रति १ लाख जनसंख्यामा)<br>▪ आत्महत्यावाट हुने मृत्युदर (हरेक १ लाख जनसंख्यामा)<br>▪ सडक यातायात दुर्घटनाबाट हुने मृत्युदर (हरेक १ लाख जनसंख्यामा)<br>▪ परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर (%)<br>▪ अत्यावश्यक स्वास्थ्य सेवाहरूमा पहुँच:<br>क) प्रोटोकल अनुसार चार पटक पूर्वप्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत (जीवित जन्ममा)<br>ख) अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने प्रतिशत<br>ग) प्रोटोकलअनुसार बच्चाको जन्मपछि तीन पटक प्रसुति सेवा प्राप्त गर्ने महिलाहरूको प्रतिशत<br>घ) हेपाटाइटिस बी भ्याक्सिनको तीन वटा डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत<br>ङ) रगतमा ग्लुकोजको मात्रा वृद्धि  भई औषधी प्रयोग गरिरहेका १५ वर्ष र सोभन्दा बढी उमेर भएका जनसङ्ख्याको प्रतिशत<br>च) घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवारहरूको प्रतिशत<br>छ) स्वास्थ्य बिमामा आबद्ध भएका गरिबहरूको प्रतिशत<br>▪ राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका लक्षित जनसङ्ख्याको अनुपात<br>▪ स्वास्थ्यकर्मीहरूको घनत्व र वितरण (हरेक १ लाख जनसङ्ख्यामा)<br>▪ स्वास्थ्य क्षेत्रको कुल खर्च (कुल बजेटको प्रतिशत) |

## लक्ष्य ४: समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले प्राथमिक तथा माध्यमिक शिक्षाका क्षेत्रमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकासको लक्ष्य ४ कार्यान्वयन गर्न स्थानीय तहले गर्न सक्ने कार्यहरू र स्थानीय तहसँग सम्बन्धित सूचकहरू देहायअनुसार हुन सक्दछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. पूर्वप्राथमिक, प्राथमिक तथा माध्यमिक शिक्षाका साथै अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, लामो/निरन्तर सिकाइ (Prolonged learning) तथा विशेष शिक्षाको नीति, कानून, मापदण्ड, योजना तथा नियमन तयार गर्ने तथा लागू गर्ने ।<br>२. राष्ट्रिय, प्रादेशिक लक्ष्य तथा स्थानीय अवस्था सुहाउँदो गरी शिक्षामा पहुँच तथा शैक्षिक प्रतिफल प्राप्ति सम्बन्धी उद्देश्य तथा लक्ष्य तय गर्ने ।<br>३. सार्वजनिक विद्यालयहरूको (आधारभूत तथा माध्यमिक) स्थापना, निर्माण तथा व्यवस्थापन गर्ने । यस अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन, शैक्षिक सामग्री तथा पाठ्यक्रमको खरिद तथा वितरण एवम् शैक्षिक पूर्वाधारहरूको निर्माण एवम् सम्भार कार्यहरू गर्ने ।<br>४. प्राविधिक शिक्षा व्यावसायिक तालिम तथा उच्च शिक्षाका सम्भावनाहरूमा स्थानीय पहुँच प्रवर्द्धन गर्ने ।<br>५. निजी विद्यालयहरू तथा शैक्षिक सुविधाहरू, शैक्षिक परामर्श सेवाका स्वीकृति तथा नियमन सम्बन्धमा दर्ता तथा नियमन एवम् अनुगमन गर्ने ।<br>६. विद्यार्थीहरूको प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने ।<br>७. स्थानीय पुस्तकालय तथा अध्ययन कोठाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने । | ▪ प्राथमिक तहमा खुद भर्नादर (प्रतिशत)<br>▪ प्राथमिक तह पूरा गर्ने दर (प्रतिशत)<br>▪ कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूमध्ये कक्षा ८ सम्म पुग्ने विद्यार्थीहरूको प्रतिशत<br>▪ कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा १२ सम्म पुग्ने अनुपात (Ratio of girls to boys)<br>▪ कक्षा १ मा भर्ना भएका छात्राहरूको (छात्रहरूको तुलनामा) कक्षा ८ सम्म पुग्ने अनुपात (Ratio of girls to boys)<br>▪ कक्षा ५ को निम्ति सिकाइ उपलब्धि (प्रतिशत) (गणित, नेपाली, अङ्ग्रेजी)<br>▪ माध्यमिक शिक्षा (कक्षा ९ देखि १२ सम्म) को कुल भर्नादर (प्रतिशत)<br>▪ पूर्व बाल्यकाल शिक्षामा उपस्थिति/हाजिरी<br>▪ लिङ्गअनुसार पछिल्लो १२ महिनामा औपचारिक तथा अनौपचारिक शिक्षा र तालिममा युवा तथा वयस्कहरूको सहभागिता दर<br>▪ कूल विद्यार्थीहरूमा छात्रवृत्ति पाउने विद्यार्थीहरूको प्रतिशत<br>▪ लैङ्गिक समता सूचकाङ्क (प्राथमिक विद्यालय)<br>▪ लैङ्गिक समता सूचकाङ्क (माध्यमिक विद्यालय)<br>▪ साक्षरतामा आधारित लैङ्गिक समता सूचकाङ्क (१५ वर्षमाथिका)<br>▪ १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)<br>▪ १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर (प्रतिशत)<br>▪ प्रति विद्यार्थी सार्वजनिक खर्च (आधारभुत र माध्यमिक शिक्षा, प्रति हजारमा ) |

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
| --- | --- |
| | ▪ विद्युत्मा पहुँच भएका विद्यालयहरू (प्रतिशत)<br>▪ इन्टरनेटमा पहुँच भएका विद्यालयहरू (प्रतिशत)<br>▪ वास (WASH) सुविधाहरू भएका आधारभूत विद्यालयहरू (प्रतिशत)<br>▪ अपाङ्गमैत्री विद्यालयहरू (प्रतिशत)<br>▪ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत)<br>▪ न्यूनतम रूपमा सङ्गठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका माध्यमिक शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरूको अनुपात (प्रतिशत) |

## लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र सबै महिला र बालिकालाई सशक्त बनाउने ।

संविधानले महिलाको हकलाई मौलिक हकमा राख्नुको साथै लैङ्गिक समानतालाई निर्देशक सिद्धान्तको रूपमा स्थापित गरेको छ। त्यसैले संघ, प्रदेश तथा स्थानीय तहका सबै सरकारहरूको यस सम्बन्धी जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ । जनताको नजिकको सरकार भएकोले लैङ्गिक समानताको प्रवर्द्धन तथा महिला एवम् किशोरी सशक्तीकरण गर्न स्थानीय तहको भूमिका अझ महत्वपूर्ण हुन्छ । दिगो विकास लक्ष्य ५ अघि बढाउन स्थानीय तहले निम्न कार्य गर्न सक्दछन् र यस लक्ष्यसँग सम्बन्धित परिमाणात्मक सूचकहरू देहायअनुसार हुन सक्दछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
| --- | --- |
| १. महिला हकको संरक्षण तथा प्रगति सम्बन्धी नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहको नेतृत्व तहमा महिलाको राजनीतिक तथा प्रशासनिक भूमिका सक्रियताका साथ प्रवर्द्धन गर्ने । स्थानीय तहमा लैङ्गिकमैत्री कार्य वातावरणको सिर्जना गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी बजेट प्रणाली लागू गर्ने । सहभागितामूलक योजना तर्जुमा प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br>४. स्थानीय तहमा उपलब्ध गराइने सार्वजनिक शिक्षा, सार्वजनिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ इत्यादि सबै प्रकारका सेवाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने ।<br>५. स्थानीय तहमा समावेशी सशक्तिकरण तथा महिलाको क्षमता विकास सुनिश्चित गर्ने ।<br>६. लैङ्गिक हिंसा हटाउन निरोधात्मक, प्रवर्द्धनात्मक साथसाथै सुरक्षात्मक उपायहरू अपनाउने र सुधार गृहहरू (सुरक्षित घरहरू) उपलब्ध गराउने । | ▪ जीवनकालमा शारीरिक तथा यौनहिंसा भएका (दर्ता गरिएका घटनाहरू, प्रतिशत)<br>▪ शारीरिक/यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिलाहरूको (दर्ता गरिएका घटनाहरू) प्रतिशत<br>▪ महिला, किशोरी तथा बालिकाहरूको वेचविखन (संख्या)<br>▪ विवाहित वा वैवाहिक मिलनमा रहेका १५ देखि १९ वर्ष उमेरका महिलाहरू (प्रतिशत)<br>▪ स्थानीय सरकारका विभिन्न संरचना (Bodies) हरूमा महिलाले ओगटेको पदहरूको अनुपात (प्रतिशत)<br>▪ सार्वजनिक सेवाका नीति निर्माणका पदहरूमा रहेका महिला (कुल कर्मचारीहरू मध्ये महिलाको प्रतिशत)<br>▪ व्यवसायिक र प्राविधिक कामदारहरूमा महिला-पुरुषको अनुपात (Ratio of women to men) (प्रतिशत)<br>▪ महिलाहरूको स्वामित्व भएका उद्यमहरूको संख्या<br>▪ महिलाहरूको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर)<br>▪ मोबाइल टेलिफोन हुने व्यक्तिहरूको अनुपात (लिङ्ग अनुसार)<br>▪ १५ देखि २४ वर्ष उमेर समूहका इन्टरनेट प्रयोग गर्ने महिलाको प्रतिशत |

## लक्ष्य ६: सबैका लागि स्वच्छ खानेपानी र सरसफाइको उपलब्धता सुनिश्चित गर्ने ।

खानेपानी तथा सरसफाइ आधारभूत रूपमा स्थानीय तहको जिम्मेवारीमा पर्दछ र खानेपानी तथा सरसफाइ सेवामा सबैको पहुँच सुनिश्चित गर्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहन्छ । दिगो विकास लक्ष्य ६ अघि बढाउन स्थानीय तहले खास रूपमा निम्न कार्य गर्न सक्दछन् र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार हुन सक्दछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सफा खानेपानी तथा सरसफाइको पहुँचसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमहरू लागू तथा कार्यान्वयन गर्ने । शुल्कमा आधारित खानेपानी तथा सरसफाइका सेवा शुल्क तथा नियमहरू निर्धारण गर्ने ।<br>२. स्थानीय सेवा प्रदायक कम्पनीहरूबाट उपयुक्तताअनुसार व्यावसायिक रूपमा पाइपद्वारा वा अन्य तवरले खानेपानीको प्रबन्ध गर्ने । त्यस्ता सेवा सम्बद्ध खानेपानी तथा सरसफाइसम्बन्धी विकासका कामहरू र दस्तुरमा आधारित स्थानीय खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन तथा मर्मत सम्भार गर्ने ।<br>३. ढल व्यवस्थापन तथा प्रशोधन केन्द्रको स्थापना तथा फोहर पानीको प्रशोधन व्यवस्थापन तथा पूर्वाधारको निर्माण एवम् व्यवस्थापन ।<br>४. भवन मापदण्डमा खानेपानी तथा ढल निकाससम्बन्धी प्रावधानसमेत समावेश गरी लागू गर्ने ।<br>५. अति गरिब घरधुरीलाई पाइपद्वारा वा गैरपाइपद्वारा खानेपानी तथा सरसफाइ सेवाहरूको लागि उचित अनुदानको व्यवस्था गर्ने ।<br>६. निजी खानेपानी वितरक तथा ढल निकास सञ्चालकहरूका सेवाहरूको नियमन तथा अनुगमन गर्ने ।<br>७. समुदायमा आधारित, गैरनाफामूलक तथा निजी एवम् घरधुरी तहका खानेपानी तथा सरसफाइसम्बन्धी प्रावधानहरूलाई सहयोग र नियमन गर्ने ।<br>८. सरसफाइसम्बन्धी चेतना अभियान तथा कार्यक्रमहरू (खुला दिसामुक्त गाउँ) प्रवर्द्धन गर्ने । | ▪ पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार (प्रतिशत)<br>▪ आधारभूत खानेपानी सेवामा पहुँच (प्रतिशत)<br>▪ उन्नत/सुधारिएका सरसफाइ सम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार जसले यस्ता सुविधाहरू अरुसँग साझेदारी गर्नुपर्दैन (प्रतिशत)<br>▪ शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात (प्रतिशत)<br>▪ ढल प्रणालीहरू/उपयुक्त एफ.एस.एम (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार (प्रतिशत) |

## लक्ष्य ७: सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने ।

सबैका लागि धान्न सकिने, विश्वसनीय, दिगो तथा आधुनिक ऊर्जा आपूर्तिको सुनिश्चित गर्न संघीय तथा प्रादेशिक प्रयासमा स्थानीय तहले सहयोगी भूमिका खेल्न सक्दछ । यसो भए तापनि यस क्षेत्रमा स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य- ७ अघि बढाउन स्थानीय तहले गर्न सक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित स्थानीय तहको परिमाणात्मक सूचक देहायअनुसार हुन सक्नेछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
| --- | --- |
| १. स्थानीय तहको लघु जलविद्युत् योजना तथा वैकल्पिक ऊर्जा सम्बन्धमा नीति निर्माण कार्यान्वयन तथा नियमन ।<br>२. स्थानीय विद्युत् वितरण व्यवस्थापन, सेवाहरूको कार्यान्वयन तथा नियमन (जस्तो ३ मेगावाटभन्दा कम लघु जलविद्युत् आयोजनाहरू) । | ▪ विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात<br>▪ प्रतिव्यक्ति ऊर्जा (अन्तिम) उपभोग (गिगाजुल्स - Gigajoules)<br>▪ खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार (प्रतिशत)<br>▪ खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसंख्या (प्रतिशत)<br>▪ विद्युत् खपत/उपभोग (प्रतिव्यक्ति किलोबाट घण्टा)<br>▪ जलविद्युतको जडित क्षमता (मेगावाट) |

## लक्ष्य ८: सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, रोजगारी तथा मर्यादित कामको प्रवर्द्धन गर्ने ।

स्थानीय तहले सङ्घीय तथा प्रादेशिक तहमा सबैका लागि हुने समावेशी तथा दिगो आर्थिक समुन्नति रोजगारी तथा सम्मानित कामको प्रवर्द्धनमा सहयोगी भूमिका निभाउन सक्दछ । स्थानीय तहको यस क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ । दिगो विकास लक्ष्य- ८ लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष काम र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू देहायअनुसार हुन सक्नेछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
| --- | --- |
| १. सहकारीहरूको गठन, सञ्चालन तथा विघटन सम्बन्धी नीति, कानून तथा योजना निर्माण, कार्यान्वयन तथा नियमन ।<br>२. स्थानीय आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन तथा नियमन एवम् स्थानीय आर्थिक अवस्थाको विश्लेषण गर्ने ।<br>३. व्यापार व्यवसाय तथा आवतजावतको पहुँच विस्तार हुने गरी स्थानीय सडक तथा पूर्वाधारहरूको योजना तर्जुमा तथा निर्माण गर्ने ।<br>४. स्थानीय बजारको निर्माण, सञ्चालन तथा नियमन गर्ने, आर्थिक गतिविधिलाई सहयोगका लागि सार्वजनिक निजी साझेदारीको पक्षमा काम गर्ने ।<br>५. स्थानीय तहमा पर्यटनको प्रवर्द्धन गर्ने ।<br>६. शिक्षा तथा सीप विकास एवम् जीविकोपार्जनको प्रवर्द्धन गर्ने । स्कूलदेखि श्रम बजारमा प्रवेशबीचको अन्तरिम अवस्थाको व्यवस्थापन गर्ने ।<br>७. श्रम बजारमा महिलाहरूको पहुँचलाई प्रवर्द्धन गर्ने । | ▪ वित्तीय सेवाहरूमा पहुँच (प्रतिशत)<br>▪ सहकारी सेवाहरूमा पहुँच (प्रतिशत)<br>▪ पेशा, उमेर र अपाङ्गताअनुसार महिला र पुरुष कर्मचारी/कामदारहरूको प्रतिघण्टा औसत आम्दानी<br>▪ पेशा, उमेर र अपाङ्गताअनुसार बेरोजगारी दर<br>▪ पर्यटक आगमन (संख्या १० लाखमा)<br>▪ पर्यटनबाट प्राप्त राजस्व (अमेरिकी डलर) (१० लाखमा)<br>▪ पर्यटन क्षेत्रबाट सिर्जित रोजगारी संख्या<br>▪ प्रति १ लाख बयस्कहरूमा वाणिज्य बैङ्कहरूको शाखाहरूको सङ्ख्या |

## लक्ष्य ९: उत्थानशील पूर्वाधारको निर्माण, दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।

स्थानीय सडक (ग्रामीण तथा कृषि सडकसमेत) का साथै बजार तथा स्थानीय विकासका योजनाहरू एवम् कार्यक्रमहरू निर्माण तथा मर्मतसम्बन्धी अधिकार तथा उत्तरदायित्व स्थानीय तहलाई सुम्पिएको छ। औद्योगिकीकरण सम्बन्धी महत्वपूर्ण अधिकार संघीय तथा प्रादेशिक तहमा रहेको छ। यस सन्दर्भमा, स्थानीय तहले सङ्घीय तथा प्रादेशिक सरकारसँग संयुक्त रूपमा औद्योगिक ग्रामको स्थापना, उत्थानशील पूर्वाधारहरूको व्यवस्था, दिगो औद्योगिकीकरण तथा नवीन कार्यहरूको खोजी र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। दिगो विकास लक्ष्य ९ लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष कामहरू र उदाहरणको लागि यससँग सम्बन्धित परिमाणात्मक सूचक निम्नानुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. भू-उपयोग योजनाअनुरूप जमिनको उपयोग, भवन निर्माण इजाजत पत्र तथा स्वीकृति, भूमि कर तथा स्थिर सम्पत्तिसम्बन्धी नीति कानून तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने ।<br>२. यातायातमा पहुँच वृद्धि तथा बजार, व्यापार प्रवर्द्धन गर्न स्थानीय सडक पूर्वाधारहरू (पुलहरू, कल्भर्ट, फुटपाथ, सडक बत्ती इत्यादि) को निर्माण तथा सम्भार गर्ने । यसका साथै खानेपानी, ढल, बिजुली तथा सूचना सञ्चार प्रविधि जसले उत्पादकत्व तथा जमिनको मूल्य वृद्धिमा सहयोग पुऱ्याउँदछ तिनका निर्माण तथा सम्भार गर्ने ।<br>३. स्थानीय तहका व्यापारिक संस्थाहरूलाई इजाजत पत्र दिने, दर्ता गर्ने, नवीकरण गर्ने, दर्ता खारेज गर्ने, अनुगमन तथा नियमन गर्ने । घरेलु उद्योग, पर्यटन तथा अन्य स्थानीय आर्थिक गतिविधिहरूको प्रवर्द्धन गर्ने ।<br>४. एक सय बाट क्षमतासम्मको एफएम रेडियोको लाइसेन्स वितरण गर्ने, नवीकरण गर्ने, नियमन गर्ने एवम् दर्ता खारेज गर्ने । | ▪ सडक घनत्व (कि.मि./वर्ग कि.मि.)<br>▪ पक्की/कालोपत्रे सडकको घनत्व (कि.मि./वर्ग कि.मि.)<br>▪ कुल रोजगारीमा ठूला / निर्माण उद्योगहरूको रोजगारीको अनुपात |

## लक्ष्य १०: मुलुकभित्र तथा मुलुकहरूबीचको असमानता घटाउने ।

संविधानले राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकारका बारेमा गरेको विकेन्द्रीकरण सम्बन्धी प्रावधानले स्थानीय तहलाई असमानता न्यूनीकरण गर्न प्रशस्त अवसर प्रदान गरेको छ। जसअनुसार असमानता न्यूनीकरण गर्न स्थानीय तह, संघीय तथा प्रादेशिक तहका सरकारहरू सँगसँगै महत्वपूर्ण भूमिका खेल्न सक्दछन्। दिगो विकासको लक्ष्य १० लाई अघि बढाउन स्थानीय तहले गर्नसक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित सूचकहरू उदाहरणको लागि निम्नानुसार हुन सक्नेछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. महिला, केटाकेटी, गरिब तथा अन्य सुविधाबाट वञ्चित समूहमा विद्यमान असमानता हटाउने तथा सामाजिक सुरक्षाको प्रावधानको ऐन, नीति, कानून, सिद्धान्त, योजना तथा नियमन तयार तथा कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहले सेवा लिने वा खरिद गर्ने लगायत सबै काममा समतामूलक तथा समावेशी तरिका अपनाउनेबारे सुनिश्चित गर्ने ।<br>३. सार्वजनिक शिक्षा, स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइमा पहुँच, फोहोरमैला व्यवस्थापन, रोजगारीको कार्यक्रमहरू आदि जस्ता सार्वजनिक सेवाहरूमा समान पहुँचको सुनिश्चित गर्ने । | ▪ कुल जनसङ्ख्याको प्रतिव्यक्ति आयमा वृद्धिदर<br>▪ लघुवित्तद्वारा समेटिएको खेती गर्ने परिवारहरूको अनुपात (प्रतिशत) |

## लक्ष्य ११: सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।

स्थानीय तहलाई शहरी विकास, सेवाहरूको प्रवाह र सार्वजनिक सुव्यवस्थाका क्षेत्रमा महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ । त्यसैले स्थानीय तहले सहरलाई समावेशी, सुरक्षित, उत्थानशील तथा दिगो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्दछ । स्थानीय तहले दिगो विकासका लक्ष्य ११ लाई अघि बढाउन गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरणको लागि देहायअनुसार हुन सक्नेछन् :

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय स्तरका सार्वजनिक यातायात (स्थानीय रेल, बस, ट्याक्सी तथा अन्य सार्वजनिक यातायात समेत) व्यवस्था, त्यससँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तर्जुमा गरी कार्यान्वयन तथा नियमन गर्ने ।<br>२. स्थानीय बासिन्दाको सुरक्षा तथा दिगो बसाइसम्बन्धी वातावरण सुनिश्चित गर्न शहरी पूर्वाधारहरूको योजनाको कार्यान्वयत तथा व्यवस्थापन गर्ने ।<br>३. शहरी पूर्वाधार, शहरी सुविधा तथा शहरी सेवाहरू जस्तै सार्वजनिक पार्क, हरियाली स्थलहरू, सहर बत्ती, फोहरमैला व्यवस्थापन एवम् यातायातसम्बन्धी पूर्वाधारहरूको व्यवस्थित विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्ने । | ▪ गरिब-बस्तीहरू/झुपडपट्टीहरू र अबैध जमिनमा बसोबास गर्ने (Sqatters) जनसङ्ख्या (सङ्ख्या हजारमा)<br>▪ खर/पराल/पातले छाएको घरमा बस्ने परिवार (प्रतिशत)<br>▪ सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार (प्रतिशत)<br>▪ पाँच जना र सो भन्दा बढी व्यक्तिहरू बसोबास गर्ने परिवारहरू (प्रतिशत)<br>▪ प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको संरक्षणका निम्ति विनियोजित बजेट (प्रतिशत)<br>▪ विपद्को कारणबाट भएका मृत्यु (सङ्ख्या)<br>▪ विपद्का कारण चोटपटक लागेका/घाइते भएका (सङ्ख्या ) |

## लक्ष्य १२: दिगो उपभोग र उत्पादन ढाँचा सुनिश्चित गर्ने ।

स्थानीय तहले दिगो खपत तथा उत्पादन प्रणाली सुनिश्चित गर्न सङ्घीय तथा प्रादेशिक प्रयासहरूमा महत्वपूर्ण सहयोगी भूमिका खेल्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्य- १२ हासिल गर्न स्थानीय तहले गर्न सक्ने खास कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार हुन सक्नेछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सङ्घीय तथा प्रादेशिक वातावरणका मापदण्डहरू समेतलाई सहयोग पुग्ने गरी दिगो खपत तथा उत्पादन सम्बन्धी ऐन, नीति, कानून, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।<br>२. दिगो उत्पादन तथा खपतको महत्वबारे जनताको सचेतना वृद्धि गर्ने र उनीहरूले वातावरणमा पारेको प्रभाव कम गर्न ज्ञान तथा तरिकाहरू सिकाउने ।<br>३. न्यून ऊर्जा खपत पद्धतिहरू अपनाएर स्थानीय तहले गर्ने आफ्ना कार्यहरूमा ऊर्जाको दिगो खपत सुनिश्चित गर्ने ।<br>४. निजी तथा गैरसरकारी क्षेत्रहरूको समन्वय एवम् सहयोगमा ढल निकास तथा फोहरमैलाको मात्रा कम गर्ने । जस्तो अंग्रेजीका तीन आरका सिद्धान्त (कम उत्पादन गर्ने - Reduce, पुनः प्रशोधन गर्ने - Recycle र पुनः प्रयोग गर्ने - Reuse) अपनाउने । | ▪ जीवाश्म इन्धन (Fossil fuel) ऊर्जाको खपत (कुल ऊर्जाको प्रतिशत)<br>▪ प्रतिव्यक्ति काठको प्रयोग (क्युबिक मिटर) |

## लक्ष्य १३: जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल गर्ने ।

स्थानीय तहले जलवायु परिवर्तनसम्बन्धी कार्यमा संघीय तथा प्रादेशिक प्रयासहरूमा सहयोगी भूमिका खेल्दछन् । दिगो विकास लक्ष्य- १३ हासिल गर्न स्थानीय तहले खास रूपमा गर्न सक्ने कार्यहरू र यस लक्ष्यका परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक बस्तीका ठाउँहरूको पहिचान गरेर जलवायु परिवर्तन कम गर्ने उपाय अपनाउन तथा प्रकोप व्यवस्थापन गर्न कानून, नीति, सिद्धान्त, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने ।<br>२. वातावरणमैत्री स्थानीय योजनाहरू र सम्भाव्य प्राकृतिक प्रकोपबाट उठ्ने जोखिम सहन सक्ने क्षमताको सुनिश्चित गर्ने ।<br>३. प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय सामुदायिक एवम् निजी क्षेत्रसँग सहयोग, समन्वय तथा सहकार्य गर्ने ।<br>४. स्थानीय तहमा जोखिमयुक्त वस्तुहरूबाट हुने प्रदूषण नियन्त्रण, नियमन तथा व्यवस्थापन गर्ने ।<br>५. स्थानीय तहमा प्राकृतिक प्रकोपबाट भएका हानि नोक्सानीको क्षतिपूर्तिका लागि विपद् व्यवस्थापन कोष खडा गरी सञ्चालन गर्ने ।<br>६. स्थानीय तहले आकस्मिक कार्यको तयारी सुनिश्चित गर्ने । यसका अलावा स्थानीय तहमा आकस्मिक कार्य व्यवस्थाहरू एवम् प्रकोपपश्चात् पुनर्वास तथा पुनर्निर्माण योजनाहरूसमेत तयार गर्ने । | ▪ स्थानीय अनुकूलन (Adaptation) योजना तर्जुमा सङ्ख्या<br>▪ समुदाय तहमा अनुकूलन योजना तर्जुमा<br>▪ जलवायुको दृष्टिकोणले व्यवस्थित गाउँहरू/बस्तीहरू (Smart Villages / Settlements)<br>▪ जलवायुको दृष्टिकोणले व्यवस्थित खेती प्रणाली (Adaptive Farming System)<br>▪ जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको अनुपात (प्रतिशत) |

## लक्ष्य १४: दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतको दिगो प्रयोग तथा संरक्षण गर्ने ।

महासागर तथा तटीय क्षेत्रहरूको संरक्षण गर्नमा नेपाल भूपरिवेष्ठित मुलुक भएकोले प्रत्यक्ष जिम्मेवार नभए तापनि तटीय क्षेत्र तथा महासागरहरूमा प्रदूषण घटाउन नदीको माथिल्ला भागमा सरसफाइ तथा फोहरमैलाको व्यवस्थापन गर्न जरुरी हुन्छ। विश्वव्यापी विकास तथा वातावरणीय दिगो विकासका प्रयासहरू बीच ठूलो अन्तरसम्बन्ध भए तापनि भौगोलिक अवस्थितिको कारणले दिगो विकासको चौधौं लक्ष्य, नेपाल तथा खासगरी नेपालका स्थानीय तहसँग कम सम्बन्धित रहेको मानिन्छ। तैपनि स्थानीय नदीनाला, तालतलैया र हिमतालहरू संरक्षण तथा सम्बर्द्धन गर्नु आवश्यक हुन्छ।

## लक्ष्य १५: वनको दिगो व्यवस्थापन, मरुभूमिकरण नियन्त्रण, भूक्षय रोकथाम तथा जैविक विविधताको संरक्षण गर्ने ।

प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधताको व्यवस्थापन, जलाशय, सिमसार तथा वन्यजन्तुको व्यवस्थापनमा स्थानीय तहलाई महत्वपूर्ण अधिकार तथा उत्तरदायित्व प्रदान गरिएको छ । जसअनुसार दिगो वन व्यवस्थापन गर्न, भूक्षयको रोकथाम गर्न तथा जैविक विविधताको हानिनोक्सानी थाम्न स्थानीय तहको महत्वपूर्ण भूमिका रहेको छ। दिगो विकासको लक्ष्य - १५ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरण लागि देहायअनुसार हुन सक्दछन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. प्रभावकारी वातावरणीय व्यवस्थापन सुनिश्चित गर्ने सम्बन्धमा ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>२. भूसंरक्षण तथा जलाधार व्यवस्थापन प्रभावकारी रूपमा गर्ने।<br>३. स्थानीय तहमा सामुदायिक वन, ग्रामीण तथा शहरी वन, धार्मिक वन तथा कबुलियत वनको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन गर्ने ।<br>४. नदीले छोडेका ठाउँहरू वा नदी कटानहरू, नहरका किनारहरू तथा सडक किनारहरूमा वृक्षारोपण गरी सोको व्यवस्थापन गर्ने ।<br>५. स्थानीय तहमा निजी तथा व्यावसायिक वनको प्रवर्द्धन तथा नियमन गर्ने ।<br>६. स्थानीय तहमा सार्वजनिक खुला जमिन तथा खाली ठाउँहरूमा वृक्षारोपण, सम्भार, प्रयोग तथा व्यवस्थापन गर्ने ।<br>७. स्थानीय तहमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावरको सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन तथा बजार व्यवस्थापन गर्ने ।<br>८. बीउबिजनका बेर्ना तयारीका साथै बगैंचाका स्थापना, व्यवस्थापन तथा प्रवर्द्धन गर्ने ।<br>९. नर्सरी बिरुवा उत्पादन, वितरण, वृक्षरोपण तथा प्रवर्द्धन गर्ने ।<br>१०.मानव तथा वन्यजस्तुबीचको द्वन्द्व व्यवस्थापन गर्ने । | ▪ कुल भूक्षेत्रको अनुपातमा वन क्षेत्र<br>▪ समुदायमा आधारित व्यवस्थापन अन्तर्गत रहेको वन (कुल घना वन क्षेत्रको प्रतिशतको रूपमा)<br>▪ संरक्षित क्षेत्र (वनसहित, कुल भूभागको प्रतिशत)<br>▪ ताल, सीमसार र तलाउ/पोखरीहरू (संख्या)<br>▪ कबुलियती (Leasehold) वन समूहलाई वन हस्तान्तरण (हजार हेक्टर)<br>▪ वृक्षारोपण (Plantation) गरिएको क्षेत्र (प्रति वर्ष बेर्ना/बिरुवा, १० लाखमा)<br>▪ सङ्कटापन्न (Potentially dangerous) तालहरू/पोखरीहरू (प्रतिशत)<br>▪ जङ्गली बाघहरू (सङ्ख्या)<br>▪ गैंडा (सङ्ख्या)<br>▪ समुदायको नेतृत्व/अगुवाइमा परिचालित चोरी सिकारी नियन्त्रण एकाइहरू (सङ्ख्या) |

## लक्ष्य १६: न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने ।

स्थानीय तहहरू न्याय, शान्तिपूर्ण तथा समावेशी समाज प्रवर्द्धन गर्ने भूमिका निर्वाह गर्ने स्थानमा छन् । संविधानले स्थानीय तहमा नगर प्रहरी तथा न्यायिक समितिको व्यवस्था गरी उनीहरूको भूमिकालाई स्थापित गरेको छ । यसका अलावा स्थानीय तह आफैंले पनि पारदर्शी तथा समावेशी तरिकाले काम गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्य- १६ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकको उदाहरण देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. नगर प्रहरी सञ्चालन, नियमन तथा व्यवस्थापन प्रभावकारी र कुशल बनाउने ।<br>२. उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिबाट न्याय सम्पादन छिटो, छरितो र निष्पक्ष गर्ने ।<br>३. मध्यस्थता तथा मेलमिलापमा जोड दिने ।<br>४. समावेशी तथा सहभागितात्मक योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरू सुनिश्चित गर्ने ।<br>५. स्थानीय विकासका सूचकहरूलाई विद्युतीय माध्यमद्वारा सार्वजनिक गरेर उत्तरदायित्व प्रवर्द्धन गर्ने । | ▪ हत्यादर (प्रति १ हजार जनसंख्या) (Humicide Rate per 1000 population)<br>▪ दर्ता गरिएका यौनजन्य हिंसा सम्बन्धी केसहरू (सङ्ख्या)<br>▪ मानव बेचबिखनमा परेका व्यक्तिहरूको सङ्ख्या<br>▪ दर्ता गरिएको सम्बन्ध विच्छेद (प्रति १ हजार जनसङ्ख्या) (सङ्ख्या)<br>▪ स्थानीय तहमा दर्ता भएका कुल मुद्दाहरूमध्ये फछ्र्यौट भएका मुद्दाको अनुपात<br>▪ कुल स्वीकृत बजेटमध्ये खर्चको अनुपात<br>▪ जन्मदर्ता भएका ५ वर्षमुनिका बालबालिकाहरूको अनुपात |

## लक्ष्य १७: दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने ।

जनताको निकटतम तहको सरकार भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले निर्णायक भूमिका खेल्नुपर्दछ किनभने स्थानीय तहमा यसले गरिबी निवारण तथा दिगो विकास लक्ष्यका बहुआयामिक चुनौतीहरूलाई सम्बोधन गर्न उपयुक्त नीतिको विकास गर्दछ । यसकारण स्थानीय तह, सामुदायिक संस्थाहरू, निजी क्षेत्र तथा नागरिक समाजबीच साझेदारी तथा सहजीकरण गर्न प्रोत्साहन गर्ने स्थानमा रहेको छ । सबैलाई समेटेर स्रोत परिचालन गर्न तथा स्थानीय तहमा हुने प्रगतिको भिन्नता अनुगमन गर्न भरपर्दो स्थानीय तथ्याङ्कको आवश्यकता पर्दछ । दिगो विकास लक्ष्य- १७ लाई अघि बढाउन स्थानीय तहले गर्न सक्ने विशेष कार्यहरू र यससँग सम्बन्धित परिमाणात्मक सूचकहरू उदाहरणको लागि देहायअनुसार रहेका छन् :-

| स्थानीय तहले गर्नुपर्ने कार्य | स्थानीय तहका परिमाणात्मक सूचक |
|---|---|
| १. स्थानीय तहले आफ्नो अनुकूलताको दिगो विकास लक्ष्यका कार्यसूची (एजेण्डा) बनाउने तथा त्यसको अनुगमन गर्ने ।<br>२. आफ्नो क्षेत्रभित्र राष्ट्रिय विकासका उद्देश्यहरू प्रवर्द्धन हुने किसिमका कार्यक्रमहरू संयुक्त रूपमा सञ्चालन गर्ने र यसमा सहभागितात्मक ढङ्गले काम गर्ने ।<br>३. स्थानीय विकासका लक्ष्यहरू हासिल गर्न स्थानीय तहले आफ्नै राजस्व स्रोतबाट आर्थिक स्रोतहरू सिर्जना गर्ने ।<br>४. स्थानीयस्तरमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय तहले सार्वजनिक निजी साझेदारी अवधारणा अपनाउने ।<br>५. नागरिकको इन्टरनेट पहुँचमा (पुस्तकालयहरू, सामुदायिक केन्द्र आदि) सहयोग गर्न स्थानीय तहले प्रयास गर्ने । | ▪ कूल बजेटमा आन्तरिक आयको अनुपात<br>▪ कुल बजेटको अनुपातमा सङ्घीय र प्रादेशिक सरकारमार्फत् प्राप्त अनुदान (प्रतिशत)<br>▪ कुल बजेटको अनुपातमा राजस्व बाँडफाँटबाट प्राप्त रकम (प्रतिशत)<br>▪ इन्टरनेट घनत्व (प्रति १०० जनामा) |

**अनुसूची ४:**

# गाउँ/नगरपालिकाको वस्तुस्थिति विवरण (Profile) को विषयवस्तु तथा ढाँचा

*(दिग्दर्शनको परिच्छेद २ को दफा २.६.३ (घ) सँग सम्बन्धित)*

## परिच्छेद १: परिचय

१.१ पृष्ठभूमि
१.२ उद्देश्य
१.३ कानूनी तथा नीतिगत आधार
१.४ तयारीका चरण
 १.४.१ वस्तुस्थिति विवरण ढाँचा, औजार तथा कार्यविधि तयारी
 १.४.२ वस्तुस्थिति विवरण तयारी कार्यशाला
 १.४.३ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन
 १.४.४ तथ्याङ्क सङ्कलन
 १.४.५ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र स्रोतनक्शा तयारी
 १.४.६ वस्तुस्थिति विवरणको मस्यौदा तयारी
 १.४.७ वस्तुस्थिति विवरण सुझाव सङ्कलन
 १.४.८ वस्तुस्थिति विवरणको अन्तिम प्रतिवेदन तयारी
१.५ वस्तुस्थिति विवरणको सीमा

## परिच्छेद २: गाउँ/नगरपालिकाको चिनारी

२.१ भौगोलिक अवस्थिति
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण
२.३ प्रशासनिक विभाजन
२.४ धरातलीय अवस्था
२.५ प्राकृतिक सम्पदा
२.६ साँस्कृतिक उत्कृष्टता
२.७ विकासका संभावना
२.९ मानव विकास सूचकाङ्क

## परिच्छेद ३: पारिवारिक विवरण तथा जनसङ्ख्याको अवस्था

३.१ बस्ती र घरपरिवार विवरण
३.२ जनसङ्ख्या वितरणको अवस्था
३.३ उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्या विवरण
३.४ मातृभाषाको आधारमा जनसङ्ख्या विवरण

३.५  धर्म अनुसार जनसङ्ख्या विवरण
३.६  जातिगत आधारमा जनसङ्ख्या विवरण
३.७  घरमुलीको विवरण
३.८  पेशाका आधारमा जनसङ्ख्या विवरण
३.९  आर्थिक रूपले सक्रिय जनसङ्ख्या विवरण
३.१० अपाङ्गताको आधारमा जनसङ्ख्या विवरण
३.११ बसाइँसराइ सम्बन्धी विवरण
३.१२ व्यक्तिगत घटना सम्बन्धी विवरण
३.१३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित जनसङ्ख्याको विवरण
३.१४ संस्थागत जनसङ्ख्या विवरण
३.१५ स्रोत नक्शा

## परिच्छेद ४ः आर्थिक अवस्था

४.१ प्रमुख आर्थिक विवरण
- ४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण
- ४.१.२ मुख्य पेशा सम्बन्धी विवरण
- ४.१.३ औसत आम्दानी विवरण
- ४.१.४ औसत खर्च तथा बचत विवरण
- ४.१.५ विपन्नता स्तरीकरण विवरण
- ४.१.६ खाद्य सुरक्षाको अवस्था
- ४.१.७ आवास संरचना विवरण
- ४.१.८ गरिबीको दर (गरिबीको रेखामुखी रहेको जनसंख्या)
- ४.१.९ आयात र निर्यातको अवस्था
- ४.१.१० औद्योगिक कच्चा पदार्थ उत्पादनको अवस्था (काठ, खोटो, जडिबुटी, लोक्ता, अल्लो, चुनढुङ्गा, मार्वल, स्लेट आदि)
- ४.१.११ बेरोजगारी सम्बन्धी विवरण
- ४.१.१२ वैदेशिक रोजगारीमा गएकाहरूको विवरण
- ४.१.१३ सुकुम्बासी सम्बन्धी विवरण
- ४.१.१४ स्रोत नक्शा

४.२ भू-उपयोग तथा स्वामित्व
- ४.२.१ वर्तमान भू-उपयोग
- ४.२.२ भू-स्वामित्व
- ४.२.३ जग्गाको किसिम
- ४.२.४ खेतीयोग्य जमिन सम्बन्धी विवरण
- ४.२.५ बाँझो जमिन सम्बन्धी विवरण
- ४.२.६ बाढी पहिरोको जोखिममा रहेको जमिनको विवरण
- ४.२.७ स्रोत नक्शा

४.३ कृषि तथा पशु विकास
- ४.३.१ सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण
- ४.३.२ सिंचाइ सुविधाको उपलब्धता विवरण
- ४.३.३ सिंचाइको स्रोत सम्बन्धी विवरण
- ४.३.४ कृषि उत्पादन सम्बन्धी विवरण
- ४.३.५ पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण
- ४.३.६ खाद्यान्न बालीमा लाग्ने रोग तथा कीरा विवरण
- ४.३.७ फलफूल तथा तरकारीमा लाग्ने रोग तथा कीरा
- ४.३.८ पशुपन्छीमा लाग्ने रोग तथा कीरा
- ४.३.९ व्यावसायिक कृषि फर्म सम्बन्धी विवरण
- ४.३.१० आधुनिक (व्यावसायिक) पशुपालन (फार्म) सम्बन्धी विवरण
- ४.३.११ कृषि तथा पशु सेवासँग सम्बन्धित मानव संशाधन
- ४.३.१२ कृषि तथा पशुपालनसँग सम्बन्धित समूह तथा सामुदायिक संस्थाको विवरण
- ४.३.१३ कृषि उपज सङ्कलन केन्द्र तथा चिस्यान केन्द्र
- ४.३.१४ कृषि बजार तथा हाटबजार सम्बन्धी विवरण
- ४.३.१५ बहुप्रकोपबाट कृषि तथा पशु क्षेत्र परेको वा पर्नसक्ने जोखिम वा असरको विवरण
- ४.३.१६ स्रोत नक्शा

४.४ पर्यटन विकास
- ४.४.१ पर्यटकीय स्थलहरूको विवरण
- ४.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण
- ४.४.३ उपलब्ध पर्यटकीय सेवा तथा सुविधा सम्बन्धी विवरण
- ४.४.४ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थल सम्बन्धी विवरण
- ४.४.५ होटेल, रिसोर्ट तथा होमस्टे सम्बन्धी विवरण
- ४.४.६ विपद्बाट प्रभावित होटेल, रिसोर्ट तथा पर्यटकीय स्थलको विवरण
- ४.४.७ स्रोत नक्शा

४.५ उद्योग, व्यापार तथा बैङ्किङ
- ४.५.१ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला उद्योग, सरकारी, पब्लिक, निजी र सहकारी)
- ४.५.२ उत्पादन तथा सेवामूलक उद्योग सम्बन्धी विवरण
- ४.५.३ घट्ट, मिल एवम् सङ्कलन र प्रशोधन सम्बन्धी विवरण
- ४.५.४ व्यापार र व्यवसाय सम्बन्धी विवरण (किराना, थोक, मासु, तरकारी र फलफूल आदि)
- ४.५.५ खनिज तथा खानी सम्बन्धी विवरण
- ४.५.६ स्थानीय बजार तथा व्यापारिक केन्द्रको विवरण
- ४.५.७ बैङ्क तथा वित्तीय संस्था सम्बन्धी विवरण
- ४.५.८ सहकारी सम्बन्धी विवरण
- ४.५.९ विपद्बाट प्रभावित तथा क्षति भएका उद्योग, व्यापार र व्यवसायको विवरण
- ४.५.१० स्रोत नक्शा

## परिच्छेद ५ः सामाजिक अवस्था

५.१ शैक्षिक तथा मानव संशाधन विकास

- ५.१.१ पाँच वर्षभन्दा माथि र १५ वर्षभन्दा माथिको साक्षरता विवरण
- ५.१.२ पाँच वर्ष र सोभन्दा माथिको शैक्षिक अवस्था
- ५.१.३ तहगत रूपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण
- ५.१.४ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण
- ५.१.५ क्याम्पस तथा प्राविधिक शिक्षालय र अध्ययनरत छात्रछात्राको विवरण
- ५.१.६ विद्यालय वाहिर रहेका तथा विद्यालय छाडेका बालबालिकाहरूको विवरण
- ५.१.७ सिकाइ उपलब्धि तथा उत्तीर्ण दर
- ५.१.८ खुद भर्ना, निरन्तरता तथा टिकाउ दर
- ५.१.९ बाल विकास केन्द्रको विवरण
- ५.१.१० विद्यालय शान्ति क्षेत्र र विद्यालय सुधार योजना विवरण
- ५.१.११ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण
- ५.१.१२ आधारभूत र माध्यमिक विद्यालयमा पहुँचको अवस्था (प्रमुख वस्तीहरूबाट विद्यालय पुग्न लाग्ने समय)
- ५.१.१३ शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुबिधा
- ५.१.१४ छात्रवृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था (छात्रवृत्ति, बालअनुदान, दिवा खाजा)
- ५.१.१५ नमूना तथा इन्टरनेट सुविधा उपलब्ध विद्यालय विवरण
- ५.१.१६ सुधारिएको मापदण्ड (भूकम्प प्रतिरोधात्मक) अनुसार निर्माण भएका तथा रेट्रोफिटिङ गरिएका विद्यालय
- ५.१.१७ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी
- ५.१.१८ प्राविधिक तथा विशेष सीपयुक्त मानव संशाधन
- ५.१.१९ अपाङ्गता तथा विशेष शिक्षा स्रोतकक्षा र विद्यार्थी विवरण
- ५.१.२० शैक्षिक गुणस्तर सम्बन्धी विवरण
- ५.१.२१ बालमैत्री शिक्षा सम्बन्धी विवरण
- ५.१.२२ विद्यालयको भौतिक अवस्था
- ५.१.२३ बाढी, पहिरो, भूकम्प, हावाहुरी र चट्याङ जोखिम र सुरक्षाको अवस्था
- ५.१.२४ स्रोत नक्शा

५.२ स्वास्थ्य तथा पोषण

- ५.२.१ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र) को विवरण
- ५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण
- ५.२.३ प्राथमिक स्वास्थ्य सेवाको पहुँचको अवस्था (प्रमुख बस्तीहरूबाट स्वास्थ्य संस्था पुग्न लाग्ने समय)
- ५.२.४ उपलब्ध स्वास्थ्य सेवा तथा सुविधा
- ५.२.५ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण
- ५.२.६ बाल स्वास्थ्य तथा कुपोषणको अवस्था

५.२.७ प्रमुख रोग र उपचार सम्बन्धी विवरण
५.२.८ सुरक्षित मातृत्व
५.२.९ जोखिममा रहेको स्वास्थ्य संस्था तथा पूर्वाधारको अवस्था
५.२.१० स्रोत नक्शा

५.३ खानेपानी तथा सरसफाइ
५.३.१ खानेपानी सुविधाको अवस्था
५.३.२ खानेपानीको श्रोतको विवरण
५.३.३ शौचालय प्रयोगको अवस्था
५.३.४ सार्वजनिक शौचालय
५.३.५ फोहोरमैला व्यवस्थापन
५.३.६ ढल व्यवस्थापन
५.३.७ जोखिममा रहेको खानेपानी, सरसरफाइ, ढल तथा शौचालयको विवरण
५.३.८ स्रोत नक्शा

५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण
५.४.१ लिङ्ग अनुसार बाल विवाह (अठार वर्ष मुनिका) को अवस्था
५.४.२ कामदारको रूपमा घर बाहिर रहेका बालबालिका
५.४.३ बालक्लव तथा सञ्जालको विवरण
५.४.४ घरपरिवारविहीन बालबालिकाको अवस्था
५.४.५ अपाङ्गताका आधारमा जनसंख्या
५.४.६ जेष्ठ नागरिक तथा एकल महिला
५.४.७ अल्पसङ्ख्यक तथा सीमान्तकृत वर्गको विवरण
५.४.८ विपद्बाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको विवरण
५.४.९ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजन तथा खर्चको अवस्था
५.४.१० स्रोत नक्शा

५.५ युवा तथा खेलकूद र मनोरञ्जन
५.५.१ खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जनस्थल सम्बन्धी विवरण
५.५.२ व्यावसायिक खेलाडीको विवरण
५.५.३ युवा क्लब सम्बन्धी विवरण
५.५.४ सिर्जनशील एवम् उद्यमशील युवा र तिनको परिचालन विवरण
५.५.५ विपद् जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरूको विवरण
५.५.५ स्रोत नक्शा

५.६ कला, भाषा तथा संस्कृति
५.६.१ धार्मिक तथा ऐतिहासिक स्थल
५.६.२ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा
५.६.३ स्थानीय चाडपर्व जात्रा र मेला
५.६.४ विशेष शिक्षा तर्फ श्रोत कक्षामा अध्ययनरत छात्र/छात्राको विवरण

५.६.५ धार्मिक स्थलको विवरण
५.६.६ स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण
५.६.७ स्रोत नक्शा
५.७ शान्ति तथा सुरक्षाको अवस्था

## परिच्छेद ६: वन तथा वातावरणीय स्थिति

६.१ वन क्षेत्रको अवस्था
६.१.१ वन क्षेत्र, वनको स्थिति र प्रकार सम्बन्धी विवरण
६.१.२ वन व्यवस्थापन सम्बन्धी विवरण (सरकारद्वारा व्यवस्थित, सामुदायिक, कबुलियती, धार्मिक र निजी वन)
६.१.३ वृक्षरोपणका लागि खालि स्थान सम्बन्धी विवरण
६.१.४ वनजन्य उत्पादन विवरण
६.१.५ जडिबुटीको उत्पादन, सङ्कलन तथा निकासी सम्बन्धी विवरण
६.१.६ गाउँ/नगरपालिका क्षेत्रबाट निकासी हुने वन पैदावरको विवरण
६.१.७ स्रोत नक्शा
६.२ जलस्रोत तथा जलाधर क्षेत्र
६.२.१ प्रमुख जलाधार र उपजलाधारको अवस्था र जोखिमको विवरण
६.२.२ पानीको मुहान सम्बन्धी विवरण
६.२.३ नदी तथा खोला सम्बन्धी विवरण
६.२.४ तालतलैया र पोखरी र सीमसार क्षेत्र सम्बन्धी विवरण
६.२.५ जलस्रोत र उपयोगको स्थिति विवरण
६.२.६ संरक्षित पानीको मुहान, जमिन र भौतिक संरचना विवरण
६.२.७ बाढी तथा पहिरोको जोखिममा रहेको पानीको मुहान, तालतलैया, पोखरी आदिको विवरण
६.२.८ स्रोत नक्शा
६.३ जैविक विविधता र वातावरणीय सेवा
६.३.१ बासस्थानका आधारमा महत्वपूर्ण जनावर तथा चराचुरुङ्गीको विवरण
६.३.२ महत्वपूर्ण वनस्पति विवरण
६.३.३ राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती तथा संरक्षित क्षेत्र
६.३.४ स्रोत नक्शा
६.४ पार्क तथा उद्यान सम्बन्धी विवरण
६.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन
६.५.१ जोखिमयुक्त बस्तीको विवरण
६.५.२ संवेदनशील स्थानमा बसोबास गरेका परिवारको विवरण
६.५.३ विपद्बाट भएको मानवीय, भौतिक र आर्थिक क्षतिको विवरण
६.५.४ विपद्को किसिम अनुसार जोखिमको समय
६.५.५ विपद्बाट क्षतिग्रस्त सार्वजनिक संरचना तथा पूर्वाधारको विवरण
६.५.६ विपद् पूर्व तयारीको अवस्था र प्रतिकार्य (सामाग्रीको भण्डारण र व्यवस्थापन समेत) सम्बन्धी विवरण

६.५.७ आपतकालीन यातायातको साधन सम्बन्धी विवरण
६.५.८ खुला क्षेत्र सम्बन्धी विवरण
६.५.९ हेलिकप्टर अवतरण गर्न सक्ने स्थान तथा सेफ सेल्टरको विवरण
६.५.१० खोज, उद्धार र प्राथमिक उपचार, आगलागी नियन्त्रण गर्ने जनशक्ति तथा भूकम्प प्रतिरोधी भवन निर्माणमा तालिम प्राप्त जनशक्ति विवरण
६.५.११ विपद् सम्बन्धी ऐतिहासिक विवरण
६.५.१२ स्रोत नक्शा

## परिच्छेद ७: भौतिक विकासको अवस्था

७.१ यातायात पूर्वाधार
७.१.१ सडक सञ्जालको विद्यमान अवस्था
७.१.२ निर्माणाधीन गाउँ वा नगरस्तरीय सडकहरू
७.१.३ सवारी सुबिधा र रुट
७.१.४ गाउँ/नगर क्षेत्रभित्र चल्ने सवारी साधन
७.१.५ झोलुङ्गे पुल तथा पुलपुलेसा
७.१.६ टाढाको बस्तीबाट सम्बन्धित गाउँ/नगरपालिकाको केन्द्र पुग्न लाग्ने अनुमानित समय
७.१.७ वसपार्क तथा वस बिसौनी सम्बन्धी विवरण
७.१.८ जोखिममा रहेका सडक, पुलपुलेसा, कल्भर्ट, सिंचाई कुलो नहर, बाँध आदिको विवरण
७.१.९ स्रोत नक्शा
७.२ विद्युत् तथा वैकल्पिक ऊर्जा
७.२.१ इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)
७.२.२ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार
७.२.३ जलविद्युत्, सौर्य उर्जा, वायु ऊर्जाबाट विद्युत् उत्पादन विवरण
७.२.४ विद्युत् उपलब्ध घरपरिवार विवरण
७.२.५ वैकल्पिक ऊर्जा (लघु जल विद्युत्, सोलार, वायोग्यास, सुधारिएको चुल्हो) प्रयोग गर्ने परिवार
